# चौरजहारी नगरपालिका, सोती घटना छानविन संसदीय विशेष समितिको प्रतिवेदन, २०७७



## संघीय संसद
## नयाँ बानेश्वर, काठमाडौं

सम्माननीय सभामुख महोदय,

संघीय संसद प्रतिनिधि सभाको यस सम्मानित सदनले रुकुम पश्चिम चौरजहारी नगरपालिका, सोतीमा ६ जनाको मृत्यु र १२ जना घाईते हुने गरी घटेको घटनाका सम्बन्धमा अध्ययन अनुगमन गरी यस सम्मानित सदन समक्ष प्रतिवेदन बुझाउँन समिति गठन भई मलाई संयोजकको जिम्मेवारी तोकिएकोमा सम्माननीय सभामुख र यस सम्मानित सदनप्रति आभार व्यक्त गर्दछु। उक्त घटनाको सम्बन्धमा अध्ययन अनुगमन गरी सत्यतथ्य प्रतिवेदन यस सदन समक्ष बुझाउन "चौरजहारी नगरपालिका, सोती घटना छानविन संसदीय विशेष समिति" गठन भएको थियो। उक्त समितिमा दलीय प्रतिनिधित्वको आधारमा प्रतिनिधि सभाका ९ जना माननीय सदस्य रहनुभएको छ। घटनाको छानविन गर्न स्थलगत अध्ययन, अनुगमन र अवलोकन गरी एक महिनाभित्र प्रतिवेदन बुझाउन यस समितिलाई जिम्मेवारी तोकिएको कुरा सम्माननीय सभामुख महोदयलाई अवगत नै भएको व्यहोरा अनुरोध गर्दछु।

यस समितिको गठन पश्चात् २०७७ साल जेठ ३१ गते पहिलो बैठक बसी समितिको कार्यलाई व्यवस्थित एवम् अध्ययन अनुगमन गर्न कार्यविधि पारित गरी घटनाको स्थलगत अनुगमनमा जाने कार्ययोजना सम्माननीय सभामुख महोदयबाट स्वीकृत गराई तोकिएको समयसीमाभित्रै सम्पन्न गरिएको छ। समितिलाई आफ्नो तोकिएको जिम्मेवारी पुरा गरी घटनाका सम्बन्धमा देखिएका सत्यतथ्य विषयहरू समितिमा सहभागी सम्पूर्ण माननीय सदस्यहरूको सर्वसम्मतीबाट यस सम्मानित सदन समक्ष बुझाउन पाउँदा म आफूलाई गौरवान्वित महशुस गरेको छु।

सर्वप्रथम चौरजहारी नगरपालिका, सोतीमा मिति २०७७ साल जेठ १० गते घटेको घटनामा मृत्यु भएका ६ जनाप्रति भावपूर्ण श्रदान्जली व्यक्त गर्न चाहन्छु। घटनाका पीडित परिवारप्रति धैर्य धारणा गर्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना प्रकट गर्दछु। साथै घटनामा घाईते भएका १२ जना युवाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

समितिले उल्लेखित घटनाको अध्ययन गर्ने क्रममा घटनास्थल, जाजरकोट जिल्ला भेरी नगरपालिका, चौरजहारी नगरपालिका, सोती र रुकुम पश्चिम मुसिकोट लगायतका स्थानलाई अध्ययनको कार्यक्षेत्र बनायौं। उक्त घटनासँग सरोकार राख्ने सबै पक्षहरूसँग अध्ययन, अनुगमन, अन्तरक्रिया एवं अनौपचारिक छलफलबाट आएको भनाई समावेश गरी यस प्रतिवेदनमा नदोहोऱ्याई हुबहु राख्ने प्रयत्न गरिएको छ। यस घटनाको वास्तविक अवस्था पत्ता लगाउन यस समितिले आफ्नो अध्ययन तथा अनुगमनको क्रममा सबै विषयलाई समावेश गर्ने अधिकतम प्रयास गरेको छ।

यसै क्रममा घटनाको यथार्थ अनुगमन गर्नका लागि मृतकका परिवारसँगको भेटघाट पश्चात् घटनाका घाईतेहरू सहित घटना घटेको स्थान चौरजहारी नगरपालिका-८, सोतीमा पुगी घटनामा शुरु उद्धार

गर्ने प्रहरीहरू, चौरजहारी ईलाका प्रहरी कार्यालयका प्रहरी प्रमुख, प्रहरी प्रशासन, रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारी, प्रहरी नायव उपरीक्षक सहितको टोलीले घटनास्थलको अवलोकन, अनुगमन गरी औपचारिक रुपमा छलफल तथा अन्तरक्रिया समेत सम्पन्न गर्‍यो।

छानविन समितिले उल्लेखित विषय अध्ययन गर्ने क्रममा पाएका सत्यतथ्य व्यहोरालाई जस्ताको त्यस्तै अध्ययन गरी उक्त घटनामा पीडित पक्षको न्याय स्थापित हुन र दोषीलाई प्रचलित कानून बमोजिम कडा कारवाही हुने कुरामा समिति प्रतिवद्ध छ। अध्ययनको क्रममा समितिले प्राप्त गरेका जिल्ला प्रहरी कार्यालय जाजरकोट र रुकुम पश्चिमबाट गरिएका घटनास्थल प्रकृति मुचुल्का, लाशजाँच मुचुल्का, स्वास्थ्य सेवा कार्यालय जाजरकोटबाट भएको पोष्टमार्टम रिपोर्ट, रुकुम जिल्ला अदालतमा जाहेर गरिएको अभियोगपत्र, समितिले प्राप्त गरेका घटना सम्बन्धी तस्वीरहरू लगायत आवश्यक विषयहरू प्रतिवेदनको अनुसूचीहरूमा समावेश गरिएको छ।

अन्त्यमा, यस घटनाको अध्ययनको लागि हामीलाई सहयोग तथा सुझाव दिनुहुने विशेष गरी जाजरकोट जिल्ला भेरी नगरपालिका, रुकुम पश्चिम चौरजहारी नगरपालिका र सदरमुकाम मुसिकोटका राजनीतिक दल, जनप्रतिनिधिहरू, नागरिक समाज, बुद्धिजिवी, पीडित परिवार, घटनाका प्रत्यक्षदर्शी, घटनाको शुरु उद्धारमा खटिएका प्रहरी लगायत सम्पूर्ण प्रहरी प्रशासन, जाजरकोट र रुकुम पश्चिमका प्रमुख जिल्ला अधिकारी, यस संसदीय विशेष समितिको प्रशासनिक सहयोगमा खटिनु भएका सचिवालयका कर्मचारीहरू, सहयोगी र पत्रकार साथीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी यस संसदीय छानविन समितिको संयोजकमा मलाई जिम्मेवारी दिई बिभिन्न निर्देशन, सहयोग र सहजीकरण गर्नुहुने सम्माननीय सभामुख महोदय, यस छानविन समितिमा रहनुभएका माननीय सदस्यज्यूहरू, सम्पूर्ण माननीय सदस्यज्यूहरू, संघीय संसदका महासचिव, सचिव, संघीय संसद सचिवालयका सचिव, सहयोग गर्नुहुने सम्पूर्ण सचिवालयका कर्मचारीहरू, सरोकार र चासो व्यक्त गर्नुहुने विभिन्न पक्षहरू लगायत सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

(देवेन्द्र पौडेल)
संयोजक
चौरजहारी नगरपालिका, सोती घटना
छानविन संसदीय विशेष समिति

## विषय सूची


१. विषय प्रवेशः ...................................................................................................१

2. अध्ययन अनुगमनको उद्देश्यः.......................................................................... २

३. अध्ययन/अनुगमनका विधिः ........................................................................२

४. अध्ययन अनुगमनको सीमा र क्षेत्रः................................................................३

**सीमाः** 3

**क्षेत्रः**3

५. घटनाको विस्तृत विवरणः ............................................................................ ४

६. मृतक, घाईते र प्रतिवादीहरूको विवरणः ......................................................... ९

**६.१. मृतकको विवरणः**.................................................................................... ९

**६.२. घाईतेहरूको विवरणः** ............................................................................. ९

**६.३. प्रतिवादीहरूको विवरणः**.........................................................................१०

७. घटनाको अध्ययन अनुगमन गर्ने क्रममा सम्बन्धित व्यक्ति, परिवार, संघ/संस्था, सरोकारवाला निकाय तथा कार्यालयबाट बुझिएको व्यहोराः..........................................................................१२

**(क) जाजरकोट जिल्ला**..................................................................................१२

**१. प्रमुख जिल्ला अधिकारी जनकराज पन्तको भनाईः** ............................................१२

**२. प्रहरी नायव उपरीक्षक किशोर श्रेष्ठको भनाईः**...................................................१२

**३. भेरी नगरपालिका नगरप्रमुख चन्द्र प्रकाश घर्ति मगर को भनाईः**.............................१३

**४. खम्बजंग शाह वडा नं. ४ का वडा अध्यक्ष भेरी नगरपालिकाः**...............................१४

**५. मृतक नवराज वि.क. को बुवा मुनलाल नेपाली, आमा उर्मिला वि.क., दिदी सबिता वि.क. र हजुरबुवाको भनाईः**............................................................................................१५

**६. मृतक सञ्जिवको बाबु बलराम र आमा सविता वि.क.को भनाईः**.................................१५

**७. मृतक गणेश बुढामगरको बुवा पदम बुढामगर र दाजु भरत बुढा मगर समेतको भनाईः**..........१६

**८. मृतक टिकाराम नेपालीको बावु शोभे नेपाली र परिवारको भनाई (चौरजहारी रुकुम पश्चिम)ः**.........१६

**९. मृतक लोकेन्द्र सुनारको आमा लक्ष्मी सुनार र परिवारको भनाईः**.................................१७

**१०. मृतक गोविन्द शाहीको दाजु सन्देश शाहीको भनाईः**..............................................१७

**मृतक गोविन्द शाहीको आमाको भनाईः**...........................................................१७

**११. स्थानीय गोताखोर ज्ञानु शर्मा, सुवर्ण रोकाय, हरिभक्त कार्की र खिमराज गिरीको भनाईः**...................१८

१२. जाजरकोट जिल्ला अस्पतालमा कार्यरत डाक्टरहरू महेश सिलवाल, सुनिल पुन, अमिन शाह, औसल सिंह राठौर र रोहित दाहालको भनाईः ........ 18

१३. सोती हत्याकाण्ड संघर्ष समितिका नगेन्द्र शाह, र छवि पन्तको भनाईः ........ १९

१४. नागरिक समाजका अगुवा राजेन्द्र विक्रम शाह र पार्वती वि.क. समेतको भनाईः ........ २०

१५. जिल्ला समन्वय समिति र राजनीतिक दलका प्रतिनिधिहरूको भनाईः ........ २०

१६. जाजरकोट घटनामा रहेका घाईतेहरूको भनाईः ........ २१

(ख) रुकुम पश्चिम, चौरजहारीः- ........ २२

१. घटनामा रहेका घाइते र उद्धारमा संलग्न प्रहरी समेतसँग समितिले गरेको घटनाको स्थलगत अवलोकनः २२

२. सुष्मा मल्लको भाइ लक्ष्मण मल्ल र भाउजू सोनू मल्ल समेतको भनाईः ........ २३

३. चौरजहारी ईलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक धर्मसिंह विष्टको भनाईः ........ २४

४. इलाका प्रहरी कार्यालय चौरजहारीबाट सबै भन्दा पहिला असई सन्तोष लामिछाने सँगै घटनास्थलमा पुगेका प्रहरी जवान श्यामजङ्ग शाहको भनाईः ........ २४

५. चौरजहारी नगरपालिका नगरप्रमुख विशाल शर्माको भनाईः ........ २५

उपप्रमुख राधा रोकाको भनाईः ........ २६

६. मुसिकोटमा प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौडेल र प्रहरी नायव उपरीक्षक ठग बहादुर के.सी.को भनाईः ........ २६

७. सशस्त्र प्रहरी नायव उपरीक्षक धन बहादुर सिंहको भनाईः ........ २७

८. हिरासतको अवलोकन र प्रतिवादी डम्बर बहादुर मल्ल, सन्तोष मल्ल बिर बहादुर मल्ल र प्रकाशी मल्लको भनाईः ........ २७

वडाध्यक्ष डम्बर बहादुर मल्लको भनाईः ........ २७

सन्तोष मल्लको भनाईः ........ २७

बिर बहादुर मल्लको भनाईः ........ २८

सुष्मा मल्लकी आमा प्रकाशी मल्लको भनाईः ........ २८

९. जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायधिवक्ता र सहायक जिल्ला न्यायधिवक्ता ध्रुवमणि ज्ञवाली, केशवराज चपाई र विनोद पौडेलको भनाईः ........ २८

१०. संघर्ष समिति, संयुक्त दलित अधिकार साझा मञ्च तथा नागरिक अगुवाई दिपेन्द्र वि.क.(मुस्कान) वरिष्ठ अधिवक्ता डा. नवराज गौतम समेतको भनाईः ........ २९

11. राजनीतिक दलका प्रतिनिधिहरूको भनाई: ........ ३१

जनता समाजवादी पार्टी राजेश पुन मगरको भनाईः ........ ३१

**नेपाली काँग्रेस जिल्ला सभापति प्रेम प्रकाश वलीको भनाईः** ........ ३१

**ने.क.पा.का महेन्द्र के.सी. (पारसमणी) को भनाईः** ........ ३२

**१२. पत्रकारहरूको भनाईः** ........ 33

(क) गणेश वि.क. "चिन्तन" (अध्यक्ष पत्रकार महासंघ रुकुम) ........ ३३

(ख) महेश के.सी. (कान्तिपुर टि.भी.) ........ ३३

(ग) लोकेन्द्र खनाल (नागरिक दैनिक) ........ ३३

(घ) हरि गौतम (कान्तिपुर दैनिक) ........ ३३

(ङ) सुनिता बुढामगर (मानव अधिकारकर्मी, इन्सेक) ........ ३४

(च) घटनाको अध्ययन गर्न आएको चितवनका रणेन्द्र बराली, विपिन रामुदामी र यम बहादुर वि.क.को भनाईः ........ ३४

**१३. चौरजहारी नगरपालिका वडा नं. ८ की प्रतिबादी सुष्मा मल्लको (हाल भक्तपुर बाल सुधारगृहमा असार १२ गते लिएको) भनाईः** ........ ३४

**१४. संयुक्त राजनीतिक दलित संघर्ष समिति, नागरिक समाज, युवा विद्यार्थी संगठनहरू, विभिन्न अधिकारकर्मी र संयुक्त दलित जातीय महासंघको भनाईः** ........ ३५

८. विज्ञ तथा विशेषज्ञसँग छलफलः ........ ३६

**१. ट्रमा सेन्टरका मेडिकल अधिकृत डा. रुपेश ओड (MBBS MLT Trained) सँग गरिएको छलफलः** ........ ३६

**२. अधिवक्ता गोविन्द बन्दीको भनाईः** ........ ३७

९. घटनाको विश्लेषणः ........ ३७

१०. निष्कर्ष ........ ४२

११. सिफारिस ........ ४५

अनुसूची ........ ४८

# चौरजहारी नगरपालिका, सोती घटना छानविन संसदीय विशेष समितिको प्रतिवेदन

## १. विषय प्रवेशः

रुकुम पश्चिम, चौरजहारी नगरपालिका वडा नं. ८, सोतीमा २०७७ साल जेठ १० गते नवराज वि.क. सहित ६ जनाको मृत्यु र १२ जना युवाहरू घाईते हुनेगरी घटेको विभत्स घटनाको सम्बन्धमा २०७७ साल जेठ १३ गते देखि पटक पटक संघीय संसदको सदनमा उठेका विषयहरूलाई समेत सम्वोधन गर्न नेपाल सरकार गृह मन्त्रालयबाट सह-सचिवको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन भएको थियो। उक्त समितिको गठन पश्चात् पनि आम जनमानसमा सत्यतथ्य छानविन भई पीडितले न्याय पाउने कुरामा आशंका कायमै रही पीडित र सरोकारवाला विभिन्न पक्षहरूबाट आन्दोलन मार्फत सर्वदलीय संसदीय छानविन समिति गठनको माग गरिरहेको र संघीय संसदका माननीय सदस्यहरूबाट समेत संसदीय छानविन समितिको माग भईरहेको अवस्थामा सम्माननीय सभामुख महोदयले उक्त विषयलाई सम्वोधन गर्न र घटनाको अध्ययन अनुगमन गरी सत्यतथ्य पत्ता लगाई कार्य प्रारम्भ भएको मितिले एक महिनाभित्र प्रतिवेदन पेश गर्ने गरी संघीय संसद प्रतिनिधि सभाका माननीय सदस्य देवेन्द्र पौडेलको संयोजकत्वमा संघीय संसद प्रतिनिधि सभा नियमावली २०७५ को नियम १७७ बमोजिम प्रतिनिधि सभाका विभिन्न दलका माननीय सदस्यहरू मा. एकवाल मियाँ, मा.दुर्गा पौडेल, मा.पार्वती कुमारी विशुन्के, मा. प्रकाश रसाईली(स्नेही), मा.बिमला विक, मा.महेश्वर जंग गहतराज(अथक), मा.मीन बहादुर विश्वकर्मा, मा. रामसहाय प्रसाद यादव रहेको ९ सदस्यीय "चौरजहारी नगरपालिका, सोती घटना छानविन संसदीय विशेष समिति" २०७७ साल जेठ २६ गते गठन भएको थियो।

समिति गठन पश्चात् २०७७ साल जेष्ठ ३१ गतेको पहिलो बैठकले कार्यविधि तयार गरी भोलिपल्ट ३२ गते नै उक्त घटनाको स्थलगत अवलोकन, अध्ययन तथा अनुगमन गर्नका लागि घटनास्थलतर्फ प्रस्थान गऱ्यो। समितिले मृतकका परिवारहरू, घटनाका घाईतेहरू, घटनासँग सम्बन्धित जाजरकोट र रुकुम पश्चिम जिल्लाका सम्पूर्ण सरोकारवाला सरकारी कार्यालय, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि, संघर्ष समिति, चासो राख्ने सरोकारवाला विभिन्न पक्ष लगायत मानव अधिकारकर्मीहरूसँग बिभिन्न बैठक तथा अनौपचारिक छलफल, परामर्श गरी उल्लेखित घटनाका सम्बन्धमा सत्यतथ्य पत्ता लगाउने कार्यसम्पन्न गरेको छ। त्यसैगरी समितिले घटनाको यथार्थ अवस्थाको अध्ययन अवलोकन गर्न घटनाका घाईते, बिभिन्न चरणमा घटनास्थल पुगेका सुरक्षाकर्मी, लाश खोज्न खटेका स्थानीय बासिन्दा एवं पौडीबाजहरू, घटनासँग सम्बन्धित अन्य सरोकार राख्ने व्यक्तिहरूसँग छलफल गरी घटनाका सम्बन्धमा यथार्थ जानकारी लिने काम सम्पन्न गरेको छ।

## २. अध्ययन अनुगमनको उद्देश्यः

संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुख महोदयले रुकुम पश्चिम जिल्लाको चौरजहारी नगरपालिका वडा नं. ८, सोतीमा २०७७ साल जेठ १० गते घटेको घटनाको सम्बन्धमा प्रतिनिधि सभाको बैठकमा प्रश्न उठेको र उक्त घटनाको यथार्थ अध्ययन अनुगमन गरी प्रतिवेदन पेश गर्न सदनलाई जानकारी गराए अनुसार प्रतिनिधि सभा नियमावली २०७५ को नियम १७७ बमोजिम संसदीय विशेष समिति गठन भएको थियो। उक्त समितिको अध्ययनको उद्देश्य देहाय अनुसार रहेको छ।

(क) चौरजहारी नगरपालिका सोतीमा घटेको घटनाका सम्बन्धमा स्थलगत अवलोकन गरी सत्यतथ्य विवरण पत्ता लगाउनु।

(ख) घटनाको अध्ययन, अनुगमन तथा छानविनमा देखिएको सत्यतथ्य विवरण तथा सिफारिस सहितको प्रतिवेदन संघीय संसदको प्रतिनिधि सभामा पेश गर्नु।

(ग) यस प्रकृतिका जघन्य घटनाको सत्यतथ्य छानविनका आधारमा पीडितलाई न्याय र अपराधीलाई कानून बमोजिम कारबाहीको सिफारिस गरी आगामी दिनमा यस्ता घटना घट्न नदिनको लागि गर्नुपर्ने कामका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिस गर्नु।

(घ) यस घटनामा देखिएका सरोकारवाला विभिन्न निकायका कमि कमजोरी एवं त्रुटीहरू औंल्याई आगामी दिनमा दोहोरिन नदिन विद्यमान कानूनी प्रावधानको प्रभावकारी कार्यान्वयन गर्दै संस्थागत संरचनाहरूको सुधार, सुदृढीकरण र निर्माण गर्न सिफारिस गर्नु ।

## ३. अध्ययन/अनुगमनका विधिः

समितिले आफ्नो गठन पश्चात् अध्ययन अनुगमनलाई अवलम्बन गरिने कार्यबिधिका सम्बन्धमा २०७७ साल जेठ ३१ गते बैठक बसी कार्यविधि बनाई समितिबाट पारित गरी अध्ययन अनुगमन गर्ने कार्य प्रारम्भ गरेको थियो। समितिबाट पारित विस्तृत कार्यविधि यसै प्रतिवेदनको **अनुसूची २** मा समावेश गरिएको छ। घटनाको अध्ययन गर्ने क्रममा देहाय अनुसारको विधि अबलम्बन गरिएको छ।

१. चौरजहारी नगरपालिका, सोतीमा २०७७ साल जेठ १० गते ६ जनाको मृत्यु र १२ जना गम्भीर घाईते भएको सन्बन्धमा सम्बन्धित घटनास्थल पुगी सत्यतथ्य विवरण पत्ता लगाउन घटनाको स्थलगत अवलोकन गर्ने।

२. घटनासँग सम्बन्धित जाजरकोट, चौरजहारी र रुकुम पश्चिमका सबै सरोकारवाला निकायहरू, प्रहरी प्रशासन, राजनीतिक दल, नागरिक समाज, सरोकारवाला संघर्ष समिति, पीडित पक्ष लगायत सबैसँग घटनाका सम्बन्धमा अन्तरक्रिया गर्ने।

३. घटनामा मृत्यु भएका सम्पूर्ण पीडित परिवारका सदस्यहरूकोमा पुगी उनीहरूको धारणा बुझ्ने।

४. घटनाका घाईते, शुरु उद्धारमा खटिएका सुरक्षाकर्मी, रुकुम पश्चिम, जाजरकोट र चौरजहारीका प्रहरी प्रशासनको सहभागितामा घटनास्थलको विस्तृत अवलोकन तथा अन्तरक्रिया गर्ने।

५. समितिले अध्ययन अवलोकनको क्रममा पाईएका तथ्यगत विवरणहरू तथा उक्त घटनाको छानविन गर्दा अबलम्बन गरिएका कुनै विशिष्ठ प्रकृतिका विषयहरूमा विशेषज्ञहरूको राय सुझाव लिन आवश्यक देखिएमा त्यस्तो विषयमा छलफल तथा अन्तरक्रिया गर्ने।

६. घटनाको अध्ययन अनुगमनमा देखिएका सत्यतथ्य विषय सहितको प्रतिवेदन संघीय संसदको प्रतिनिधि सभामा पेश गर्ने।

## ४. अध्ययन अनुगमनको सीमा र क्षेत्रः

उल्लेखित उद्देश्य, विधि अनुसार घटनाको अध्ययन, अनुगमन तथा छानविन गरी सम्बन्धित निकायमा सिफारिस गर्न देहाय बमोजिमको सीमा र क्षेत्रहरू निर्धारण गरिएको छ।

**सीमाः**

१. स्थलगत अनुगमन तथा अवलोकन गर्ने ।

२. घटनाको सम्बन्धमा तथ्यगत विवरणहरूको संकलन गर्ने।

३. घटनाको कारण पत्ता लगाउने।

४. घटनाको कारण र तथ्यगत आधारबाट विश्लेषण गर्ने।

५. आगामी दिनमा यस्ता घटनाहरू घट्न नदिनका लागि गरिनुपर्ने सुधारहरूका सम्बन्धमा सिफारिस गर्ने।

**क्षेत्रः**

१. घटनाको विषय,

२. घटनास्थल, मिति र समय,

३. घटनाबाट प्रभावित व्यक्ति, समुदाय र निकायहरू,

४. घटनासँग सम्बन्धित व्यक्ति, समूह र निकायहरू,

५. घटना र राज्यका सम्बन्धित निकायहरू,

६. घटनासँग सम्बन्धित वस्तुहरू ।

## ५. घटनाको विस्तृत विवरणः

जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ४ निवासी नवराज वि.क. र रुकुम पश्चिम जिल्ला चौरजहारी नगरपालिका वडा न. ८ निवासी सुष्मा मल्ल बीचमा बिगत २ वर्ष देखि प्रेम सम्बन्ध रहेको तथा उनीहरूबीच बारम्बार सम्पर्क तथा भेटघाट हुने गरेको पाईन्छ। यसै क्रममा जाजरकोट जिल्ला भेरी नगरपालिका, वडा नं. ४ त्रिभुवन उच्च माध्यमिक विद्यालयमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता भएको समयमा २०७५ देखि चिनजान भई मोबाइल तथा सामाजिक सञ्जाल मार्फत निरन्तर सम्पर्क/सम्बन्ध हुने गरेको र पछिल्लो पटक २०७६ पुष १२ देखि १५ सम्म सुष्मा मल्ल मृतक नवराज वि.क. को घरमा समेत बसेको पाईन्छ।

मिति २०७६ चैत्र १७ गते नवराज वि.क. सहित ३ जना सुष्मा मल्लको घरमा भेटघाटको क्रममा गएको र सोही बेला सुष्मा मल्लका परिवारले गाली गलौज, कुटपिट गरी चौरजहारी नगरपालिका वडा नं ८ का वडाध्यक्ष मार्फत ईलाका प्रहरी कार्यालय चौरजहारीमा खबर गरी एक रात चौकीमा राखेको र भोलिपल्ट प्रहरीले वडाध्यक्षलाई छलफलमा बोलाउँदा उपस्थित नभई सम्झाई बुझाई नवराज वि.क.को परिवारलाई जिम्मा लगाई पठाइदिनु भनेको। नवराज वि.क. को आमाको अनुसार "प्रहरीले छलफलमा बोलाउँदा त्यो डुमको मुख हेर्न म आउँदिन त्यसको परिवारलाई जिम्मा लगाई पठाइदिनु" भनी वडाध्यक्ष अनुपस्थित भएको बुझिन्छ ।

घटना घटेको दिन मिति २०७७ जेठ १० गते लकडाउनको समयमा नवराज वि.क. आफ्ना १९ जना साथीहरू सहित सुष्मा मल्लको घरमा बेहुली लिन र काफल खान भनी गएको र उक्त समूहका १ जना (गोपाल बुढाथोकी) बीच बाटोबाटै फर्किएको भन्ने बुझिन्छ। उक्त दिन अपरान्ह ५:०० बजे अठारै जना सुष्मा मल्लको घर भन्दा करिब ५० मिटर तल बाटोमा पुगेको र सोही समयमा सुष्मा मल्लको आमा प्रकाशी मल्लले अपशब्द बोली "तलाई डुम फेरी आईस्, अझै पुगेन, तलाई नमारी छाड्दैन" भनेर वडाध्यक्ष लगायत गाउँलेहरूलाई गुहारेको बुझिन्छ। त्यसपछि बेहुली लिन भनी गएका युवाहरूले अवस्था असामान्य तथा खतरा हुनसक्ने बुझी कुनै प्रतिवाद नगरी आफ्नो घर फर्केको बुझिन आयो। सुष्मा मल्लको घरबाट अन्दाजी ५०० मिटर उत्तर पश्चिम ओरालोमा रहेको मान बहादुर मल्लको घर पुग्दा निज मान बहादुरले "ए केटा हो कहाँ हिडेको?" भनी सोधेपछि "हामी काफल खान हिडेको" भनी युवाहरूले जवाफ दिए र "किन हतार गर्छौ, पानी काफल यही खाउँ, एकछिन बस" भन्दा नचिनेको मानिसले बस, काफल पानी खाउँ भन्दा सशङ्कित भई नरोकीई युवाहरू आफ्नो बाटो लागे।

त्यसपछि युवाहरू आफ्नै सुरमा बाटोमा रहेको मुलको पानी खादै फर्केको र भेरी नदी नजिकैको मध्यपहाडी लोकमार्ग पुग्दै गरेको अवस्थामा चारैतिरबाट जम्मा भएका गाउँलेहरूको जथ्थाले घेरा हाली घरेलु हतियार, आँसी, बञ्चरो, लाठी, ढुङ्गाहरू प्रयोग गरी नवराज वि.क. सहित ६ जनालाई मध्यपहाडी लोकमार्गको जिउलास्थित खोल्सामा कुटिरहेको, अरु २ जनालाई सडकमै कुटपीट गरी नियन्त्रणमा लिएको, ५ जनालाई लखेट्दै गएको समूहले भेरी नदीको बीच भङ्गालोमा र बाँकी ५ जनालाई भेरी नदी पार गरेको अवस्थामा समेत जाजरकोट पट्टी फुटबल खेल्न भनी बसेका रुकुम पश्चिमका मानिसहरूले कुटपीट गरिरहेको अवस्थामा घटनास्थल पुगेका सुरक्षाकर्मीले लोकमार्गबाटै सिट्ठी फुकेपछि कुट्न छोडी भङ्गालोमा रहेकालाई

कुटपीट गर्नेहरूले र भेरी पारी रहेकालाई जाजरकोट प्रहरी चौकीबाट आएका सुरक्षाकर्मीले नियन्त्रणमा लिई चौरजहारी ईलाका प्रहरी कार्यालयबाट आई लोकमार्गको जिउलामा रहेका सुरक्षाकर्मीलाई बुझाएको।

घटनाकै क्रममा चौरजहारी नगरपालिका वडा नं. ८ का वडाध्यक्ष डम्बर बहादुर मल्लले चौरजहारी ईलाका प्रहरी कार्यालयमा अन्दाजी ६:३० बजे खबर गरी सोती गाउँमा झडप भएको बताएको र त्यसपछि असई सन्तोष लामिछाने र प्रहरी हवल्दार रेशम बस्नेत भे.८.प. १९९३ नम्बरको मोटरसाईकलमा घटना भएको भनी बताईएको स्थानमा जाँदा कोहीपनि नरहेकोले पुनः प्रहरी कार्यालयबाट वडाध्यक्षलाई "घटना कहाँ हो? यहाँ त कोहीपनि छैन।" भनी सोध्दा "जिउला जिउला" भनी फोन काटेको। त्यसपछि प्रहरी घटनास्थल पुग्दा नदी पारी ५ जना, नदीको बीचमा ५ जना र मध्यपहाडी लोकमार्गमा २ जनालाई कुटपीट गरिराखेको अवस्थामा प्रहरीले सिट्टी बजाएपछि कुटपीट गर्न छोडेको र घाईतेहरू १२ जनालाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई उपचारको लागि चौरजहारी अस्पताल लगेका मध्ये गम्भीर घाईते २ जनालाई अस्पताल भर्ना गरी बाँकी १० जनालाई उपचार गरी ईलाका प्रहरी कार्यालाय चौरजहारीमा नै राखेको। घटनास्थलमा रहेका आक्रमणकारीहरू भने नियन्त्रणमा नलिई त्यसै छोडिदिएको र तत्कालै कुनै खोजतलाश समेत नगरेको पाईयो। घाईते यूवाहरूले हामीहरू १८ जना आएकोमा ६ जना बेपत्ता रहेको भनी बताउँदा बताउँदै पनि प्रहरीले उनीहरूको सोधपुछ तथा खोजी गर्ने प्रयास नै नभएको पाईयो।

सोही दिन साँझ अन्दाजी ७:१५ बजे जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ४ ढल्लास्थित रुकुम पश्चिम चौरजहारी नगरपालिका वडा नं. ३ अम्बाचौर लामाबगरको झोलुङ्गे पुलतल भेरी नदीको पानीमा ढुङ्गाको साँधमा एक जना पुरुष मानिसको लाश रहेको भन्ने स्थानीयले प्रहरीलाई खबर गरेको। सूचना प्राप्त भएपछि प्रहरी घटनास्थल पुगी सोधपुछ गर्दा उक्त लाश भेरी नगरपालिका वडा नं. ४ रानागाउँका नवराज वि.क.को रहेको र निजका आफन्तहरूले पहिचान गरी सनाखत गरेको।

घटनामा संलग्न बेपत्ता ६ जना मध्ये नवराज वि.क. को लाश फेला परेपछि घटना गम्भीर प्रकृतिको भएको र उक्त घटनाको गम्भीरतालाई बुझी तत्कालै घटनास्थल नियन्त्रणमा लिने, शील गर्ने, बाँकी बेपत्ता ब्यक्तिहरूको खोजी कार्य तीव्र गर्ने, विभत्स घटना घटाउन संलग्न अपराधीहरू भाग्न उम्कन नदिने, घटनामा प्रयोग भएका हातहतियार तथा सामाग्रीहरू एवं अन्य प्रमाणहरू नष्ट हुन नदिन आवश्यक कार्य भएको देखिएन।

भेरी नदीको किनारमा नवराज वि.क. मृत अवस्थामा भेटिएपछि परिवारजन र आफन्तहरू थप चिन्तित भई नवराजसँगै गएकाहरू पनि यसै गरी मारिएको र फालिएको हुनसक्ने आशंकामा स्थानीय गाउँले, पौडीबाज र सुरक्षाकर्मीहरूको सहयोगमा तत्कालै घटनास्थल आसपास एवं भेरी नदीको सम्भावित सबै क्षेत्रमा लाश खोजी कार्य निरन्तर गरेको पाईन्छ।

मिति २०७७ जेठ ११ गते साँझ अन्दाजी ५:३० बजेको समयमा जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. १२ भेरी नदीको बीच भाग, खोचमा १ जना पुरुषको लाश रहेको भनी एक स्थानीय महिलाले दिएको सूचना अनुसार लाशलाई खोजी कार्यमा लागेको स्थानीयवासीहरू र प्रहरी लाश रहेको स्थान नजिकै पुग्दा उक्त लाश भेरी नदीको अप्ठारो खोंचमा रहेकोले सजिलै बाहिर ल्याउन नसकेको। लाशलाई डोरीले बाधी तानेर सोही नजिक बगरमा ल्याई देखाई सनाखत गराउँदा उक्त लाश रुकुम पश्चिम, चौरजहारी

नगरपालिका वडा नं. १ लामिछाने गाउँ बस्ने बर्ष २० को टिकाराम नेपाली रहेको। लाशलाई हेर्दा शरीरको बिभिन्न भागमा गम्भिर प्रकृतिको चोट लागेको, काटिएको, खोर्सिएको र धेरै ठाउँमा दाग, बायाँ कानबाट रगत जस्तो पदार्थ बगिरहेको, आखीभौं नेर धारीलो हतियार प्रयोग गरी काटिएको घाउ रहेको पाईयो।

बेपत्ता भएका ब्यक्तिहरूको खोजी गर्ने क्रममा मिति २०७७ जेठ १२ गते अन्दाजी १७:०० बजेको समयमा जिल्ला सल्यान कुमाख गाउँपालिका वडा नं. १ पाउँकोटको सीमानामा बगिरहेको भेरी नदीको बीचभाग, पानीमा रहेको काठको मुढामा एउटा लाश रहेको भन्ने प्राप्त सूचनाको आधारमा घटनास्थलमा प्रहरी पुग्दा उक्त लाश ऐ.ऐ. वडा नं. ४ बस्ने पदम बहादुर बुढामगरको छोरा गणेश बुढामगरको भएको र लाशको प्रकृति हेर्दा टाउको र शरीरका बिभिन्न भागमा काटिएको, खोर्सिएको गम्भीर प्रकृतिको चोटपटकहरू रहेको पाईयो।

त्यसैगरी खोज्ने क्रममा मिति २०७७ जेठ १४ गते जिल्ला जाजरकोट भेरी नगरपालिका वडा नं. १३ राक्सेस्थित भेरी नदीको चौरजहारी मिसन अस्पताल तर्फको किनारमा ढुङ्गाकोबीच पानीमा एउटा लाश फेला परेको भन्ने सुचना प्राप्त भएपछि खोजी कार्यमा जुटेको स्थानीयहरूले प्रहरीलाई खबर गरेको। प्राप्त सूचना अनुसार घटनास्थलमा प्रहरी पुगी निजको आफन्त तथा स्थानीयहरूको सहयोगमा उक्त लाशलाई डोरीमा बाँधी तानेर तैराएर भेरी नगरपालिका वडा नं. १३ स्थित नदी किनारमा ल्याई राखेको अवस्थामा उक्त लाशलाई पानी बाहिर बगरमा ल्याई हेर्दा त्यहाँ रहेका आफन्त तथा स्थानीयहरूले उक्त लाश जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ११ बस्ने लाल बहादुर सुनारको छोरा लोकेन्द्र सुनारको रहेको बुझियो। उक्त लाशलाई हेर्दा अनुहारमा गम्भीर चोट रहेको, अनुहार र नाक कानबाट रगत बगिरहेको, शरीरका बिभिन्न भागमा चोटहरू रहेको, दाईने आखिभौंको छेउमा धारिलो हतियारले काटेको चोट रहेको र ठाउँठाउँमा बाहिरी छाला खुईलिएको पाईयो।

यसैगरी मिति २०७७ जेठ १५ गते अन्दाजी १४:३० को समयमा घटनास्थलबाट करिब ४२ कि.मि. टाढा जाजरकोट छेडागाउँ नगरपालिका वडा नं. १३ कालाभिर तल भेरी नदीको किनारमा तैरिरहेको अवस्थामा एउटा मृत लाश भेटी प्रहरी चौकी कुदु जाजरकोटलाई खबर गरेको र खटिई आएको प्रहरी समेतले उक्त लाशलाई तानी किनारमा ल्याई त्यहाँ जम्मा भएका आफन्त तथा स्थानीयवासीहरूलाई सनाखतको लागि देखाउदा उक्त लाश भेरी नगरपालिका वडा नं. ४ रानागाउँ बस्ने बलराम वि.क.को छोरा वर्ष १८ को सञ्जु भनीने सञ्जिव वि.क. को हो भनी सनाखत गरेको। उक्त स्थान भिर अप्ठेरो ठाउँ भएकोले लाशलाई स्टेचरमा राखी नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीयले बोकी सो स्थानबाट माथि अन्दाजी ४०० मिटर उत्तर पूर्व छिन्चु जाजरकोट खाडा काला पहाड बाजेको मन्दिर नजिकै ल्याई भुँईमा राखी उक्त लाशलाई उल्टाई पल्टाई हेर्दा अनुहार सुनिएको, कालो भएको, देब्रे आँखा बाहिर निस्किएको, तल माथि दुबैतिर अगाडिका अधिकांश दाँतहरू नरहेको, कानमा बालुवा भएको, शरीरका बिभिन्न भागमा फोकाहरू रहेको, पेटको आकार सामान्य अवस्थामा रहेको, टाउको लगायत शरीरका धेरै ठाउँमा काटेको, गम्भीर प्रकृतिको चोटपटक भएको र ठाउँ ठाउँमा खोस्रिएको मृतकको खिचिएको तस्विरबाट समेत देखिन्छ।

यसैगरी मिति २०७७ जेठ २० गते अन्दाजी १५:०० बजेको समयमा जिल्ला जाजरकोट भेरी नगरपालिका वडा नं. १२ नदीकोबीच सल्यान तर्फको भंगालोमा एकजना पुरुषको लाश उत्तानो परेर रहेको अवस्थामा फेला पारेको भनी स्थानीय र आफन्तले प्रहरीलाई सूचना दिए अनुसार उक्त स्थानमा प्रहरी पुगेपछि स्थानीय पौडीबाजहरूले डोरीले बाँधी ट्युवको सहायताले खोला बगरमा ल्याई देखाउँदा उक्त लाश भेरी नगरपालिका वडा नं. ११ मटेला बस्ने ईन्द्र बहादुर शाहीको छोरा बर्ष १८ को गोबिन्द शाही रहेको बुझिएको। मृतकको अनुहार नदेखिने गरी पुरै कपडाले बेरिएको, घटनास्थलमा खटिएका प्रहरीहरूले कपडा च्यातेर खोली हेर्दा पुरै निलडाम भएको, नाक कुच्चिएको, अनुहार सुनिएको, दात झरेको, घाँटी भाँचिई टाउको सजिलै घुम्ने भएको, शरीरका धेरै ठाउँमा धारीलो हतियारले काटिएका गम्भीर चोटहरू रहेको घटनास्थलमा रहेका स्थानीय उद्धारकर्ता, प्रत्यक्षदर्शी, मृतकको खिचिएका भिडियो र फोटाहरूबाट बुझिन्छ।

घटना भएको दिनदेखि क्रमशः ११ दिनसम्ममा बिभिन्न समय र स्थानमा मृतक ६ जनाकै लाश जाजरकोट जिल्लातर्फ छुट्टा छुट्टै भेटिएको। प्रत्येक लाश भेटी सनाखत भएपछि पोष्टमार्टम रिपोर्टका लागि स्वास्थ्य सेवा कार्यालय जाजरकोट पठाएको पाईन्छ। मृतक नवराज वि.क.को लाश सोही दिन भेटिएता पनि आफन्त, स्थानीयबासी तथा पीडित पक्षले नवराजसँगै गएका अन्य बेपत्ता ब्यक्तिहरू समेत नभेटिएसम्म पोष्टमार्टम गर्न नदिने भनी अबरोध गरेको कारणले तत्काल पोष्टमार्टम हुन सकेन। यसरी लाश राख्दा आवश्यक प्रविधि प्रयोग नगरिएको। टिकाराम सुनारको मात्र लाश घटना घटेको भोलिपल्ट ११ गते अपरान्ह ५:३० बजे भेटिएको र समयमै पोष्टमार्टका लागि पठाईएको पाईन्छ।

घटना घटेपछि बेपत्ता भएका व्यक्तिहरूको खोजी गर्दा जेठ १० गते अन्दाजी १९:१५ बजे नवराज वि.क. को लाश भेटिएको र ११ गते पोष्टमार्टमको लागि पठाईए पनि ३ दिनपछि जेठ १४ मा मात्र पोष्टमार्टम भएको बुझिन्छ। मृतक मध्येका टिकारामको लाश जेठ ११ गते अन्दाजी १७:३० बजे भेटिएको र सोही दिन पोष्टमार्टमको लागि पठाईएको र जेठ १३ मा पोष्टमार्टम भएको। यसै गरी जेठ १२ गते मृतक गणेश बुढामगरको लाश अन्दाजी १७:०० बजे भेटिएको र सोही दिन पोष्टमार्टमको लागि पठाईएको र जेठ १४ मा पोष्टमार्टम भएको। त्यसैगरी मृतक लोकेन्द्र सुनारको लाश जेठ १४ गते अन्दाजी १८:३० बजे भेटिएको र सोही दिन पोष्टमार्टमको लागि पठाईएको र जेठ १५ मा पोष्टमार्टम भएको। त्यसैगरी जेठ १५ गते मृतक सञ्जिव वि.क.को लाश दिनको अन्दाजी १४:३० बजे भेटिएको र सोही दिन पोष्टमार्टमको लागि पठाईएको र जेठ १६ मा पोष्टमार्टम भएको। यसैगरी जेठ २० गते मृतक गोविन्द शाहीको लाश दिनको अन्दाजी १५:०० बजे भेटिएको र सोही दिन पोष्टमार्टमको लागि पठाईएको र जेठ २१ मा पोष्टमार्टम भएको। घटना एकै दिन करिव एक घण्टा जति मात्रमा भएको, लाश फरक फरक दिन भेटिएको, निरन्तर खोजी कार्य गर्दा पनि फरक फरक मितिमा तीनवटा लाश एकै ठाउँमा भेटिनु भप अनुसन्धानको विषय हुन सक्छ।

पोष्टमार्टम रिपोर्ट सही नआएको, स्वास्थ्य सेवा कार्यालय जाजरकोटका चिकित्सकहरूबाट सत्य तथ्य तोडमोड गरेको भनी आक्रोशित पीडितपक्ष एवं घटना पश्चात् संघर्षरत बिभिन्न संघसंस्था, अधिकारकर्मी लगायतका समर्थकहरूले २०७७ साल असार १ गते जाजरकोट जिल्ला सदरमुकाम खलङ्गामा यस समिति पुगेकै दिन आन्दोलनको कार्यक्रम रहेको देखियो। उक्त आन्दोलन नारा जुलुसका साथ जिल्ला

अस्पतालतर्फ जादैं गर्दा प्रहरीले नियन्त्रण गर्ने क्रममा प्रहरीबाट हवाई फायर, अश्रुग्यास तथा लाठीचार्ज समेत भएको। यस घटनामा पुनः मृतकका पीडित परिवारलाई नै प्रहरीले लाठी, बुट समेतले कुटपीट गरी टाउको, हातखुट्टा र शरीरका बिभिन्न भागमा गम्भीर चोटपटक लागि सख्त घाईते भएको कारणले पीडित परिवार आतंकित भई न्याय पाईने विषयमा थप आशंका व्यक्त गरेको देखियो।

समितिले भोलिपल्ट असार २ गते जिल्ला प्रशासन कार्यालयमा पुगी घटनाका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी र प्रहरी नायव उपरीक्षकसँग बुझी सो सम्बन्धमा उनीहरूले भीड नियन्त्रण गर्न अपनाएको सुरक्षा सावधानी तथा सम्भावित घटना हुन नदिन अवलम्बन गरिएको पूर्वतयारी प्रति असन्तुष्टी व्यक्त गर्‍यो। त्यस्तो असावधानीहरू आगामी दिनमा दोहोरिन नदिनका लागि आवश्यक विधिको अवलम्बन गर्न निर्देशन समेत दिएको थियो।

## ६. मृतक, घाईते र प्रतिवादीहरूको विवरणः

### ६.१. मृतकको विवरणः

| क्र.सं. | नाम, थर | आमा/बुवाको नाम | ठेगाना | उमेर (वर्ष) | शव भेटिएको स्थान | घटनास्थल र शव भेटिएको स्थानको दुरी |
|---|---|---|---|---|---|---|
| १. | नवराज वि.क. | उर्मिला वि.क./मुनलाल वि.क. | भेरी नगरपालिका. ४ | २१ | जि.जाजरकोट भेरी नगरपालिका.४ धल्लापुल | ३ कि.मि. |
| २. | गणेश बुढा | पदम बुढा | भेरी नगरपालिका. ४ | २१ | भेरी नगरपालिका. १२ खोदाखोला | २२ कि.मि. |
| ३. | टिकाराम नेपाली | गीता नेपाली/सोभे नेपाली | चौ.न.पा. १ | २० | भेरी नगरपालिका. १२ खोदाखोला | २२ कि.मि. |
| ४. | लोकेन्द्र सुनार | लक्ष्मी सुनार/लाल बहादुर सुनार | भेरी नगरपालिका. ११ | २१ | भेरी नगरपालिका. १३ राक्षे | १३ कि.मि. |
| ५. | सञ्जिव वि.क. | सबिता वि.क./बलराम वि.क. | भेरी नगरपालिका. ४ | १९ | छेडगाड न.पा.१३ | ४२ कि.मि. |
| ६. | गोबिन्द शाही | इन्द्र बहादुर शाही | भेरी नगरपालिका. ११ | १७ | भेरी नगरपालिका. १२ | २२ कि.मि. |

### ६.२. घाईतेहरूको विवरणः

| क्र.सं. | नाम, थर | ठेगाना | चोटपटक र स्वास्थ्य अवस्था |
|---|---|---|---|
| १. | बिभाग पुन | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |
| २. | लाल बहादुर खड्का | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |
| ३. | महेश कार्की | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |
| ४. | आशिष वि.क. | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |
| ५. | ईन्द्रजंग शाह | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |
| ६. | डिल्ली वि.क. | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |
| ७. | भोला बि.सी. | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |
| ८. | सुदिप खड्का | भेरी नगरपालिका.४ जाजरकोट | नाक र मुखमा चोट/उपचार गर्नुपर्ने |
| ९. | मदन शाही | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |
| १०. | गोबिन्द सुनार | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |
| ११. | सुनिल सुनार | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |
| १२ | सरोज भडेल | भेरी नगरपालिका.११ जाजरकोट | चोटपटक/ उपचार गर्नुपर्ने |

## ६.३. प्रतिवादीहरूको विवरणः

| क्र.सं. | नामथर | ठेगाना | बुवाको नामथर | उमेर (बर्ष) | पक्राउ मिति |
|---|---|---|---|---|---|
| १. | डम्बर बहादुर मल्ल | चौ.न.पा. ८ सोती, रुकुम पश्चिम | देवेन्द्र बहादुर मल्ल | ४१ | |
| २. | डिल्ली मल्ल | ऐ.ऐ. | बेद बहादुर मल्ल | ४२ | २०७७/०२/१२ |
| ३. | तुल बहादुर मल्ल | ऐ.ऐ. | नन्नु मल्ल | ५४ | " |
| ४. | बीर बहादुर मल्ल | ऐ.ऐ. | जनक बहादुर मल्ल | ४२ | " |
| ५. | प्रकाशी मल्ल | ऐ.ऐ. | बिर बहादुर मल्ल | ३९ | " |
| ६. | सुष्मा मल्ल | ऐ.ऐ. | बिर बहादुर मल्ल | १७ | " |
| ७. | प्रेम बहादुर ठकुरी | ऐ.ऐ. | बालजंग ठकुरी | ३९ | " |
| ८. | सन्तोष मल्ल | ऐ.ऐ. | यक्ष बहादुर मल्ल | २६ | " |
| ९. | मोहन पुनमगर | ऐ.ऐ. | शक्ति पुन | २८ | " |
| १०. | रमेश मल्ल | ऐ.ऐ. | बिर बहादुर मल्ल | २२ | " |
| ११. | मान बहादुर मल्ल | ऐ.ऐ. | हर्कु मल्ल | ४० | " |
| १२. | टोप बहादुर मल्ल | ऐ.ऐ. | | ३७ | " |
| १३. | बिनोद मल्ल | ऐ.ऐ. | तुलराम मल्ल | २० | २०७७/०२/१५ |
| १४. | दिपेन्द्र चन्द | ऐ.ऐ. | धन बहादुर | १९ | २०७७/०२/१५ |
| १५. | लिपेन्द्र मल्ल | ऐ.ऐ. | बाल जंग ठकुरी | ४५ | " |
| १६. | ईन्द्र बहादुर मल्ल | ऐ.ऐ. | बाल जंग ठकुरी | ४२ | " |
| १७. | हर्क बहादुर मल्ल | ऐ.ऐ. | खम्बु मल्ल | ४६ | " |
| १८. | तिलक चन्द | ऐ.ऐ. | शेर बहादुर चन्द | ३५ | " |
| १९. | विष्णु मल्ल | ऐ.ऐ. | सुरेन्द्र मल्ल | १९ | २०७७/०२/२८ |
| २०. | घमण्ड भनीने प्रतिक मल्ल | ऐ.ऐ. | मिसर मल्ल | १९ | " |
| २१. | नेत्र बहादुर मल्ल | ऐ.ऐ. | नन्नु मल्ल | ४० | २०७७/०२/२२ |
| २२. | रेशम बहादुर मल्ल | ऐ.ऐ. | देवेन्द्र बहादुर मल्ल | ३० | |
| २३. | धनराज राना | ऐ.ऐ. | पृथे राना | २० | |
| २४. | रमित पुन | ऐ.ऐ. | तिलक पुन | २३ | २०७७/०२/२२ |
| २५. | नविन घर्ति | ऐ.ऐ. | नरविर घर्ति | २० | |
| २६. | बिराज पुन | ऐ.ऐ. | धने पुन | २४ | |
| २७. | भिम बहादुर पुन | ऐ.ऐ. | सेते पुन | २२ | |
| २८. | सर्वजित भन्ने सबिन पुन | ऐ.ऐ. | मोते पुन | २४ | |
| २९. | ईन्द्र बहादुर मल्ल | ऐ.ऐ. | टेक बहादुर | ५३ | |
| ३०. | तुलराम घर्ति | ऐ.ऐ. | मान बहादुर घर्ति | ३२ | फरार कायम |
| ३१. | भिम बहादुर बुढा | ऐ.ऐ. | मान बहादुर | ३७ | |

| क्र.सं. | नामथर | ठेगाना | बुवाको नामथर | उमेर (बर्ष) | पक्राउ मिति |
|---|---|---|---|---|---|
| १. | डम्बर बहादुर मल्ल | चौ.न.पा. ८ सोती, रुकुम पश्चिम | देवेन्द्र बहादुर मल्ल | ४१ | |
| २. | डिल्ली मल्ल | ऐ.ऐ. | बेद बहादुर मल्ल | ४२ | २०७७/०२/१२ |
| ३. | तुल बहादुर मल्ल | ऐ.ऐ. | नन्नु मल्ल | ५४ | ” |
| ४. | बीर बहादुर मल्ल | ऐ.ऐ. | जनक बहादुर मल्ल | ४२ | ” |
| ५. | प्रकाशी मल्ल | ऐ.ऐ. | बिर बहादुर मल्ल | ३९ | ” |
| ६. | सुष्मा मल्ल | ऐ.ऐ. | बिर बहादुर मल्ल | १७ | ” |
| ७. | प्रेम बहादुर ठकुरी | ऐ.ऐ. | बालजंग ठकुरी | ३९ | ” |
| ८. | सन्तोष मल्ल | ऐ.ऐ. | यक्ष बहादुर मल्ल | २६ | ” |
| ९. | मोहन पुनमगर | ऐ.ऐ. | शक्ति पुन | २८ | ” |
| १०. | रमेश मल्ल | ऐ.ऐ. | बिर बहादुर मल्ल | २२ | ” |
| ११. | मान बहादुर मल्ल | ऐ.ऐ. | हर्कु मल्ल | ४० | ” |
| १२. | टोप बहादुर मल्ल | ऐ.ऐ. | | ३७ | ” |
| १३. | बिनोद मल्ल | ऐ.ऐ. | तुलराम मल्ल | २० | २०७७/०२/१५ |
| १४. | दिपेन्द्र चन्द | ऐ.ऐ. | धन बहादुर | १९ | २०७७/०२/१५ |
| १५. | लिपेन्द्र मल्ल | ऐ.ऐ. | बाल जंग ठकुरी | ४५ | ” |
| १६. | ईन्द्र बहादुर मल्ल | ऐ.ऐ. | बाल जंग ठकुरी | ४२ | ” |
| १७. | हर्क बहादुर मल्ल | ऐ.ऐ. | खम्बु मल्ल | ४६ | ” |
| १८. | तिलक चन्द | ऐ.ऐ. | शेर बहादुर चन्द | ३५ | ” |
| १९. | विष्णु मल्ल | ऐ.ऐ. | सुरेन्द्र मल्ल | १९ | २०७७/०२/२८ |
| २०. | घमण्ड भनीने प्रतिक मल्ल | ऐ.ऐ. | मिसर मल्ल | १९ | ” |
| २१. | नेत्र बहादुर मल्ल | ऐ.ऐ. | नन्नु मल्ल | ४० | २०७७/०२/२२ |
| २२. | रेशम बहादुर मल्ल | ऐ.ऐ. | देवेन्द्र बहादुर मल्ल | ३० | |
| २३. | धनराज राना | ऐ.ऐ. | पृथे राना | २० | |
| २४. | रमित पुन | ऐ.ऐ. | तिलक पुन | २३ | २०७७/०२/२२ |
| २५. | नविन घर्ति | ऐ.ऐ. | नरविर घर्ति | २० | |
| २६. | बिराज पुन | ऐ.ऐ. | धने पुन | २४ | |
| २७. | भिम बहादुर पुन | ऐ.ऐ. | सेते पुन | २२ | |
| २८. | सर्वजित भन्ने सबिन पुन | ऐ.ऐ. | मोते पुन | २४ | |
| ३२. | डिल्ली घर्ति | ऐ.ऐ. | मान बहादुर घर्ति | ३८ | |
| ३३. | क्यापे भनीने लोकेन्द्र घर्ति | ऐ.ऐ. | गगने घर्ति | २६ | |
| ३४. | सौरभ पुन | ऐ.ऐ. | सहविर पुन | २२ | |

## ७. घटनाको अध्ययन अनुगमन गर्ने क्रममा सम्बन्धित व्यक्ति, परिवार, संघ/संस्था, सरोकारवाला निकाय तथा कार्यालयबाट बुझिएको व्यहोराः

### (क) जाजरकोट जिल्ला

#### १. प्रमुख जिल्ला अधिकारी जनकराज पन्तको भनाईः

मुद्दा अभियोजन भएर अदालत प्रबेश गरिसकेको अवस्था छ। जाजरकोटको प्रहरीले ५ जनालाई समाएर रुकुम प्रहरीलाई बुझाएको हो। रुकुम पश्चिमका मानिसले खेद्दै भेरी नदी वारीसम्म आएको बुझिएको छ। घाईतेहरूसँग बुझ्दा, खेददै तलसम्म आउँदा उक्त घटना भएको भन्ने भनाई छ। पारि गएको भनिएको एकजना नवराजको लाश हो भनी पहिचान भएको। शुरुमा कतिजना गएको भनी राम्रोसँग सोधखोज नै नभएको। त्यो रातीसम्म घटनाको सिनारियो क्लिएर भएन। घटनाबारे सोही दिन राती सोधखोज गरेको भए धेरै कुरा पत्ता लाग्थ्यो। रुकुम प्रहरीले एक जनालाई अस्पताल भर्ना गरी ११ जनालाई हिरासतमा नै ल्यायो र ११ गते जाजरकोट प्रहरीलाई बुझाए। जाजरकोटमा फेला परेका घाईते युवाहरूलाई यताका प्रहरीले नियन्त्रणमा लिएपछि चौरजहारी प्रहरीलाई बुझाउनु गल्ती भएको हो। ती ११ जनालाई मेयरसाबले पुनः अस्पताल लगेर जचाएका हुन्। लाश भेट्ने क्रम जारी रह्यो, सबै लाश जनताले नै भेटेका हुन्। हाम्रो प्रहरी र गोताखोरले भेटेको होईन। गोबिन्द शाहीका दाजुभाईहरूले र त्यहीका गाउँलेहरूले नै भेटेका हुन्। सबै लाश नभेटेसम्म पोष्टमार्टम गर्न नदिने भन्ने उनीहरूको भनाई रह्यो। हामीले सम्झाए पछि परिवारजनको प्रयासमा पोष्टमार्टम भयो।

यो एउटा जघन्य अपराध हो। मुद्दा अनुसन्धान भै कर्तब्य ज्यान, ज्यान मार्ने उद्योग र जातीय भेदभाव मुद्दा दर्ता भएको बुझेको छु। तथ्य, प्रमाण र कारण नै न्यायको आधार हो, आजको आन्दोलन पनि आवश्यक थिएन। मुद्दालाई अतिरञ्जित पार्ने र अनावश्यक चर्काइएको कारणले गर्दा पनि छानविनमा समस्या भएको अवस्था रहेको छ। अधिकारकर्मीका नाममा र सञ्चारकर्मीका नाममा मनपरी गर्न दिनुहुँदैन। पीडितले न्याय पाउनुपर्छ र दोषीलाई कडा भन्दा कडा कारवाही हुनुपर्दछ। यहाँ जातीय विभेद नभएको होईन, कम छ। अब हामीले जातीय भेदभाव होईन, सद्भाव कायम गर्नुपर्छ। १६ वर्षमा नागरिकता दिने, १८ वर्षसम्मलाई नाबालक मान्ने र २० बर्षपछि मात्र विवाह गर्न पाउने कानूनी व्यवस्था नै त्रुटीपूर्ण छ र हाम्रो समाज पनि असहिष्णु छ। पीडित जाजरकोटको र घटनास्थल रुकुम जिल्लाको भएको कारणले पनि अनुसन्धानमा कठिनाई भएको छ।

#### २. प्रहरी नायव उपरीक्षक किशोर श्रेष्ठको भनाईः

घटना भएको दिन अन्दाजी १८:१० बजे घटनाको सम्बन्धमा सञ्चार सेटमा चौरजहारीबाट जानकारी आएको थियो। उक्त सूचना अनुसार जाजरकोट जिल्लाबाट गएका युवाहरूले रुकुम चौरजहारी नगरपालिका, सोतीमा लकडाउनको समयमा आई समूहहुज्जत गर्न खोजेको र गाउँलेहरूले प्रतिकार गरी प्रहरी बोलाई जिम्मा लगाएको र केही युवाहरू त्यतातर्फ

आएको भन्ने खबर प्राप्त भयो। त्यसपछि राउत गाउँस्थित अस्थायी प्रहरी पोष्टका हवल्दारको कमाण्डमा ४ जना प्रहरी भेरी नदीको किनारमा रहेको बगरमा पुगे। त्यहाँ फुटबल खेल्न भनी पहिल्यै देखि बसेका रुकुम पश्चिमका मानिसहरूले पारीबाट भागेर आएका ५ जना युवाहरूलाई कुटिरहेको देखेपछि प्रहरीले सिठ्ठी फुक्दा कुटपीट रोकियो र पारी चौरजहारीबाट आएका भनी पीटाई खाईरहेका उनीहरूलाई नियन्त्रणमा लिई कालेगाउँको पुल हुँदै चौरजहारीस्थित घटनास्थल मध्यपहाडि राजमार्गमा रहेका ईलाका प्रहरी कार्यालय चौरजहारीबाट खटिई आएका सुरक्षाकर्मीलाई बुझाएको। अन्दाजी २०:०० बजेतिर चौरजहारी नगरपालिका, अम्बाचौरको लामाबगर आवत जावत गर्ने झोलुङ्गे पुल तल भेरी नदी पानीमा ढुङ्गाको साँधमा एकजना पुरुषको लाश फेला परेको भन्ने खबर प्राप्त भएपछि मात्र घटनाको वास्तविकता अर्कै रहेको कुरा उक्त लाश भेटिएपछि स्थानीयको भनाई अनुसार हराएका मध्येका एक रानागाउँ निवासी नवराज वि.क. को भएकोले निजको परिवारजनलाई खबर गरी घटनास्थल आई पहिचान भयो। त्यस रात ठुलो पानी परेकोले लाश झिकी बगरमा राखी आफन्तजनहरू सहित सुरक्षाकर्मीले त्यहीं कुरेर बसे। त्यसपछि मात्र बेपत्ता भएका भनीएका बाँकी ५ जनाको खोजी कार्य भयो। पहिला त नदीमा मानिस थिए होलान् भन्ने अनुमान नै थिएन।

भोलिपल्ट ऐ. ११ गते टिकाराम नेपाली, १२ गते गणेश बुढामगर, १४ गते लोकेन्द्र सुनार, १५ गते सञ्जिव वि.क. र २० गते गोबिन्द शाहीको शव फेला परेको हो। शुरुमा लाश प्राप्त गर्ने वित्तिकै स्थानीयहरूको अवरोध र अधिकारकर्मी खगेन्द्र सुनार अनसन बसेको कारणले लाशको समयमै पोष्टमार्टम हुन सकेन। १३ गते मात्र २० जना र २३ गते पुरक जाहेरी समेत गरी २७ जनाको नाममा संयुक्त जाहेरी परेको थियो। मुद्दाको अनुसन्धान भई अभियोजन भएको अवस्था रहेको छ।

**प्रहरी हवल्दार छविलाल पौडेलको( राउत गाउँ प्रहरी पोष्ट, जाजरकोट) भनाईः**

हामी ४ जना गएका हौं। फुटबल खेल्न भनी बसेकाहरूले पारीबाट भाग्दै आएका युवाहरूलाई कुटपीट गरिरहेको अवस्थामा हामी पुगी नियन्त्रणमा लिई रुकुम पश्चिमबाट आई घटनास्थल मध्यपहाडी लोकमार्ग जिउलामा भएका प्रहरीलाई जिम्मा लगाएका हौं।

## ३. भेरी नगरपालिका नगरप्रमुख चन्द्र प्रकाश घर्ति मगर को भनाईः

नवराज वि.क. २१ बर्ष जति भएको छ। चौरजहारी नगरपालिका सोतीको उक्त केटीसँग प्रेम सम्बन्ध भएको सत्य हो। उनीहरूको प्रेम सम्बन्ध करिब २/३ बर्ष जतिको हो। केटी यता आउने र केटा पनि उता गएर बस्ने गरेको रहेछन्, केटीले ३/४ वटा सिम प्रयोग गर्ने गरेको पाईन्छ। नवराजलाई कल मेसेज आएको ठिक हो, केटीले बोलाउँदा एक्लै जान नमानेको तर पछि १०/१२ जना लिएर आउन भनेको। नवराज अत्यन्तै राम्रो स्वभाव, बानी भएको केटा हो। केही समय अगाडि दुर्व्यवहार गरेको भनेर केटालाई

पुलिसको जिम्मा पनि लगाईएको। भाईको मोवाईल प्रयोग गरेर उक्त घटना भएको अघिल्लो दिन १०/१२ जना केटाहरू लिएर आउनु भनेर केटीले बोलाएको र केटा नवराज रनिङ शिल्डमा पनि विजय गर्ने खेलाडी भएकोले आफ्ना खेलाडी साथीहरूलाई खबर गरी धल्लाको पुलमा भेटौला भनेर त्यहाँ १९ जना जम्मा भएको र एक जना बाटोबाटै फर्की १८ जना घुमफिर गर्ने, काफल खान जाने, केटीलाई भेट्ने र फर्कने योजना भएको देखिन्छ। ६ जना एकदमै नजिकको साथीहरू रहेको र तिनीहरू सोती गाउँ घरतलको बाटोमा पुग्ने बित्तिकै डुम भन्ने शब्द प्रयोग गरेको पाईन्छ।

सोती, गोहीरी गाउँ, कोटजहारी र भुभुतीम्लेबाट समेत २०० को हाराहारीमा मानिसहरू आई घेराबन्दी गरी घरेलु हातहतियार, ढुङ्गामुढा प्रयोग गरी कुटपीट भएको छ। नवराज सहित ६ जनालाई मारेर फरक फरक समयमा नदीमा फालेका हुन्। घटनाको मुख्य कारण अन्तरजातीय विवाह गर्न खोज्नु नै हो। तिमीहरूको विवाह सम्भव छैन भनेर मृतक नवराज वि.क. का बावुले भनेको पनि पाईन्छ। त्यहाँ पहिले नै मार्ने योजनामा टोल तयार भएको पाईन्छ। केटाहरूलाई सहजै नियन्त्रणमा लिने अवस्था हुँदाहुँदै पनि मारिएको छ। कसैको अण्डकोष नै फुटाईएको अवस्था रहेको छ। नदीमा पसेका जति सबै बाँचेका छन्। ६ जनालाई पाखामै मारेर फालेका हुन्। पोष्टमार्टम रिपोर्ट गलत छ। उनीहरू मध्ये नवराज उल्टो सुल्टो जस्तो पनि पौडीन सक्ने मानिस हुन् भने अरु २ जना त झन् गोताखोर नै हुन्। त्यसैले हामी जनप्रतिनिधि भएको नाताले ढुक्कसँग भन्न सक्छौं तिनीहरूलाई पाखैमा मारेर नदीमा फालिएको हो।

### ४. खम्बजंग शाह वडा नं. ४ का वडा अध्यक्ष भेरी नगरपालिकाः

लकडाउनको पालना गर्दै घरमा बसीराखेको अवस्था थियो। लाशको प्रकृति हेरे २/३ वटा लाशको पेटमा रत्तिभर पानी थिएन, मृतकको टाउको तथा शरीरमा चोट लागेको छ। घाईतेहरू १२ जना प्रत्यक्षदर्शी छन्। माथिल्लो र तल्लो जात भएर घटना घट्न गएको कुरा त छदैछ केटीलाई पहिला फोन गरेर बोला भनेका रहेछन् सोही समयमा पूर्व योजना बनाई मारिएको छ। एउटालाई मारेपछि अरु सबैलाई मार्ने योजना भएको छ। कोही मरे भनेर र कोहीलाई मारेर फालिएको छ। संसदीय छानविन समिति सर्वदलीय र सर्वपक्षीय भएकोले हामीलाई यस समिति प्रति विश्वास रहेको छ। यस जिल्लाका माननीय मन्त्रीज्यू तथा सांसद किन आउनु भएको छैन? त्यहाँका वडाध्यक्षले प्रमाण मेटाउनको लागि प्रहरीलाई खबर गरेर बोलाएको देखिन्छ। उनीहरूलाई सर्वश्व सहित आजीवन सजाय हुनुपर्दछ।

## ५. मृतक नवराज वि.क. को बुवा मुनलाल नेपाली, आमा उर्मिला वि.क., दिदी सबिता वि.क. र हजुरबुवाको भनाईः

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा मेरो छोरो खेलाडी भएको हुँदा पनि केटी नवराज प्रति आकर्षित भएको। केटीले चौरजहारीमा कोठा लिएर बसेकी थिई, मेरो घरमा रनिङ शिल्ड हुने बेलामा पुष १२ देखि १५ गतेसम्म ४ दिन बसेर गएकी हो। शुरुमा मेरी कान्छी छोरी उत्रै भएको कारणले छोरीको साथी होला भन्ने ठानेको थिएँ, पछि नवराजको कोठामा सँगै बसेको देखेपछि तिमी किन नवराजको कोठामा बसेको तिमी छोरीको साथी हैन र? किन तिमी यहाँ बसेको भनी सोध्दा होईन म त नवराजको साथी हो भनेपछि तिमी मल्लको छोरी नवराज दलितको छोरा भन्दा हामी माओवादी हौं, जातभात मान्दैनौं भनी केटीले भनेकी थिई। तिमीहरूको उमेर पुगेको छैन पुगेपछि विचार गरौला भनेपछि "ओ अंकल मम्मीले जसरी नबोल्नुस्त!" भनेकी।

केटी ईन्द्र बहादुरको भाईको छोरी भएको र ईन्द्र बहादुरको घर यही भएकोले मैले सुष्मा र नवराजका ६ वटा फोटाहरू देखाउँदा उनले के तिमीलाई मल्ल ठकुरीको सम्धी बन्ने ईच्छा छ? भनेर भनेका थिए र घटना घटाउन पनि ईन्द्र बहादुरको पनि ठूलो हात रहेको छ। ९ गते मेरो परिवारले सुनेको, "मेरो पेटमा बच्चा छ तिमी लिन आउ मेरो विवाह अर्कोतिर हुन लागेको छ। ८/१० जना सहित काफल खाने निहुँमा आउनु अनि हामी भागौला" भन्ने सल्लाह भएको रहेछ, म काममा गएको बेला "तिम्रो छोरा पारी गएको छ एउटा छोरालाई पनि राम्रोसँग सम्झाउन सकिदैन पारी केटाहरूबाट पनि खतरा छ" भनेर भनेका थिए। यताउताको झडपले गर्दा भेरीमा हाम फाली मरेको भनेका छन्। म त काम गरी खाने मान्छे काममा पनि जान पऱ्यो, उ पनि खेलाडी भएकोले कुनै काममा गएको होला भन्ने सोचेको थिएँ।

तर यदि झडप भएको भए उताको पनि कोही न कोही घाईते हुने थिए होला नि? साँझ ५:४५ बजे छोरी सवितालाई "बावुको नम्बर देउ तिम्रो भाई घर आयो कि आएन तिम्रो भाईले १६/१८ जना लिएर पारी गएको छ" भनी सोधेको हुँदा मुख्य षड्यन्त्रकारी ईन्द्रबहादुर मल्ल हो।

## ६. मृतक सञ्जिवको बाबु बलराम र आमा सविता वि.क.को भनाईः

हाम्रो छोरालाई कुटीकुटी मारेका हुन्। हाम्रो छोरा त्यसै मर्न सक्दैन। पोष्टमार्टम रिपोर्ट नदीमा हामफालेर मरेको हो भन्ने बनाईएको छ। त्यो कदापि हुन सक्दैन। छोरो कतिवेला कसरी गयो त्यो हामीलाई थाहानै भएन डा. सुनिल पुन (ईन्चार्ज), डा.भुपेन्द्र मल्ललाई कडा भन्दा कडा कारवाही होस्,ढुङ्गामुढा, लाठी, हसियाँको प्रयोग गरेर हाम्रो छोराको मृत्यु भएको छ। दलितहरूको कुनै नियम कानून नै छैन? जनार्दन शर्मा, शक्ति बस्नेत तथा गृह मन्त्री उहाँहरूको मात्रै चल्छ न्याय प्रशासन? के जनार्दन शर्मा भन्दा हाम्रो नेपाल सरकार सानो

रहेको छ? मुद्दा ४१(क) र (ग) मा नलगाई छुटाएको छ। मिडियाले फरक फरक कुरा गरेका छन्, किशोर नेपाल भन्ने मान्छे यहाँ आएकै छैन खोलामा डुबेर मरेको भन्ने भनेछ कस्तो निर्दयी संसार हो? हामीलाई यसरी कुट्दा त अङ्गभङ्ग भएका छौं। हामी न्याय खोज्न पो गएका हौं प्रहरीलाई आक्रमण गर्न गएका त होइनौ नी हाम्रा बच्चा मारिदा कोहीसँग हतियार थिएनन् तर आफ्नो सुरक्षाको लागि आज सबैसँग हतियार छ। त्यसरी हातहतियार र ढुङ्गाले कच्याककुचुक पार्दा कति रोए कराए होलान् ! हे भगवान ! (भावविह्वल मुद्रामा) पोष्टमार्टम गर्ने डाक्टर पैसामा बिकेका छन्। यहाँका प्रमुख जिल्ला अधिकारी र प्रहरी पनि दोषी छ, हाम्रो छोरालाई काटीकाटी मारेका हुन्। त्यो बेला घटनास्थलमा पुगेका प्रहरीले हवाई फायर मात्र गरेको भए पनि त्यति ज्यादा मान्छे मर्ने थिएनन्।

## ७. मृतक गणेश बुढामगरको बुबा पदम बुढामगर र दाजु भरत बुढा मगर समेतको भनाईः

जेठ १० गते मेरो श्रीमती तथा मृतकको आमा काममा गएको बेला मृतक नवराज वि.क.सँग काफल खान तथा व्याउली लिन जाने भनी घरबाट निस्केको पाईन्छ। बेलुका अवेरसम्म नआएको र नवराज वि.क.को लाश फेला परेपछि आफ्नो छोरा समेत मरेको हुन सक्ने शंका उत्पन्न भयो। यसै क्रममा खोजी कार्य हुँदा १२ गते मात्र छोराको लाश पाईयो, शरीरका सबै स्थानमा चोटैचोट लागेको थियो। शरीरमा पाईन्ट बाहेक अन्य लुगा केही नरहेको, रतुवालाई जसरी लखेटी लखेटी ढुङ्गाले हानेर घाईते बनाएको बाख्रा चराउने महिलाले देखिन तर अहिले उनी भन्न डराउछिन, आँखा नभएको, हात भाचिएको छ। लाश भेट्दा पनि एकै ठाँउमा फरक फरक दिनमा भेटिएकोले लाश नियन्त्रणमा राखेर अनुकुलतामा नदीमा फालेको देखिन्छ। लाशमा राजनीति गर्न खोजिएको छ। पोष्टमार्टम रिपोर्ट किन गलत आयो? डाक्टरहरूलाई कारबाही हुनु पर्दछ। हिजो अस्पतालमा बुझ्न जाँदा पीटेर टाउकोमा १० टाँका परेको छ, जिउभर निलडाम छ। कुनैपनि हालतमा अपराधीले मुक्ति पाउनु हुँदैन। यदी त्यस्ता अपराधीले मुक्ति पाउने गरी गलत व्याख्या गरिएर हामी पीडितले सही न्याय पाउन सकेनौं भने हामीलाई पनि ज्यानको माया छैन। हामीले पनि बदला लिन सक्छौं। ४ वटा गाउँका मानिसहरू भेला भै चारैतिरबाट घेरा हाली मारेको अवस्था रहेको छ।

## ८. मृतक टिकाराम नेपालीको बावु शोभे नेपाली र परिवारको भनाई (चौरजहारी रुकुम पश्चिम):

छोरा बुहारी २०७७/०२/१० गते लोकेन्द्र सुनारले फोन गरी बोलाएको थियो। सबै केटीको घरतल पुग्ने वित्तिकै केटीको आमाले तथानाम गाली गर्न थालेपछि केटाहरू फिर्ता भएका रहेछन्। हामीले घटनाको भोलिपल्ट मात्र थाहा पायौं। टिकाराम र लोकेन्द्र एक अर्काका साथी भएको कारणले पनि छोरो त्यहाँ गएको हो। यो घटना मुख्यतया जातीय विभेदले भएको हो। हामी श्रम गरेर खाने मानिस, ससुराली जाजरकोटबाट सोती गएको,

एउटा छोरा र एउटा छोरी छन्, बुहारी बल्ल १८ बर्ष पुगेकी छ, २ बर्षको नातिनी छे, यिनको हेरबिचार कसले गर्ने, हाम्रो केही छैन कसरी अगाडि बढ्ने? अपराधीहरूले छोरालाई कुटेर मारेर भेरीमा फालेका हुन्। हात भाचिएको छ। सबै शरीरमा चोटपटक लागेको छ। लाठी, आँसी, ढुङ्गा जस्ता हतियारहरू प्रयोग गरी मऱ्यो भनी नदीमा फालेका हुन्। अपराधीलाई कडा भन्दा कडा कारबाही होस्। छोरालाई शहिद घोषणा गरियोस्। मेरो छोरो पौडी खेल्न सिपालु थियो पानीमा डुबेर मृत्यु हुन सक्दैन, पोष्टमार्टम रिपोट किन गलत आयो, जसरी पनि तिनी अपराधीलाई कारबाही हुन पऱ्यो। दोषीलाई कारबाही भएन भने ज्यानको बदला ज्यान लिन पनि सक्छौं।

## ९. मृतक लोकेन्द्र सुनारको आमा लक्ष्मी सुनार र परिवारको भनाईः

मृतक नवराज वि.क. र लोकेन्द्र सुनारको आमाहरू दिदी बहिनी रहेको। गोबिन्द शाही र लोकेन्द्र सुनार एक आपसका नजिकका साथी रहेका र लोकेन्द्र सुनारले गोबिन्द शाहीलाई काफल खान जाने भनेर बोलाएको थियो। अपराधीलाई कारबाही गर्ने कुरामा तोडमोड गरिदैछ। पोष्टमार्टम रिपोट कसरी सामान्य भनेर आयो, मेरो छोराको जेठ १४ गते लाश भेटिएको थियो। शरीरमा कुटपीट भएका दाग तथा गम्भीर चोटपटकका घाउहरू रहेका थिए। शरीरबाट रगत बगिरहेको अबस्था छ। जसरी भएपनि ती अपराधीलाई कारबाही हुनु पऱ्यो। हामीलाई कसैले राहत भनेर केही रकम दिएका छन् त्यो रकम हामीले सुरक्षित राखेका छौं। यदि हामीले न्याय पाएनौं भने हामीलाई कसैले पनि दिएको जुनसुकै रकम चाहिंदैन। उनीहरूलाई जन्मकैद हुनु पऱ्यो नत्र हामी पनि तिनीहरूलाई मार्छौं।

## १०. मृतक गोविन्द शाहीको दाजु सन्देश शाहीको भनाईः

उक्त घटनामा बेहोस भएका घाईते भाईहरूको भनाईबाट बल्ल घटनाको बारेमा थाहा भयो। भाई पौडी खेल्न सिपालु थियो। अन्तिममा भाईको लाश भेटिएको हो। गणेश बुढामगर, सञ्जिवको लाश हामीले नै निकालेका हौं। मुचुल्का समितिलाई खबर गरेपछि अन्दाजी ४५ मिनेट पछि उनीहरू आएका हुन्। भाईको तल माथिको दात भाचिएको, मुन्टो भाचिएको घुम्ने थियो तर उक्त कुरा मुचुल्कामा उल्लेख गरिएन। पछाडि ढाडमा डाम थियो। उक्त घटनाको दिन ११ बजे आमासँग काफल खान जान्छु भनेर गएको थियो।

## मृतक गोविन्द शाहीको आमाको भनाईः

अपराधीले मेरो छोरालाई कुटीकुटी मारेका छन्, तिनीहरूलाई जन्मकैद हुनुपर्छ, हामीले न्याय पाउनु पऱ्यो। डाक्टरले किन त्यस्तो रिपोर्ट दिएका हुन्, डाक्टर वकिल तिनीहरू सबै मिलेका छन्। न्याय सबैलाई समान हुनुपऱ्यो। तिनीहरू १२/१५ बर्षमा छुटेर आएभने फेरि मान्छे मार्न सक्छन्।

## ११. स्थानीय गोताखोर ज्ञानु शर्मा, सुवर्ण रोकाय, हरिभक्त कार्की र खिमराज गिरीको भनाईः

मृतक गोविन्द शाहीको पेटमा पानी थिएन, १० दिन पछि भेटिएको लाश पनि मृतक टिकारामको जस्तै थियो। पासा (माछा मार्ने) ले दुवै हात बाधिएको जस्तो देखिन्थ्यो, लाश तान्दा एउटा हात फुत्कियो। सबै लाश हामीले भेट्यौं र निकाल्यौं तर प्रहरीको मुचुल्कामा हामीले देखे भने अनुसार लेखिएन। पटक पटक भन्दा पनि उनीहरूले लेख्न मानेनन्। प्रत्येक लाशको टाउकोमा चोट छ, लाशको प्रकृति एउटै भएको, दाउरा, हँसिया प्रयोग भएको छ। मृतक सञ्जिव वि.क.को एउटा खुट्टामा पाईन्ट नभएको, लाशको प्रकृति एउटै भएकोले यिनीहरू सबैलाई मारिएको छ। अपराधीलाई जन्मकैद हुनुपर्छ।

## १२. जाजरकोट जिल्ला अस्पतालमा कार्यरत डाक्टरहरू महेश सिलवाल, सुनिल पुन, अमिन शाह, औसल सिंह राठौर र रोहित दाहालको भनाईः

लाशहरू समयमा पोष्टमार्टम हुन सकेको थिएन, लाश सडिसकेको थियो। टिकाराम सुनारको बाहेक अन्य लाशबाट पहिचान हुन कठिन रहेको थियो। मुख्य गरी मृतक टिकाराम सुनारको शरीरमा लुगामा बालुवा टाँसिएको थियो। सबै लाशको शरीरमा दायाँ खुट्टाको अगाडि, दायाँ खुट्टा भन्दा तल, वायाँ खुट्टामा, दायाँ घाटिमा, वायाँ कुममा बिभिन्न साना ठुला खोर्सिएका दाग र ७ ठाउँमा काटिएको चोट रहेको थियो। सबैभन्दा ठुलो खोस्रिएको दाग दायाँ खुट्टाको अगाडि ५×१.५ सेन्टिमिटर, सबसे सानो १×०.५ सेन्टिमिटर. जुन दाया घुँडा भन्दा १० सेन्टीमिटर. तल गोली गाठो भन्दा ३२ सेन्टिमिटर. माथि। बायाँ खुट्टामा खोस्रिएको दाग १० वटा सबै भन्दा ठूलो ४×०.५ सेन्टिमिटर. अर्को चोट कोखमा ८×१.५ सेन्टिमिटर, बायाँ कुममा मल्टिपल दागहरू रहेको, अर्को चोट दायाँ आँखामा २×१ सेन्टिमिटर. काटिएको घाउ रहेको, बायाँ आँखामा २×०.५ सेन्टिमिटर.को काटिएको घाउ,जिब्रो सुनिएको थियो।

त्यसैगरी टाउकोको अगाडि र पछाडि रगत जमेको, मुखबाट तरल पदार्थ निस्किएको, पेटमा ५० मिलि खैरो पदार्थ रहेको, फोक्सोमा रगत र पानी मिसिएको, छातीमा र टाउकोको बीचमा रगत नदेखिएको चोट र खोर्सिएको दाग सबै शरीरमा रहेको, छातिको हड्डी भाँचिएको पाईएन, गिदीमा त्यस्तो चोट थिएन, मुख र स्वासनलीभित्र बालुवाका कणहरू रहेको, छातीभित्र २५० मिलिलिटर रगत र अरु पदार्थ मिसिएको रगत रहेको, फोक्सोमा रगत तथा पानी मिसिएर जमेको, ६ बटै लाशमा खोस्रिएका र काटिएका घाउहरू रहेको, सबै लाशको भि.से.रा. टेस्ट को लागि पठाएको। चोटपटकले मात्र मृत्यु हुन नसक्ने मृत्युको कारण Drowning (डुब्नु) रहेको भनी रिपोर्टमा उल्लेख भएको छ। पीडित पक्षले आन्दोलन गरिरहेका छन् नी किन होला भनी समितिले सोध्दा पोष्टमार्टम रिपोर्टबारे पहिले नै मिडियामा आयो। हामीले छ वटै रिपोर्ट एकै पटक दिन्छौ भन्यौ। रिपोर्ट बनिसकेको थिएन यो कुरा

बस्नेत सरको समितिलाई पनि भनिसकेका छौं। हाम्रा पनि केही गल्ति हुन सक्छन्। हामी विज्ञ होइनौ। ५ जनाको टोलीले गरेका हौं। हाम्रो विज्ञताले भ्याएसम्म गरेका छौं। प्राय लाशहरू बेलुका ल्याएको हो र बिहान मात्र पोष्टमार्टम भएको छ। केही लाशहरू समयमा नआएको र आएपछि पनि पोष्टमार्टम समयमा गर्न सकिएन। (जाजरकोट अस्पतालबाट भएको पोष्टमार्टम रिपोर्ट **अनुसूची** ७ मा समावेश गरिएको छ।)

## १३. सोती हत्याकाण्ड संघर्ष समितिका नगेन्द्र शाह, र छवि पन्तको भनाईः

जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ४, रानागाउँका  नवराज वि.क. र रुकुम पश्चिम चौरजहारी नगरपालिका वडा नं. ८ बस्ने सोतीकी सुष्मा मल्लबीचमा विगत २/३ बर्ष देखि प्रेम सम्बन्ध रहेको थियो। पछिल्लो पटक ४ दिन र ३ दिन गरी ७ दिन नवराज वि.क.को घरमा बसेको थिईन्। केटोको परिवारले नवराजको प्रेम सम्बन्धलाई जातीयताकै कारणले मन नपराएको थिए।

२०७७ चैत्र १७ गते नवराज वि.क.लाई केटीको परिवारले गाली गलौज, कुटपीट गरी ईलाका प्रहरी कार्यालयमा बुझाएको र एक रात हिरासतमा राखी भोलिपल्ट मृतक नवराज वि.क.को आमालाई बोलाई जिम्मा लगाएको थियो। २०७७ जेठ १० गते आफ्ना १८ जना साथीहरू सहित सोती गाउँमा ५:०० बजे पुगेको। त्यहाँ उल्लेखित केटाहरू पुग्ने बित्तिकै केटीको आमाले डुम फेरी आईस् तलाई अझै पुगेन अब तलाई नमारी छाड्दैन भनी वडा अध्यक्ष लगायत गाउँलेहरूलाई गुहारेको,वडाध्यक्ष लगायत गाउँलेहरूले घरेलु हतियार, लाठी, ढुङ्गा प्रयोग गरी लखेटी लखेटी नवराज वि.क. लगायत ६ जनालाई मारेर भेरी नदीमा फालेको हुन्। तत्काल प्रहरी संयन्त्र परिचालन भएन, बस्ती किन सिल गरीएन, सरकारी धारणा र निगरानी खोई, मिडियाको कार्य अति भयो।  नवराजको लाश जलाईराखेको बेलामा पीडितसँग अन्तर्वार्ता लिने कार्य भएको छ।

वडाध्यक्षलाई निलम्बन गरिनुपर्छ। प्रहरीको भूमिका के हो? चौरजहारी र जाजरकोट प्रहरी प्रमुखलाई पनि निलम्बन गरी छानविन गरिनुपर्दछ। घटनास्थलमा सहभागी वडाध्यक्ष लगायत १२ जनालाई जिल्ला प्रहरी कार्यालय, मुसिकोट रुकुम पश्चिम पठाएको। घटनास्थलमा संलग्न व्यक्तिहरूलाई तत्काल नियन्त्रणमा लिने प्रयास नगरिएको। १२ जना केटाहरूलाई घाईते अवस्थामा पक्राउ गरी नियन्त्रणमा लिएको। सरकारी वकिल कार्यालयमा मुद्दा दायर हुँदाको अवस्थासम्म घटनाको फोटो भिडियो प्रहरीले उपलब्ध गराएको छैन। गैर जिम्मेवारी तबरबाट कसैलाई प्रभावमा पार्ने उद्देश्यले फोटो भिडियो मिडियामा सम्प्रेषण भएका छन्। स्वास्थ्य सेवामा बस्ने केही डाक्टरहरूलाई मात्र सहभागी बनाईयो, डाक्टरहरूको रिपोर्ट गलत छ। डाक्टरहरूलाई कारबाही गरियोस्। मृतक सबैलाई मारेर फालेको अवस्था हो। हामीलाई यो संसदीय समिति प्रति विश्वास छ। निष्पक्ष छानविन भई दोषीलाई कडा भन्दा कडा कारबाही गरी पीडितलाई न्याय दिन समितिले प्रभावकारी भूमिका रहनेछ भन्ने हामीलाई पूर्ण विश्वास रहेको छ।

## १४. नागरिक समाजका अगुवा राजेन्द्र विक्रम शाह र पार्वती वि.क. समेतको भनाईः

प्रहरीले १२ जनालाई नियन्त्रणमा लिए तर ६ जनाको अवस्था के रहेछ भनी खोज तलाश नगर्दा प्रहरीको गम्भीर त्रुटी भएको छ। डाक्टरले पोष्टमार्टम रिपोटमा घटना लुकाउनलाई लाशको यथार्थता नदेखाई डुबेर मरेको भनेर रिपोर्ट दिएको कारणले पीडित पक्षलाई न्याय पाउने कुरामा ठूलो शंका उत्पन्न गराएको छ। पोष्टमार्टम रिपोर्टमा संलग्न डा. भुपेन्द्र मल्ल प्रतिवादीका नातेदार पनि भएकोले यस्तो हुन गएको पीडित पक्षको बुझाई रहेको छ। मृतकका सबै फोटोहरू मिसिलमा समावेश गराईएको छैन। संसदीय समितिको माग हामीले गरेका हौं, घटनाको यथार्थता लुकाउन खोजिएको छ। सबैलाई कुटेर मारी भेरी नदीमा फालेका हुन्। असई सन्तोष लामिछानेले एउटा घाईते केटा सुदिपलाई आक्रमणकारीबाट खोसेर बचाएका हुन्।

## १५. जिल्ला समन्वय समिति र राजनीतिक दलका प्रतिनिधिहरूको भनाईः

### (क) जिल्ला समन्वय समितिको प्रमुख मानबहादुर रावल र उपप्रमुख ज्ञानीप्रसाद शर्माको भनाईः

यो घटनाको प्रस्थानबिन्दु जातीय विभेद हो। हाम्रा धेरै विभेदहरू अझै बाँकी छन्। त्यसैगरी विपन्नताहरू पनि बाँकी छन्। जातीय विभेद पनि अझै बाँकी छ। घटना घटेको बेलामा हामी गाउँमा थियौं। थाहा पाएपछि तत्काल म सदरमुकाम आए। हामीलाई घटनाको सत्यतथ्य प्रमाणहरू तोडमोड हुन्छन् कि भन्ने आशङ्का छ। को कति संलग्न छन् सबैलाई समाउनु पर्छ। वास्तविक प्रमाणलाई तोडमोड गर्न दिनुहुन्न। अपराधिलाई हदैसम्मको सजाय होस्। डाक्टरको रिपोर्टले निकै सशङ्कित बनाएको छ। आज हामी सर्वदलीय बैठक पनि बस्यौं। बङ्ग्याउन खोजिएका प्रमाणहरू छन् भने यो समितिले सही ठाउँमा ल्याउनुपर्छ। कानूनको पालना भइदिएको भए यो अवस्था आउँदैन थियो। सङ्घर्षले मात्र न्याय पाउने हो भने संविधानको काम छैन।

### (ख) राजनीतिक दलका प्रतिनिधि मुक्ति आचार्य, झकविर रानामगर, यज्ञ बहादुर खत्री, ललित बस्नेत र गोपाल बहादुर नेपालीको भनाईः

यो घटना मुलतः जातीय विभेदको आधारबाट भएको हो। यो यती निन्दनीय पाशवीक तवरबाट भएको छ। न्यूनतम आधारभूत तयारी भएको सहजै अनुमान गर्न सकिन्छ। एउटा कामीको छोरो ठकुरीको छोरीलाई लिन आउँदैछ भनेर योजनावद्ध तवरबाट सबै गाउँलेले उनीहरूलाई चारैतिरबाट घेरा हाली कुटपीट गरी बाहिरै मारी नदीमा फालिएको छ। मृतक सबै केटाहरू पानीमा तैरन सक्षम केटाहरू हुन्। यस जिल्लामा सबै दलहरूको हार्दिकता कायम रहेको छ।

उता चौरजहारीमा उच्च राजनीतिक संरक्षण रहेको छ, छैन भन्न सकिन्न तर त्यहाँका ती अपराधीहरूको मानसिकता हामीहरूलाई केही पऱ्यो भने जोगाईहाल्छन् भन्ने पक्कै

रहेको छ। डाक्टरको पोष्टमार्टम रिपोटले यहाँ शङ्का उब्जाएको छ। भेरीमै हाम फालेको बिषयमा यत्रो समिति आउँदैन। संसदीय समिति आउँदैछ भन्ने थाहा भएर पनि मुद्दा दायर गरिएको छ। हामी जाजरकोटका नागरिक पीडितका आफन्त भएकोले घटनालाई नजिकबाट गम्भीरतापूर्वक लागि राखेका छौं, सबै मृतकको लाशमा चोटपटक तथा कुटपीट गरेका घाउ छन्। सबैको मुख्य गरी टाउकोमा चोट रहेको छ। यस घटनालाई राजनीतिक तथा जातीयताको आधारमा अतिरञ्जित गर्न खोजिएको छ। त्यस्तो अवस्थामा जाजरकोटका जनताले सहेर बस्ने छैनन्।

पीडितले निष्पक्ष न्याय पाउनुपर्छ, यदि निष्पक्ष रुपमा छानविन भई अपराधीलाई कडा कारबाही भएन भने त्यहाँका मानिसको आपराधीक मनोबल बढ्दै जानेछ र यहाँका पीडितले पनि न्याय पाउन सकेनन् भने राज्यको न्याय सम्पादन प्रति असन्तुष्ट पक्षले जस्तोसुकै कार्य गर्न सक्ने हुँदा अराजकता बढ्दै जानेछ। जसले गर्दा जातीय, राजनीतिक, भौगोलिक आधारमा थप द्वन्द्व सिर्जना हुन सक्नेछ। पीडित पक्षबाट भएको कार्य जे जस्तो भएपनि ज्यान लिनुपर्ने गरी अपराध भएको थिएन। हामीलाई यस समितिले उच्चताका साथ कसैको दबावमा नपरी न्यायको दिप मर्न दिनुहुने छैन भन्ने पूर्ण विश्वासका साथ शुभकामना दिन चाहान्छौं।

## १६. जाजरकोट घटनामा रहेका घाईतेहरूको भनाईः

हामी कतिलाई २०७७ साल जेठ १० गते नवराजले फोन गरेर काफल खाने र वेहुली लिन जाने भनी खबर भए अनुसार हामी त्यो दिन करिब ११ बजेतिर आ-आफ्नो घरबाट हिडेका थियौं। हामीहरू सबैजना धल्ला पुलमा जम्मा भएर गएका थियौं। हामी केटीको घर तल करिब १७:०० बजेतिर करिब ५० मिटर तलको बाटोमा सबैजना पुगेका थियौं। हामी पुग्ने वित्तिकै केटीको आमाले यो डुम फेरी आयो, यसलाई अझ पुगेनछ। यिनीहरूलाई सिध्याउनुपर्छ गाउँलेहरूलाई खबर गर्नु भनी वडाध्यक्ष डम्बर बहादुर मल्ललाई फोन गर्न थालेपछि अब हामी यहाँ बस्न हुँदैन भनी सरासर घर जानुपर्छ भनेर फर्कियौं। हामी फर्कने बेलामा बिस्तारै बाटोमा पानी खाँदै काले गाउँको पुल तरेर जाने भन्ने हिसाबले हिड्यौं।

करिब ४५ मिनेट पछि मध्यपहाडी मार्गको सडक सोतीमा आईपुग्ने बेलामा हामीलाई चारैतिरबाट घेरा हालियो, मध्यपहाडी राजमार्ग निर्माण गर्न ल्याएर राखेका सेता, गोला आकारका ठूला ढुङ्गाहरू प्रहार गरियो। हामी मध्यपहाडी लोकमार्गको भेरी नदी नजिकैको तल्लो खण्डसम्म आइपुग्दा १८ जना नै थियौं। त्यहाँ चारैतर्फबाट आक्रमण हुँदा कोही कता कोही कता भागाभाग गर्‍यौं, २ जनालाई हानेर सडकमै समातिहाले, ६ जनालाई घर नजिकैको खोल्सामा हानीराखेका थिए, नदी पारी पुगेका ५ जनालाई पारीबाटै घेरा हाली बेहोस हुनेगरी कुटीएको थियो। भेरी नदीको एउटा भङ्गालो तरेर विच टापुमा पुगेकालाई पनि चौरजहारीतर्फबाट गएकाहरूले पछ्याउदै आएर कुटिरहेका थिए। १ जनालाई १०/१२ जनासम्मले कुटियो। सबैको हातमा चिर्पट दाउरा, बाख्रालाई घास हाल्न

बनाईएको टाट्नोको लाठी, आसी, बञ्चरो लगायतका घरेलु हतियार रहेको थियो। खोँचमा छिरेका ६ जनालाई गाउँलेले समाएर मार्न थालेको, अरु गाउँलेले हेरेर बसेका थिए।

१० जना भेरीमा हाम फालेका हौं, ५ जनालाई पारीगाउँका फुटबल खेल्न भनी बगरमा बसेका मानिसहरूले घेरा हाली पिटेका हुन्। २ जनालाई माथि सडकमा कुटिरहेको अवस्थामा प्रहरीले छुट्याएको हो। पछि प्रहरीले सिठ्ठी बजाएपछि हान्न छाडे, वारी आएकालाई पनि पारी लगी चौरजहारी प्रहरीलाई जिम्मा लगाईयो, प्रहरीले अस्पताल लगेर २ जनालाई भर्ना गरेर बाँकी १० जनालाई चौकीमा ल्याई राखीयो र त्यस दिन बाँकी बेपत्ता ६ जनाको खोजी कार्य भएन, पहिलो लाश नभेटिएसम्म कुनै खोजी कार्य प्रहरी प्रशासनबाट भएन।

## (ख) रुकुम पश्चिम, चौरजहारीः-

### १. घटनामा रहेका घाइते र उद्धारमा संलग्न प्रहरी समेतसँग समितिले गरेको घटनाको स्थलगत अवलोकनः

उक्त घटना घटेको स्थान भेरी नदीको आसपास मध्यपहाडी लोकमार्गको सोती भन्ने स्थानमा रहेको छ। संसदीय समितिले अघिल्लो दिन घटनामा रहेका प्रत्यक्षदर्शी घाइते र उक्त घटनाको शुरुमा उद्धार गर्ने प्रहरीलाई समेत सहभागी गराई घटनास्थलको स्थलगत अवलोकन गर्ने निर्णय गरेको थियो। घटनाको दिन मृतक नवराज बि.क.सँग सहभागी भएर जाने युवाहरू सम्बन्धित केटीको घर नजिक पुगी फर्केर भेरी नदी नजिककै मध्यपहाडी लोकमार्ग नजिक पुग्ने बेलामा माथि सडक निर्माण गर्न भनी राखीएका सेता गोला आकारका ढुङ्गाहरू प्रहार गरेको कुरा त्यस स्थानमा यत्रतत्र छरिएर रहेका ती ढुङ्गाहरू सहजै देख्न सकिन्छ। जबकी १८ जना युवाहरू केटीको घरबाट अन्दाजी ४५ मिनेट पछि मात्र त्यस स्थानमा आइपुग्छन् तब मात्र गाँउलेहरूले चारैतिरबाट घेरा हाली आक्रमण भएको तिनै प्रत्यक्षदर्शी युवाहरूको भनाईबाट बुझनमा आउँछ।

भेरी नदी किनारमा आइपुग्दा पनि आक्रमण भइरहेको। चारैतिरबाट युवाहरूलाई घेरिएको अवस्था रहेको बुझिन्छ। भेरी पारी जाजरकोट पट्टी फुटबल मैदानमा लकडाउनको समयमा कहिल्यै चौरजहारीका मानिसहरू फुटबल खेल्ने नगरेको र त्यस दिन मात्र खेल्न भनी बसेकाले घाइतेहरूको भनाई अनुसार घटना सुनियोजित होइन की भनेर भन्न सकिने अवस्था नरहेको पाइन्छ। मध्यपहाडीको तल्लो भेरीको नजिकको सडक खण्डसम्म त्यस दिन सहभागी सबै युवाहरू आइपुगेको, नवराज सहित ६ जनालाई मध्यपहाडी राजमार्गबाट पिट्दै जिउलास्थित खोल्सामा लग्दै गरेको। त्यही समूहका २ जनालाई लोकमार्गमै पिटेर समातिएको पाइयो। बाँकी १० जना भाग्ने क्रममा भेरी नदीकोबीचको भङ्गालोमा पुगेका ५ जनालाई त्यही लखेट्दै पुगेकाहरूले पिट्दै गरेको र प्रहरीले सिठ्ठी फुकेपछि पिट्नेहरूले नै वारी लोकमार्गमा ल्याएका, भेरी नदी पारी (जाजरकोट पट्टी) बगरमा पुगेका अन्य ५

जनालाई पनि फुटबल खेल्न भनी त्यहाँ जम्मा भएका मानिसहरूले कुटपीट गरिरहेको घाइतेहरूले घटनास्थल देखाउदै हामीलाई बताए।

## २. सुष्मा मल्लको भाइ लक्ष्मण मल्ल र भाउजू सोनू मल्ल समेतको भनाईः

**(क)** **भाइ लक्ष्मण मल्लः-** बेलुका करिब ५ बजेतिर तिनीहरू तल आए। आमा बल्ल (गोरु) बाध्न जानु भएको थियो। ३ जनालाई सोध्न लाग्दा अरु धेरै जना आए। नवराज पनि आएको थियो। मम्मीले गाली गर्नुभयो। "त फेरी पनि किन आईस्" भन्दा अरुले काफल खान आएको भने, छिटो छिटो भन अस्तिको कुटाईले पुगेन भनेर मम्मीले भन्नुभयो। उनीहरूले रफ शब्द बोले, मम्मीलाई हानलान भनेर मैले मम्मीलाई तानेर ल्याएँ। घरमा मम्मी र म मात्र थियौं। पहिलो चोटी आउदा त मम्मीले घरमै बोलाएर सम्झाएको हो, "तिमी विहे गर्छु भन्छौ तर उमेर पुगेको छैन उमेर पुगेपछि विवाह गराईदिउँला" भन्नु भएको थियो। वडाध्यक्षको घर यही तल्लो हो, वडाध्यक्ष र प्रहरी सँगै भ्यानमा आएको हो। भ्यानमै हो? भनी सोध्दा, "भ्यान होकी बाईकमा" पुलिस आए। हामी १६/१७ जना गएका थियौं। ८/९ जना ढुङ्गाखानीमा भएका र पुलमा बाख्रा काटी खान बसेका पनि आएका थिए। ३ जना भागी बगेर मरेका हुन्। यता पट्टी रोडमा २ जना र गाड (नदी) मा ५ जना पक्रिएका हुन्। हल्का हल्का पिटेका हौं। पुल देखि पल्लो पट्टिका केटाले ५ जनालाई पक्रिएका हुन्।। सबैले हातले हानेका छन्, नवराज पहिले पानीमा हाम फालेको हो। फाल्डुनेको कोट्नो छ, त्यहाँ पसेपछि कोही बाच्दैन, २ जनाले सँगै समातेर हाम फालेका हुन्। म पनि नवराजको घर गएर १ हप्ता बसेको हो। नवराजसँग सुष्माको पहिलो प्रेम सम्बन्ध रहेको थियो। नवराज फेसबुकमा मेरो पनि साथी थियो। नवराजको बैनी र सुष्मा पनि साथी साथी हुन्। नवराज आएको दिन बुवा र दाई ढुङ्गा कारखानामा थिए। केटाहरू आउँदै गरेको कुरा दाईले मम्मीलाई भन्नु भएको थियो।

**(ख)** **भाउजू सोनू मल्लः-** वडाध्यक्षलाई फोन मेरो श्रीमानले गऱ्या हुन्। तल जंगलमा विनोद देवरको घर छ। यी १७/१८ जनाले त्यो घरलाई घेरा हालेका थिए। कसले प्रहरी आएको भनिदिएछन्, अनि भाग्न थाले। चौरजहारी डेरा गरी बस्ने हुनाले नवराजको घर गएको हो वा होइन थाहा भएन तर नवराजको जन्मदिनको दिन चाही गएकी हुन्। शनिबारको दिन मात्र घर आउँथिन्। मोबाइल भेरीमा बगेर हरायो भन्थिन तर त्यही मोबाइल नवराजसँग रहेको थाहा भयो। केटाहरू आएको पहिलो सूचना दिने मेरो श्रीमान् रमेश मल्ल हुन्। त्यो दिन म घरमा थिईन। मलाई पनि प्रहरीले सोधपुछको लागि लगेको थियो, भाईलाई पनि सोधपुछ गरी छाडिदियो। नवराजको आफन्तले सन्तान चाहियो भनेका छन्, सुष्माको महिनै पिच्छे मिन्स

हुन्थ्यो। यस विषयमा फेसबुकतिर जथाभावी भनेर मैयाँको चरित्रहत्या गरेका छन्, यिनीहरूलाई के कारवाही हुन्छ?

३. **चौरजहारी ईलाका प्रहरी कार्यालयका प्रहरी निरीक्षक धर्मसिंह विष्टको भनाईः**

२०७७ साल जेठ १० गते ठेकेदारहरूको विवाद मिलाउन पल्लो गाउँ गएको थिएँ। अन्दाजी १८:३० बजे मैले घटनाको जानकारी पाएको हुँ। रुकुम सोतीका वडाध्यक्ष डम्बर मल्लले १७:२० मा ल्याण्डलाइनमा फोन गरेर सोती ढुङ्गा खानीमा बोलाए। तत्काले मोटरसाइकलमा ४ जना ढुङ्गा खानीमा पठाए तर त्यहाँ कोही नदेखिए पछि पुनः सोध्दा वहाँले अत्तालिदै " जिउला, जिउला भनेर फोन काट्नु भयो।" अनि त्यही पठायौं। यदि झगडा भएको हो भने कुट्ने र कुटाई खाने दुवैलाई नियन्त्रणमा लिनु भनि आदेश गरेको थिए। प्रहरी पुग्दा घाइतेहरू डरले कामिरहेका र कुट्नेहरू रिसले कामिरहेका थिए।

त्यसपछि म सिधै घटनास्थलमा अन्दाजी १९:४० मा आएँ, पीडित १२ जना युवाहरूलाई चोट लागेको थियो, रगत बगेको कोरिएको थियो। २ जना बाटैमा थिए, ५ जना बगरमा पुगेका र ५ जना नदी पारी गईसकेका थिए। बाटोमा वडाध्यक्ष र अर्को मानिस देखेको थिएँ, ती अर्का मानिस सुष्माको बुवा रहेछन् तर कुनै बोलचाल भएन उहाँहरू बाइक लिएर निस्कनु भयो। युवाहरू हतास् मनस्थितिमा थिए, सबैलाई हामीले अस्पताल लगेर गयौं, हाम्रो गाडीमा नअट्ने भएपछि केहीलाई सडक पूर्वाधारको गाडीमा ल्यायौं। जाजरकोट प्रहरीले बिना आदेश पीडितलाई रुकुम पश्चिम प्रहरीलाई बुझाएको हो। २ जनालाई भर्ना गरी बाँकीलाई चौकीमा राति ११ बजे तिर लिएर आयौं र बयान लियौं। बयान लिदा लिदै उज्यालो भयो। घटना बुझ्दा फोन सम्पर्क मार्फत जम्मा भएको र मानिस जम्मा गर्न बाइक प्रयोग भएको देखिन्छ, २ वटा बाइक हाम्रो नियन्त्रणमा छन्। सबैले फोन प्रयोग गरेको देखिन्छ, पारीका फुटबल खेल्न गएकालाई पनि फोन गरेको पाईन्छ। म त्यहाँ पुग्दा ती २ जना र केही बाटोमा हिड्ने मानिसहरू मात्र थिए, युवाहरूको अवस्था असामान्य देखेपछि हामीले अस्पताल ल्यायौं। उपचार खर्च उनीहरूले नै तिरे। लेडिजको जस्तो कपडा लगाएको लाश देखेको कुरा स्थानीयले १०० नम्बरमा जाजरकोट पट्टी फोन गरेका रहेछन्। त्यसपछि हाम्रो नियन्त्रणमा रहेकालाई त्यो लाश कस्को होला भनी सोध्दा "सञ्जुको होला उसलाई मात्र पौडिन आउदैनथ्यो" भने। लाश जाजरकोटतर्फ भेटिएकोले उतैको प्रहरीले जिम्मा लियो। हामीले आफ्नो सीमाना सबै खोज्यौं तर केही पाईएन, नदी बगेको जिल्लाहरू सबैलाई खबर पनि गरेका थियौ। बिस्तारै सबै लाशहरू उता जाजरकोटतर्फ नै पाईएकोले पोष्टमार्टम पनि उतै भयो।

४. **इलाका प्रहरी कार्यालय चौरजहारीबाट सबै भन्दा पहिला असई सन्तोष लामिछाने सँगै घटनास्थलमा पुगेका प्रहरी जवान श्यामजङ्ग शाहको भनाईः**

समितिले घटनास्थलको अवलोकन गर्ने क्रममा घटनास्थलमा उपस्थित भई सोध्दा "हामी त्यहाँ पुग्दा अन्दाजी १८:०० बजेको हुनुपर्छ। हामी आइपुग्दा मध्यपहाडी लोकमार्गमा २

जना घाइते अवस्थामा थिए, तल बगरमा १५/२० जनाले पीटिरहेका थिए, मैले सिट्ठी फुके त्यसपछि पीट्न रोकियो। एकछिन पछि पारी जाजरकोट पट्टीबाट पनि ५ जनालाई जाजरकोट पट्टीको प्रहरीले ल्याएर यही मध्यपहाडी लोकमार्गमा हामीलाई बुझाए। वडाध्यक्ष र केटीको बुवा पनि यही निर हुनुहुन्थ्यो। पछि २ जना प्रहरी थपिए।" कति जना थिए भनी प्रश्न सोध्दा "अन्दाजी १५/२० जना बगरमा र ३०/३५ जना सडकमा थिए।"

## ५. चौरजहारी नगरपालिका नगरप्रमुख विशाल शर्माको भनाईः

यो पीडादायी समयमा यहाँहरूलाई स्वागत गर्दछु। जुन हामी चाहदैनथियौ त्यही घटना भयो। देशमा यति ठुलो परिवर्तन भयो, हामी संघीय लोकतन्त्रात्मक गणतान्त्रिक व्यवस्था अबलम्वन गरेको तर यहाँ जातीयताको नाममा यति ठुलो घटना घट्यो जुन दुःखद र पीडादायक छ। घटना जातिय भेदभावसँग जोडिएको हुँदा हामी थप गम्भीर भएका छौं। सरकारले यस घटनालाई यति ठूलो महत्व दिएकोमा खुशी छौं।

हामी भारतबाट आएका व्यक्तिहरूलाई क्वारेन्टीन निर्माण गर्ने कार्यमा लागेका थियौं। पहिला गरेको आँकलन भन्दा बढी मानिस राख्नु पर्ने भएकोले थप क्वारेन्टीन निर्माणको लागि वडाध्यक्ष सहित ५ जनाको समिति बनाएका थियौं। उनीहरू घटना भएको दिन क्वारेन्टीन निर्माण गर्ने कार्यमा व्यस्त थिए। म उक्त दिन यता नगरपालिकाको बजेट निर्माण गर्ने कार्यमा व्यस्त थिएँ, विज्ञहरूको बैठक बसिराखेको अवस्था थियो। त्यही बेला औलमा झगडा हुदैछ भनी अन्दाजी ६:०० देखी ७:०० बजेको बीचमा बडाध्यक्ष डम्बर बहादुर मल्लले फोन गरे। झगडा नगर्नुस है भनी छलफल अगाडी बढाए। त्यो दिन सबै वडाध्यक्षहरूलाई क्वारेन्टीन निर्माण गर्ने कार्यमा खटाएको थिए। त्यो साँझ मलाई केही थाहा भएन। भोलीपल्ट बिहान चन्द्र बहादुर वि.क.ले जानकारी दिएपछि मात्रै थाहा पाए अनि डिएसपीलाई सोधे। म ११ गते मात्र घटनास्थल गएको हुँ। रुकुम पट्टीको व्यक्ति कम परेको हुनाले घटना र पीडितको दबाव कम हुने नै भयो। पोष्टमार्टम गर्ने यस ठाँउमा नभएको र सबै जाजरकोट पट्टी भएकोले यतापट्टी घटनाप्रति त्यति दबाव परेन। घटनाको बारेमा जानकारी भएपछि म पनि पुलिसको साथ लागेर घटनास्थल पुगें। त्यहाँ विवाद हल गर्ने कार्य भैरहेको थियो। घाईतेलाई पुलिसको जिम्मा लगाएर उपचारको लागि पठाएको थियो, ३ दिनपछि २० जना विरुद्ध किटानी जाहेरी परेको थियो। किटानी जाहेरी परेकोहरू सबै पक्राउ परे। ११ गते नै १२ जना शङ्कास्पद व्यक्तिहरू पक्राउ गर्न सहयोग गर्‍यौं। केटीसँग जोडिएको विषय हुनाले ११ गते बिहानै म ई.प्र.का. गएर बुझे। प्रहरीलाई पनि घटनास्थल बारे जानकारी नभएकोले एक अर्काको सहयोगमा काम गर्‍यौ तर हामी दुवैले एक अर्कालाई सहयोगको माग गरेनौं। घटनाको जान्ने बुझ्ने मेरो क्षेत्राधिकार भित्र नपर्ने भएकोले केही खोज्ने बुझ्ने काम गरेन। पक्रने कार्यको अगुवाई प्रहरीले नै गर्‍यो। हामी सहजीकरण गर्ने कार्य गर्‍यौं। वडाध्यक्षले प्रहरीलाई घटना भैरहेको जानकारी गराउनु भएको छ। मृतक नवराज र केटीकोबीच करिब ३ बर्ष देखि प्रेम सम्बन्ध थियो भन्ने सुनेको हुँ।

केही समय पहिले यही विषयमा उमेर बारे विवाद भई ई.प्र.का. चौरजहारीमा मिलापत्र गरी अभिभावकले बुझेर लगेका हुन्।

### उपप्रमुख राधा रोकाको भनाईः

लकडाउनको बेला थियो, समूहमा आएका थिए, दुःखद घटना भयो। मेरो यस घटनाका सम्बन्धमा फरक धारणा छैन, मेयर साबले भनेका सबै कुरामा मेरो सहमत छ। यहाँ अन्तरजातिय विवाह भैराखेको अवस्था पनि छ। केटीको उमेर नपुगेकोले र केटाले जबरजस्ती समेत गर्न खोजेकोले यस्तो गम्भीर घटना हुन पुगेको हो।

## ६. मुसिकोटमा प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौडेल र प्रहरी नायव उपरीक्षक ठग बहादुर के.सी.को भनाईः

२०७७ साल जेठ १० गते १७:०० बजे जिल्ला रुकुम पश्चिम चौरजहारी नगरपालिका, वडा नं. ८ सोती गाउँ भन्ने स्थानमा रहेको बिर बहादुर मल्लको घरमा नवराज वि.क. लगायतका १८ जना युवाहरू आएको देखी निजकी श्रीमती प्रकाशी मल्लले अपमानजनक शब्दहरू बोल्दै युवाहरूलाई गाली गलौज गर्न थालेकी रहिछन्। छिमेकीहरूलाई हारगुहार गरी कराएपछि निज बिर बहादुर मल्लले वडाध्यक्ष डम्बर बहादुर मल्ललाई खबर गरे। पछि १८:०० बजे युवाहरू मध्यपहाडी लोकमार्गतर्फ गईरहेका रहेछन्। गाउँको वरिपरिबाट स्थानीय बासिन्दाले लौरा ढुंङ्गाहरू सहित आक्रमण गरी लखेटेछन्। पछि युवाहरू ५०० मीटर तल बगेको भेरी नदीतर्फ भागेका रहेछन्।

सोही क्रममा स्थानीयहरूले निरन्तर पिछा गर्दै ढुंङ्गा प्रहार गरेपछि ८ जना युवाहरू भेरी नदी वारी बगरको आसपासमा रहेका थिए। अन्य १० जना युवाहरू नदी किनारमा पुगेका जसमध्ये ५ जना नदीमा हाम फाली नदी पार गरेपछि पारी बगरमा रहेका स्थानीयहरूले कुटपीट गरी नियन्त्रणमा लिएका र अन्य ६ जनाको अवस्था सम्पर्क विहिन रहेको। त्यहाँ भएका सबै युवाहरू भेरी नदीमा सहजै पौडी खेल्न सक्ने सबैले भनेको पाईयो। उक्त घटनाका सम्बन्धमा प्रहरीले अनुसन्धान गर्दा यो समयमा प्रतिवादीहरूको बीचमा आक्रमण गर्ने बारे अत्यधिक मात्रामा टेलिफोन सम्पर्क र कुराकानी भएको, सोही दिन १८:०३ बजे नवराज वि.क. को मोबाइलमा बल बहादुर वि.क. को कल आएको र नवराजले "हतारमा छु हतारमा छु" भनी काटेको र १८:०९ बजे नवराजको मोबाइल सम्पर्क विहिन भएको पाइन्छ।

प्रहरीले अनुसन्धान गरी ३४ जना विरुद्ध कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र जातीय छुवाछुत सम्बन्धी मुद्दा दायर भएको, त्यस मध्ये २९ जनालाई प्रहरी हिरासतमा राखिएको र ५ जना फरार रहेका छन्। उक्त घटना अनुसन्धान गर्दा प्रहरीले त्यस घटनामा शंका लागेका सबैको कल डिटेल र पोलिग्राफ टेष्ट गरेको। कारण जातीय नै हो। नवराज, लोकेन्द्र र सञ्जुलाई मार्ने लक्ष्य रहेको र गोविन्द शाही, टिकाराम सुनार र गणेश बुढा

साथ साथमा रहेकोले साक्षी प्रमाण नष्ट गर्ने मनशायले उनीहरूलाई पनि मारिएको हुन सक्ने हाम्रो निष्कर्ष छ। (रुकुम जिल्ला अदालतमा जाहेर भएको अभियोगपत्र **अनुसूची ६** मा समाबेश गरिएकोछ।)

## ७. सशस्त्र प्रहरी नायव उपरीक्षक धन बहादुर सिंहको भनाईः

घटना घटेको प्रमुख जिल्ला अधिकारी मार्फत सोही दिन २१:३० बजे थाहा भयो। घटना पछि लाश खोज्न गोताखोर टोली मगाइयो। स्थानीयसँग मिलेर लाश खोज्यौं। ४ दिन पछि गोताखोर फर्कियो। हामीले उच्च प्राथमिकता दिएका छौं। गोताखोरले बग्ने पानीमा निकाल्ने होइन रहेछ त्यसैले स्थानीयले निकाले।गोताखोर रमेश थापाले लाश प्रकृति सम्बन्धमा दिएको अभिव्यक्ति बारे सचेत गराइएको छ। प्रायः लाश जाजरकोट पट्टी भेटिनुमा जाजरकोट साइटमा सहज हुनु र रुकुमको एरिया छोटो हुनु पनि हो।

## ८. हिरासतको अवलोकन र प्रतिवादी डम्बर बहादुर मल्ल, सन्तोष मल्ल बिर बहादुर मल्ल र प्रकाशी मल्लको भनाईः

२०७७ साल जेठ १० गते घटेको घटनाका सम्बन्धमा समितिले अनुगमनको सिलसिलामा असार ४ गते रुकुम पश्चिमको सदरमुकाम मुसिकोटमा प्रतिवादीहरू राखिएको हिरासतको अवलोकन गऱ्यो। यसै क्रममा उल्लेखित प्रतिवादीहरू मध्ये केहीलाई समितिले छुट्टै बोलाई उनीहरूको भनाई समेत बुझ्ने काम गऱ्यो।

### वडाध्यक्ष डम्बर बहादुर मल्लको भनाईः

म भारतबाट आएका नागरिकलाई अन्दाजी १७:०० बजेसम्म क्वारेन्टीन निर्माण गर्दै थिएँ। २०७७ साल जेठ १० गतेका दिन लकडाउनको समयमा १९/२० जना को ठुलो जमात गाउँ प्रबेश गरेको भनी मलाई फोन आएको थियो। २ जना भन्दा बढी मानिस आउन नदिने भन्ने सूचना थियो, त्यसपछि मैले वडा सदस्य गोरख घर्तीलाई खबर गरे। त्यतिनै खेरी मैले निगरानी गर्नका लागि पुलिसलाई खबर गरे। त्यसैबेला नगर स्वयंसेबक पनि त्यहाँ आए, मैले वडा सदस्यलाई खबर गरी जाने क्रममा बाटाहरू आ-आफ्नै प्रकारले प्रयोग गऱ्यौं र तिनीहरूलाई पछ्याउँदै औलमा पुग्यौं। जाने क्रममा भेरी नदीसम्म १९ जनाको समूह रैछ एकिन थाहा थिएन, खोला तर्ने क्रममा कति बगे एकिन थाहा भएन, ५ जना खोलापारी देखें ५ जना वारीबाट नियन्त्रणमा लिने कार्य भयो। २ जनालाई प्रहरीले बाटैबाट नियन्त्रणमा लियो। २९ जना ३ वटा कोठामा बसेका छौं। मैले प्रेसरको औषधी खाने गरेकोले कहिलेकाही समस्या हुन्छ। खाना नास्ता समयमै पाईरहेका छौं।

### सन्तोष मल्लको भनाईः

घमण्ड(प्रतिक) मल्ल ले फोन गरेको थियो "जाजरकोटका केटा आएका छन् विनोद मल्लकै घर कहाँ हो" भनेर सोधिराका छन्। विनोद मल्ल घरै होलान् भनी म चाँही घरायसी काममा लागें। मैले विनोद मल्ललाई फोन गरे उठेन, पछि उसले कल ब्याक गर्यो र

"अंकल कता हो" भन्यो। म घर छु भने त कता हो भन्दा उसले मान बहादुरको घरमा छु भन्यो। त्यस पछाडि १८ जनाको ठुलो समूह आएको देखें, म पनि गाउँको नागरीक भएकोले गोरेटो बाटो हुदै गएँ, गाउँलेहरूले धपाउदै मध्यपहाडी लोकमार्गसम्म पुगेका थियौं। २ जना सडकमा थिए, ५ जना भेरी पारी र ५ जना भेरीको बीचमा भंगालोमा थिए। ती ५ जनालाई हामीले प्रहरीलाई बुझायौं। जातीय विभेद हाम्रो गाउँमा छैन र भेदभाव पनि भएको छैन।

**बिर बहादुर मल्लको भनाईः**

पहिले छोरी बिग्रिएकी रहेछ, पछि सुध्रिन्छु भन्दा हामीले यस कुरालाई साथ दिएर पछ्याउँदा आज यो घटना हुन पुग्यो। सानो उमेर छ भनेर रोक्यौं तर जान दिनु पर्ने रहेछ, गल्ती भयो भनी रोए। सञ्चार सुविधा भएकोले घरमै आउन पर्ने थिएन। बाटोमा बोलाएर पनि भगाएर लान सक्थ्यो। केटाले जबरजस्ती गर्न आयो र त्यसको प्रतिकार गर्ने क्रममा यस्तो घटना घट्न गयो। पछिल्लो समयमा केटीले केटालाई छोड्न खोजी तर केटाले भने छोड्न चाहेन, केटीलाई मन पर्थ्यो भने अन्त कतै बोलाएर भगाउँन सक्थ्यो, बगेको पानीलाई रोकेर रोक्न सकिने विषय होईन। आजभोलि त सञ्चारको जमाना छ केटाले पिछा लाग्ने काम गऱ्यो। छोरीलाई सुधार गृह लगेको छ भनेको छ, प्रमाण मलाई दिएको छैन। मैले मोबाईल खोसे भन्दैमा उसले अर्को कुनै मोबाईल प्रयोग गरेर पनि कुरा गर्न सक्थी, केटाले जवरजस्ती गर्न खोज्दा प्रतिकारका लागि लखेट्ने क्रममा यस्तो घटना घट्न गएको हो।

मेरो छोरीको कारण यहाँ सबैले दुःख पाएका छन्। श्रीमति प्रकाशी मल्ललाई देखाउदै जातीयताको कुरा उनले गर्छिन भने गर्लिन मैले जातीयता मान्दिन। दिया मल्ल, कुमारी मल्ल मेरो ठुलो दाईको छोरी, माईलदाईको छोरीहरूले अन्तरजातीय विवाह गरी नाती नातीना भाका छन् उनीहरू आउने बस्ने खाने गरेका छन्। त्यस्तो विभेद हामी कहाँ छैन। मैले मध्यपहाडी लोकमार्ग क्रस गरेको छैन।

**सुष्मा मल्लकी आमा प्रकाशी मल्लको भनाईः**

घटना कसरी भयो के भयो मलाई थाहा छैन। केटाहरू घरमुनीको बाटोमा आएको देखे। कहाँका हौ किन आयौं भने। घुम्न आएको भने। उनीहरू २ टिममा आएर १२ जना पुगे। तिमीहरूलाई लकडाउन भन्ने थाहा छैन भने। चैत महिनामा राना गाउँको नवराज आएको, प्रहरीलाई खवर गरी जिम्मा लगाएको। छोरीले गर्दा यहाँसम्म आएको हो।

## ९. जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायधिवक्ता र सहायक जिल्ला न्यायधिवक्ता ध्रुवमणि ज्ञवाली, केशवराज चपाई र विनोद पौडेलको भनाईः

घटना ६:०० देखि ६:३० बजे बीचको हो। यो घटना क्रुर अमानवीय प्रकृतिको भएको छ। घटना घट्नासाथ असई सन्तोष लामिछाने पुगेको देखिन्छ। ३४ जना विरुद्द मुद्दा दायर भएको छ। २९ जना पक्राउ परेका छन्, ५ जना फरार रहेका छन्। उत्तेजित भिडले कुटपीट गरेका छन्। धेरै प्रतिवादीहरू भेला भएका छन्। तिनीहरू मध्ये कसैलाई

जातीय विभेद, मतियार र षडयन्त्रकारी तथा ज्यान मार्ने अभियोगमा मुद्दा दायर भएको छ। प्रतिवादीहरूले प्रमाण नष्ट गर्न प्रशस्त समय पाएको देखिन्छ, प्रहरीले गरेको अनुसन्धानका आधारमा ७८ पानाको त अभियोग पत्र नै छ, जेठ ३२ गते अदालतमा मुद्दा पेश गरेका छौं। भोली देखि थुनछेको बहस छ, ५ जना सरकारी वकिल छौं। अपहरणशैलीमा यो घटना घटाइएको छ। मेरो अनुभव १५ वर्षको भयो, यो सबै भन्दा ठूलो घटना हो। मुद्दाको मुल जरिया जातीय भेदभाव हो भन्ने हाम्रो निष्कर्ष हो, त्यतिका बढी चोट लागेर घाइते भएको मानिस पौडेर बाँच्छु भनी कसरी भेरीमा पस्छ, यही नै शंकास्पद छ। महान्याधिवक्ता कार्यालयमा बोलाएर डा. वस्तीसँग पनि कन्सल्ट गर्नु भएको छ। ६ जनाको हकमा कर्तव्य ज्यान मुद्दा, १२ जनाको हकमा ज्यान मार्ने उद्योग र सबैको हकमा जातीय भेदभावको मुद्दा दायर गरेका छौं।

घटनामा प्रयोग भएका २ वटा मोटरसाईकल प्रहरीले नियन्त्रणमा लिई राखेको २ वटा लाठी घटनास्थलमा भेटेको, बालबालिकालाई सुधारगृहमा पठाईसकेको छ। घटनालाई अन्तर्राष्ट्रिय चासोको रुपमा लिईएको छ। मृतक सबैमा चोटहरू रहेका छन्, जातीय कारणबाट नै घटना घटेको हो। लाठी, ढुङ्गा, हतियार सबै प्रयोग भएको छ। पीडितहरू तथा साक्षीहरूलाई थ्रेट रहेको छ। साक्षी बकाउने बेलामा सुरक्षित तवरबाट ल्याउनु पर्ने हुन्छ, उनीहरूलाई प्रभावमा पार्न सक्ने हुन सक्दछ।

यस मुद्दामा पोष्टमार्टम गर्ने डाक्टरहरूको केहि त्रुटी हुन सक्छ तर उनीहरू मुद्दाका साक्षी भएकोले संरक्षण गर्नु पर्दछ। घटनाका घाइतेहरू यो मुद्दाको भगवान हुन र पहिले घटनास्थलमा पुग्ने प्रहरीहरू नै बलिया साक्षी हुन्। यिनीहरूको संरक्षणमा विशेष ध्यान पुऱ्याउनु पर्दछ।

## १०. संघर्ष समिति, संयुक्त दलित अधिकार साझा मञ्च तथा नागरिक अगुवाई दिपेन्द्र वि.क.(मुस्कान) वरिष्ठ अधिवक्ता डा. नवराज गौतम समेतको भनाईः

### दिपेन्द्र वि.क.(मुस्कान)

हामीले अध्ययन गरेर प्रतिवेदन बनाएका छौं। अरुको प्रतिवेदन वा निष्कर्षसँग नमिल्न पनि सक्छ। यो जातीय विभेद कै कारण घटना घटेको छ। धल्ला पुलबाट आएका केटाहरू फर्किदा काले गाउँको पुलबाट घर जाने निधो गरेको देखिन्छ। उनीहरू जिउदै नदिमा परेका होइनन्, मारेर फालिएको हाम्रो निष्कर्ष छ। अनुसन्धानका लागि खटिएका प्रहरीको भूमिका प्रति हाम्रो आशंका छ। पोष्टमार्टम गर्ने डाक्टरको पर्याप्त बदमासी छ। पानीमा डुबेको भनिएको लाशहरू कुनैमा पनि पानी छैन कसरी हुन्छ? यो घटनालाई कुनै तोडमोड नगरियोस् भयो भने दुर्भाग्य हुने छ। राजनीतिक दलहरू सुतिरहेका छन्, निदाएको अभिनय गरिरहेका छन्। रुकुम जिल्लाले साच्चै आवाज उठायो भने रुकुम मात्र होइन नेपाल भरी नै फैलिन सक्छ, यसको जिम्मा राज्यले लिनु पर्छ।

## वरिष्ठ अधिवक्ता डा. नवराज गौतम

यस घटनामा क्रुर अमानवीय व्यवहारबाट ज्यान गएको छ। टिकाराम नेपालीको बुवा शोभे नेपाली आफै म कहा आएर वकालत गरिदिन भने। जाजरकोट अस्पतालका डाक्टरले सोझै ड्रोनिङ्ग लेखेका छन्, रिपोर्ट प्रति शंका छ। शव परीक्षण प्रतिवेदन ठिक छैन। २९ जनामा आज प्रतिवादीको बयान सकिन्छ। मुद्दाको उठान र अभियोजन ठिक छ। यो जिल्लामा अपराधीलाई राजनीतिक संरक्षण छ। यहाँ रुल अफ ल होइन रुल अफ मोबाइल फोन छ। नेपालको कानून र रुकुमको कानून फरक छ, अरु जिल्लामा यस्तो छैन। यस्तो अन्याय सहेर बसे भने मेरो पिएचडी को के काम? त्यसैले पीडकको पक्षमा बहस गर्न गइन र निःशुल्क पीडितको पक्षमा बहस गर्न आएको हुँ। किशोर नेपाल भन्ने वरिष्ठ पत्रकार हत्याराहरू भएको सोती गाउँमा सुटुक्क बसेर जे पायो त्यही युट्युवमा बोलेको मलाई पटक्कै मन परेको छैन।

## अधिवक्ता मोहन शाह शंकरको भनाईः

म घटना घटे पश्चात् पीडित पक्षलाई कानूनी सहयोग गर्न आएको हुँ र शुरु देखि नै म यहाँ आएर घटना सम्बन्धी अध्ययन गरिरहेको छु। अनुसन्धानलाई पनि अनुसन्धान गर्ने अधिकार यो समितिलाई छ कि छैन? यो घटना जातीय भेदभाव हो कि होइन? यो घटना आकस्मिक हो वा सुनियोजित हो? जुन समयमा घटना घट्यो त्यो समयमा धल्ला पुलमा मान्छे, फुटबल ग्राउण्डमा मान्छे, कालेगाउँमा मान्छे, सबै ठाउँमा मान्छे, लकडाउन अवधिमा कसरी हुन सक्छ? त्यसैले यो सुनियोजित घटना हो। घटनास्थल किन शिल गरिएन? कुकुर किन लगिएन? १० गते राती ८ः०० बजे पछि पहिलो लाश भेटिए पछि भोलील्ट मात्र किन प्रहरी गयो। यसमा सामान्य अनुसन्धान विधिले हुन्न विशेष प्रविधि अपनाउनु पर्छ।

## अधिवक्ता मनिषा रोकायको भनाईः

सबै बयान ईन्कारी छन्। सत्यतथ्य बयान छैन। यो संसदीय समिति छिट्टै आउनुपर्थ्यो। हामीले जसरी हेरेका छौं बयान अदालतमा ईन्कारी छ। प्रतिवादीहरूले "घटनामा हामी थिएनौं, देखेनौं" भनी स्वीकारेका छैनन्। केही मान्छेलाई फसाईदै छ। ३४ जनालाई मुद्दा लगाएको छैन। अभियोगमा मागदावी सही छ। प्रमाणहरू लोप गरिएको छ, प्रतिवादीहरू मध्ये पनि केहीलाई सिकाइएको छ केहीलाई छैन र केहीले कानूनी सहायता पाएका छन्, केहीले पाएका छैनन्। कमजोर युवाहरू फस्दै छन्। निर्दोष फस्दै छन्, दोषी उम्कदै छन्।

## ११. राजनीतिक दलका प्रतिनिधिहरूको भनाईः

### राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष गिरी प्रसाद बुढामगरको भनाईः

भित्र के छ थाहा भएन तर बाहिर सबै राजनीतिक दलको भनाई एउटै छ। दोषीलाई हदै सम्मको कारवाही हुनपर्ने र निर्दोशीलाई नफसाउने। पीडितले न्याय पाउनु पर्छ। घटना सुनियोजित तवरबाट भएको छ। सत्यतथ्य छानविन गरी उचित कारबाही गरीनुपर्दछ। छानविन समितिहरू धेरै बने, यस समितिले जुन प्रतिवेदन तयार पार्दछ, त्यसले सत्यतथ्य आओस्, कामकाजी होस् र व्यवहारमा लागू होस्। हाम्रो रुकुमका राजनीतिक दलले सोचे जस्तो सत्यतथ्य प्रतिवेदन पाओस्।

### जनता समाजवादी पार्टी राजेश पुन मगरको भनाईः

यस घटना न्यायीक तबरबाट समाधान हुनुपर्दछ। घटना के कस्ता समस्याबाट उत्पन्न भएको हो पत्ता लगाउनु पर्दछ। जनता समाजवादी पार्टीले यस घटनाको सम्बन्धमा सत्यतथ्य छानविन गरी पीडितले न्याय पाउनुपर्दछ भनी विज्ञप्ती नै निकाल्यौं र श्रद्धाञ्जली पनि व्यक्त गरेका छौं। त्यस घटनामा दलित जनजाति र ठकुरी क्षेत्रीका केटाहरू मारिएका छन् त्यसैले यो घटना नरसंहार हो। जनार्दन शर्मा रुकुमको मात्रै नेता नभएर गृह मन्त्री भईसकेको व्यक्ति देशकै नेता हो। वहाँले घटनाको सत्यतथ्य नबुझी संसदमा जुन अभिव्यक्ति दिनु भो त्यसैले आज रुकुम जाजरकोट उठेको छ। त्यसकारण यो घटनालाई राजनीतिकरण नगरियोस् भन्ने हाम्रो सुझाव छ। यहाँ यस विषयका सम्बन्धमा ऱ्याली निकाल्ने काम पहिले हाम्रो पार्टीले गरेको हो। पीडितलाई न्याय र अपराधिलाई कारबाही हुनुपर्दछ। जातीय भेदभावको कारणले गर्दा नै यस्तो घटना घटेको हुँदा जातीय भेदभाव विरुद्ध सामाजिक सद्भाव कायम गर्न तर्फ लाग्नु पर्दछ। गरीबी र  दलित समुदायलाई आक्रमण गर्नुको कारण के त? सत्तासीन पार्टीले पनि के बुझिदिन पर्यो भने ठुला नेतामा साढेपन जागेको कारण सांसदमा सत्ताको साढेपन, मेयरमा साढेपन, वडाध्यक्षमा साढेंपन र दलमा पनि साढेंपन भाव बृद्धि हुनाले यो घटना घटेको हो। सत्ता पनि हामीसँग कानूनपनि हामीसँग छ भन्ने बुझिन्छ। साढेपन जागेको छ। यसको अन्त्य गरिनुपर्दछ।

### नेपाली काँग्रेस जिल्ला सभापति प्रेम प्रकाश वलीको भनाईः

केटा र केटीको विगत २ बर्षदेखि प्रेम सम्बन्ध रहेको थियो। केटीको आमाले अपशब्द बोली गाली गरेकी रहिछन्। केटीले लिन आउ भनेर केटालाई बोलाएको पाईयो। त्यसपछि केटीको आमाले यी डुम केटा कति चोटी आउछन् यिनीहरूलाई लकडाउनमा मारेर फाले पनि केही हुदैन भनी कुटपीट भएको हो। वडाध्यक्षलाई प्रहरीले फोन गरेको रहेछ। घाईते भाईहरूको प्रहरीले कुरा सुनेनछ, वडाध्यक्षको मात्र सुनेछ। त्यहाँ अपराधीहरूको उपस्थिति थियो। उनीहरूले दशी प्रमाण नष्ट गर्ने प्रशस्तै समय पाएका छन्। प्रमाण नष्ट भएको छ। २०७७ साल जेठ ११ गते चौरजहारीको मेयर जमानी बसेर वडाध्यक्षलाई लिएर गई १२

गते बुझाएका हुन्। १८ जना मान्छे आएका थिए। प्रहरीले यो घटनालाई गम्भीरताका साथ लिएको देखिदैन। क्वारेन्टिनमा खटिएका स्वयमंसेवक पनि सँगसँगै दौडिएर आक्रमणमा गएको देखिन्छ। पक्राउ परेका ५ र ७ जनाले हामीसँगै आएका ६ जनाको हत्या गरेर भेरीमा फालेका छन् भन्दा भन्दै उनीहरूको खोजी नगरी घाइतेलाई पक्राउ गर्ने तर आक्रमणकारीलाई नपक्रिने यो कसरी भयो? सुनिन्छ पुलिसले २/३ वटा लठ्ठी बरामत गरेको छ रे, त्यत्रो मान्छेलाई २/३ वटा लठ्ठिले पिट्न मार्न सम्भव छ? प्रहरीले पर्याप्त चासो, खोजी नगर्नु आश्चर्य भएको छ। पहिले पीडितले जनार्दन शर्माको अभिव्यक्ति सुनेर रूकुममा जाहेरी गर्न पनि हिच्किचाएका थिए पछि सम्झाई बुझाई गर्दा मानेका हुन्। यहाँ २० वर्ष नपुग्दै विवाह गर्ने चलन ५०/५५ प्रतिशतमा छ, जात नमिले पछि उमेरमा लगेर जोडिन्छ। यहाँ छुवाछुतको धेरै समस्या छैन। दलित केटा, केटीको परिवारलाई स्वीकार थिएन। त्यसै कारणले यो घटना भएको देखिन्छ। विभेदले यो घटना भएको छ। सबैलाई एउटै प्रकृतिको मुद्दा लगाइएको छ। विशेष अनुसन्धान र पहिचान नै गरिएको छैन। मुद्दाको स्वरुप हेर्दा मागदावी हदैसम्मको गर्ने, प्रमाण कमजोर बनाउने चलन छ। अधिवक्ता भक्त बहादुर मल्ल प्रतिवादीका तर्फबाट कानून व्यवसायी रहेको र उनैका छोरा डाक्टर भुपेन्द्र मल्ल जाजरकोट अस्पतालका डाक्टर समेत रहेकोले, पोष्टमार्टम रिपोर्टमा अलिक शंका लागेको छ। यो पोष्टमार्टम पुनः गरियोस्। मुद्धा कमजोर बनाउन खोजिएको छ। मुद्धा अनुसन्धान नहुँदै हेर्नुपऱ्यो।

**ने.क.पा.का महेन्द्र के.सी. (पारसमणी) को भनाईः**

लखेट्ने र लखेटिएका व्यक्ति नै यो घटनाका मुख्य प्रत्यक्षदर्शी सबुत हुन्। हामी सबै सुन्ने जान्ने मात्र हौं। दुई पक्ष नै महत्वपूर्ण छन्, घटना अन्तरजातीय प्रेम सम्बन्धबाट नै भएको प्रष्ट छ। केटा र केटीको बीचमा प्रेम सम्बन्ध छदै थियो की थिएन यो पनि खोजीको विषय हो। केटा र केटीको प्रेम सम्बन्ध हो भने भाग्न सक्थे। अविभावकीय भूमिका गुमेको देखिन्छ। जे जस्तो भए पनि यो घटना घट्नै हो। भौतिक न्याय दिन सम्भव छैन अव दिने कानूनी न्याय नै हो। लकडाउनको समयमा किन १९/२० जनालाई लिएर आउन पर्थ्यो? यो विश्लेशणको पाटो रहेको छ। हाम्रो समाजमा कहीं न कहीं सामाजिक रुपमा रहेको अराजकताको पनि उत्कर्षको रुपमा यो घटना घट्न पुगेको छ। यस संसदीय समितिले आधिकारीक छानविन गरी टुङ्गाउँछ भन्ने कुरा महत्वपूर्ण रहेको छ। बिभिन्न कालखण्डमा समाजमा जातीय सुधारका विषयमा सुधारहरू भएका थिए। हाल आएर सामाजिक तथा जातीय अन्तर्विरोधका कारणले यस्तो जघन्य अपराध घट्न गएको छ। ६ जना मानिसहरू मारिनु अपराधिक घटना भयो तर नेता र ठाउँ विशेषलाई घटनासँग नजोडौं। पीडितलाई अब कानूनी न्याय दिन सकौं र आगामी दिनमा यस्ता घटना हुन नदिने वातावरण बनाउन सकौं भन्ने हाम्रो धारणा छ। समाजले वा केटाकेटीको परिवारले महत्वपूर्ण भूमिका नखेलेको भन्ने विषय पनि महत्वपूर्ण रहेको छ। अन्तरजातीय विवाह भैरहेका छन् जातीय विभेद हाम्रोमा छैन।

## १२. पत्रकारहरूको भनाईः

### (क) गणेश वि.क. "चिन्तन" (अध्यक्ष पत्रकार महासंघ रुकुम)

घटनालाई समाचार बनाउँदा तीन वटा आधारमा ABC (Accuracy, Balance and Crediability) हेर्छौं। यो घटना सुनियोजित हो भन्ने हाम्रो निश्कर्ष छ। यो घटनाको मुल कारण अन्तर जातीय प्रेम सम्बन्ध हो। जातीय जुन तहमा जातिय विभेदका आधारमा बर्बरतापूर्ण सामूहिक हत्या गरियो यो अत्यन्त ठुलो घटना हो। घटनाका दुबै कोणबाट समाचारलाई अतिरञ्जना पनि भएका छन् जसले जातीय सद्भाव भड्काएको छ।

### (ख) महेश के.सी. (कान्तिपुर टि.भी.)

घटनामा प्रहरी चुकेको छ। १२ जना पक्रन जति हतार गऱ्यो, ६ जनाको खोजी किन गरिएन र अभियुक्त पक्रन किन सकेन। मिडियामा आएका सबै कुराहरू सत्य छैनन्, घटनामा आएका मिडियाबाजीहरूको पनि छानविन हुनु पर्छ। जर्नालिज्म भन्दा हिरोईज्म बढी भयो प्रहरी अनुसन्धानलाई समेत नमान्ने गरी हिरोइज्म किन हुनपऱ्यो? नेपालमा युट्युबको दुरुपयोग भएको छ र यीनीहरूबाट खतरा छ। युट्युबमा भएको योसँग सम्बन्धित सबै सामग्री हटाइयोस्।

### (ग) लोकेन्द्र खनाल (नागरिक दैनिक)

अदालतमा विचाराधिन भएको विषय मिडियामा आउँछ भने उनीहरू प्रति पनि छानविन गर्नुपर्दछ। चौरजहारी घटना नितान्त जातीय विभेदको घटना हो। यसमा कुनै दुविधा छैन। हामी पत्रकारले यो घटनाका बारेमा ठोकुवा गरेर भन्न सकिन्न तर हाम्रो समाचारले घटनाको स्वरुप बदलिन सक्छ। मिडियामा आएका सबै कुरा सत्य छैनन्। नाबालकले दिएको बयान हुबहुँ बाहिर आउनाले हामी मिडियाकर्मीलाई अत्यन्तै दुःख लागेको छ। कसरी अतिरञ्जित हुने भन्ने कुराले घटनालाई भयभित बनायो। यूट्युवले भ्यूज बढाउने हो कि समाज बनाउने हो ।

### (घ) हरि गौतम (कान्तिपुर दैनिक)

यो घटना जघन्य अपराध हो। घटनालाई पहिले अत्यन्त सामान्य रुपमा लिएको छ। किनभने १० गते १८:०० बजे घटना घटेको तर ११ गतेको आधाआधि समय वितेपछि मात्र तत्परता देखाएको छ। यो घटना जातीय विभेदकै कारणले भएको हो। ती बालिका केटाको घरमा बसेर आउँदा आपत्ति नहुने तर विवाहको कुरा आउँदा किन आपत्ति भयो। प्रहरीले थाहा नपाएर हो वा सुनियोजित भएकोले घटनालाई सामान्यकरण गरिएको छ। घटनालाई आ-आफ्नै पक्षमा मोड्ने काम भएको छ। घटना रुकुममा घटेको भएता पनि पीडित सबै जाजरकोटका हुनु र लाश सबै

जाजरकोट पट्टि नै भेटिएकोले हामी रुकुमेली पत्रकारहरूलाई क्षेत्रगत सीमाले समस्या पारेको देखिन्छ। यो घटनामा सिधासिधै जातीयता देखिन्छ। यस्तो घटना फेरि हुन नदिन हामी के गर्न सक्छौ, सरकारले कस्तो रणनीति अपनाउनु पर्ला समितिले सिफारिस गरोस्।

### (ङ) सुनिता बुढामगर (मानव अधिकारकर्मी, इन्सेक)

यो समिति त्यही समयमा नै आउनु पर्थ्यो। ढिलो गर्दा बयान अभिव्यक्ति धेरै बदलिएको छ। घटना भएको ३ दिनमा हामी गएका थियौं। मानिसहरूलाई हामीसँग बोल्न असजिलो भएको थियो, के भन्ने कसो भन्ने भनी उनीहरू बोल्न चाहँदैन्थे। सोती घटनामा विभेद नै कारण देखिन्छ। विभेदका छिट्टाहरू अझै पनि छन्। नवराज अरु जातको भएको भए यस्तो हुँदैन्थ्यो कि? मुद्दा कतै कमजोर हुन्छ कि भन्ने देखिन्छ।

### (च) घटनाको अध्ययन गर्न आएको चितवनका रणेन्द्र बराली, विपिन रामुदामी र यम बहादुर वि.क.को भनाईः

घटना सुनियोजित हो। घटना जातीय विभेदले भएको छ। यो घटनासँग सम्बन्धित प्रमाण नष्ट गर्न लागिएको छ। घटनालाई कमजोर बनाउने खेल भएको छ। प्रमाणहरू नष्ट गराएर शिथिल बनाउने काम भएको छ। यस समितिले पुनः परिभाषित गरेर जानेछ। घटनालाई निन्दा गर्दै दोषीलाई कारबाही गर्न नीति निर्माण गर्ने ठाउँबाट प्रमाणहरू बलियो बनाएर लैजान सबै पक्षको ध्यान जाओस् भन्ने हाम्रो माग छ। यो घटनाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसको विषय बनेको छ। विद्यमान प्रमाणहरू कसरी बलियो बनाएर जाने हो। फेरी दलितहरू उठ्नुपर्ने कुरा छ। जघन्य अपराध भएको छ। घटनामा दाँत, हात भाचिएको छ। घटनास्थल मुचुल्का प्रष्ट नआएको अवस्था छ। दलितहरूको अधिकारलाई संरक्षण गर्ने एउटा संरचमा बनाएर अगाडि बढ्नु पर्दछ।

## १३. चौरजहारी नगरपालिका वडा नं. ८ की प्रतिबादी सुष्मा मल्लको (हाल भक्तपुर बाल सुधारगृहमा असार १२ गते लिएको) भनाईः

घटनाको बारेमा मलाई थाहा भएन, म भित्र टिभि हेरिराखेको थिए। आमा कराएको सुने, मैले कहिल्यै पनि बोलाएको थिइन। पहिला ३ चोटी आएका थिए। यो चौथो पटक पनि मैले बोलाएको होईन। मैले उसको जात के हो भनेर कहिल्यै सोधिन, फेसबुकमा कुमाल भन्ने लेखेको थियो। मैले पछि उसको भिनाजुसँग सोधेर मात्र थाहा पाएँ। म नवराजकोमा गएको हो, सुष्मिता, पुजा र म एउटै कोठामा सुतेको हो। माई लभ भनेर मेरो फोटो हालेर ट्याग गरेको रहेछ। उसको बर्थडेमा उसको घरमा गएको थिएँ। त्यो दिन सँगै सुतेको हुँ। मैले उसलाई माया गर्थे तर अहिले पढ्ने उमेर हो, म आफ्नो खुट्टामा आफै उभिएपछि ६/७ वर्ष पछि विहे गरौला भनेको हो। अव मैले ममी ड्याडीलाई खुशी पार्न चाहन्छु।

पहिले मैले उसलाई धेरै माया गरेको हुँ तर उसको बानी पछि ठिक लागेन, मैले उसलाई धेरै सम्झाएँ, पहिलो चोटी उ हाम्रो घर आउँदा ममीले सम्झाएर पठाउनु भएको हो। त्यस बेला हुन्छ आन्टी म गर्दिन भनेको थियो। फेरी दोस्रो पटक सञ्जुसँग आएको थियो। बच्चा छ भन्ने विषय उहाँहरूले भन्नु भएको सही होईन, म मिन्स भैसकेको छु, अहिलेसम्म २ चोटी भैंसके। जेठ ८ गते म्यासेन्जरमा झगडा भएको थियो। त्यस दिन म्यासेन्जरमा तँ कामी, डुम अनि तँसँग मेरो हुँदैन म ठकुरीको छोरी भनेर बेसरी गाली गरेको थिए।

उसको बानी व्यहोरा ठिक लागेन जहाँ गएपनि जोसँग नि झगडा गर्ने, मलाई पनि त उसले २/३ बर्ष त माया गर्ला त्यसपछि त मलाई पनि त उस्तै व्यबहार गर्छ। उ त्यस दिन आउने बेलामा धल्ला पुलमा आएर एउटा भाई शालिकराम चन्दलाई फोन गरेर हामी आउँदैछौ भनेको रहेछ। उसले पनि हामीलाई कुनै खवर गरेन। भनेको भए त्यति बेला पुलिसलाई खबर गरीदिन हुन्थ्यो। नवराजकी बहिनी डल्ली भन्ने ठाउँमा एस.ई.ई पढ्दै थिई। ममी डचाडी नेपालगञ्ज गएको बेलामा भाई नवराजको घरमा १/२ दिन बसेको हो।

जेठ १० गते म ढोका देखि बाहिर गएको छैन, आफूले किनेको नयाँ मोबाईलबाट कुरै भाको छैन, ममीलाई पुरानो मोबाईल भेरीमा बगेको भनेको थिएँ। तर त्यो मोबाइल नवराजले लगेको थियो। नवराजलाई पौडी खेल्न आउँछ आउँदैन थाहा भएन। त्यो टिमका सञ्जु, गोबिन्द शाही, टिकारामलाई चिन्छु। चरी भन्ने नवराजको साथी थियो त्यो दिन उ किन आएनछ? थाहा भएन नत्र सधै नवराजसँग आउथ्यो। मैले उसलाई भित्रैदेखि छाडेको हुँ। एउटा साथीलाई यिनी कुरा शेयर पनि गर्थे। नेपालगञ्जको केटा हो, नवराजसँग झगडा पनि परेको थियो। तिनीहरूलाई कसले कसरी मार्‍यो, दिमागमा घुमिरहेको छ। केटाको गल्ती नै छ भन्ने लाग्छ। मलाई यहाँ ल्यायो कहिले कसरी घर जाने हो थाहा छैन। ठुलो बुवाले २ जना भेरीमा बगेका हुन् भन्नुभएको हो। आउला नि कसले मारेको अनुसन्धान भैरहेको छ। म मिन्स भएको ५ दिन भयो। बच्चा फालेको छैन, औषधि नि खाएको छैन। बेलाबेलामा आत्महत्या गरौं जस्तो नि लाग्छ। गाली त मैले उसलाई बेपत्तै गरेको हो। तिमीहरू किन आएको भनेर घाईतेलाई सोध्न मन थियो पुलिसले दिएन। कसरी बाहिर गएर हिड्ने हो, कसरी मुख देखाउने हो भन्ने भएको छ। मेरो विषय त अन्तर्राष्ट्रियकरण नै भएको छ।

## १४. संयुक्त राजनीतिक दलित संघर्ष समिति, नागरिक समाज, युवा विद्यार्थी संगठनहरू, विभिन्न अधिकारकर्मी र संयुक्त दलित जातीय महासंघको भनाईः

चौरजहारीको सोती घटना सामुहिक, बर्बरतापूर्ण, विभत्स हत्या, जातीय भेदभावकै कारणले नै भएको हो। उक्त हत्याकाण्डको सत्यतथ्य छानविन गरी दोषीलाई हदैसम्मको कारबाही हुनुपर्दछ। उक्त मृतकका परिवारहरू, घटनाका घाईते, घटनाका साक्षीहरू, स्थानीय अभियन्ताहरूको आवश्यक शान्ति सुरक्षाको सुनिश्चितता गरिनुपर्दछ। सरोकारवालाले घटनाको सत्यतथ्य छानविन गरी न्याय स्थापित गराउन आन्दोलनले उठाएको मागहरू

मुलतः दोषीहरूलाई कडाभन्दा कडा कारवाही, पीडितलाई न्याय र क्षतीपूर्ति, घाइतेहरूको उपचार र सुरक्षा, मृतकका आश्रित परिवारलाई पालनपोषण, शिक्षा र रोजगारको व्यवस्था गर्दै मृतकलाई साँस्कृतिक रुपान्तरणका शहिद घोषणा, विद्यमान संस्थागत संरचनालाई पूर्णता दिने, कानूनको प्रभावकारी कार्यान्वयन र आवश्यकता अनुसार नयाँ कानूनको निर्माण लगायतका मागहरू सहित यस प्रकारका निकृष्ट जघन्य अपराधिक घटना दोहोरिन नदिन सदनमा कुरा उठाउन र सरकारलाई आवश्यक सुझाव दिने विषय प्रतिवेदनमा समावेश गर्नुपर्दछ।

## ८. विज्ञ तथा विशेषज्ञसँग छलफलः

### १. ट्रमा सेन्टरका मेडिकल अधिकृत डा. रुपेश ओड (MBBS MLT Trained) सँग गरिएको छलफलः

पोष्टमार्टम रिपोर्टबाट घटनालाई कमजोर बनाउन खोजियो, डाक्टरहरू कुनै प्रभावमा परी गलत रिपोर्ट दिएका छन् भन्ने जस्ता व्यापक असन्तुष्टि रहेको सन्दर्भमा समितिले जिल्ला अस्पतालका डाक्टरहरूसँग समेत उनीहरूको भनाई सुन्ने र जिज्ञासा राख्ने कार्य गरेर पोष्टमार्टम रिपोर्ट समितिलाई उपलब्ध गराउन पत्र मार्फत माग गरी प्राप्त गर्‍यो।

यसै सन्दर्भमा त्यहाँबाट भएको पोष्टमार्टम रिपोर्ट तथा जनआवाजका सम्बन्धमा समिति थप स्पष्ट हुनको लागि ट्रमा सेन्टरका मेडिकल अधिकृतलाई समितिमा आमन्त्रण गरी त्यहाँ पोष्टमार्टम रिपोर्टका क्रममा लिईएका तस्विरहरू, पोष्टमार्टम रिपोर्टमा देखाईएका विषय, त्यसको Finding समेत अध्ययन गर्न दिईएको थियो। "पोष्टमार्टम रिपोर्टले उल्लेख गरेका चोट समेतका आधारमा जाजरकोट अस्पतालबाट लेखिएको मृत्युको कारण (Cause of Death) "Drowning" भनेर लेख्न हालसम्म अध्ययन गरिएको सिद्धान्तका आधारमा नमिल्ने" समितिको छलफलमा बताउनु भएको थियो।

यसै क्रममा रिपोर्टमा देखाईएको घाउहरूको विवरणबाट उल्लेखित मृतक व्यक्तिहरू हिँडेर खोलामा जानसक्ने वा नसक्ने अवस्था कस्तो रहन्छ? भनी समितिबाट प्रश्न गर्दा "बाहिरको घाउ हेरेकै आधारमा भन्न नसकिने यसमा भित्री घाउ नहेरेसम्म एकीन यसै भन्न सकिदैन। यस्तो अवस्थामा पोष्टमार्टमका लागि  विशेषज्ञ सेवा आवश्यक हुन्छ। यस घटनामा विशेषज्ञ सेवा लिईएको देखिएन। पोष्टमार्टम गर्ने डाक्टर विशेष तालीम प्राप्त हुनुपर्दछ र तालीम लिएको भए रिपोर्टमा सो कुरा उल्लेख हुनुपर्दछ। कुनै माध्यमले कसैबाट विशेषज्ञ सेवा उपलब्ध भएको भए सो विशेषज्ञको नाम र दस्तखत पनि रिपोर्टमा रहन्छ। यसमा भिसेरा परीक्षणका लागि पठाएको देखिएको छ।" भिसेराबाट कस्ता कस्ता विषय पहिचान हुन सक्दछ भनी सोधेको प्रश्नमा "भिसेरा परीक्षणबाट विष तथा उत्तेजित पदार्थ सेवन गरेको वा नगरेको र पानीमा जानु अगाडि मरेको थियो कि पानीमा परेपछि मरेको भन्ने एकीन हुने" भनी बताउनुभयो। मुद्धाको क्रममा पोष्टमार्टम रिपोर्ट प्रति चित्त नबुझे सरोकारवालाले

रिपोर्ट तयार गर्ने डाक्टरहरूलाई समेत बयानमा बोलाउने प्रचलन रहेको र मलाई पनि यस्ता बयान दिन कतिपय अवस्थामा बोलाइएको भनी बताउनुभयो।

### २. अधिवक्ता गोविन्द बन्दीको भनाईः

यो घटनालाई छुट्याएर (Isolation) मा हेर्न सकिदैन, समग्रतामा हेऱ्यौ भने मात्र निष्कर्षमा पुग्छौ। हामी संघीय समावेशी लोकतान्त्रिक गणतन्त्रमा गए पनि समाजमा रुपान्तरण आएको छैन। सिङ्गो फौज्दारी न्याय प्रणालीमा यसको प्रतिविम्ब देखिन्छ। सरकारले दायर गरेका फौजदारी मुद्दामा ५० प्रतिशत मात्रै सफल हुन्छ किन? कारण दोषयुक्त न्याय प्रणाली हो।

यो मुद्दाका सम्बन्धमा राज्यले मुद्दा चिनेकै छैन। शोभे नेपाली र पदम बहादुरको सयुक्त जाहेरी लिए पछि मात्रै राज्यलाई जानकारी भयो। यो मुद्दामा अपराध अनुसन्धानको सामान्य परम्परागत प्रकृया अपनाइयो, यो सही होइन्। जसका लागि अपराध भएपछि प्रथमः अपराध स्थल (crime scene protection) सुरक्षा गर्नुपर्ने तर गरेको छैन। दोस्रोः भौतिक प्रमाण बरामद गर्नुपर्नेमा प्रायः आजकल मोबाइल बरामद गर्ने गरिएको छ। यसमा पनि त्यति ठूलो घटना घट्दा मोबाइल, लठ्ठी र मोटरसाइकल मात्र बरामद गरिएको छ। तेस्रोः अनुसन्धान संयन्त्रको (Intelligence Mechanism) को महत्वपूर्ण भूमिका हुन्छ तर प्रयोग भएको देखिएन। चौथोः प्रत्यक्षदर्शीको भनाई नै मुद्दाको मुख्य आधार हो। तर यस मुद्दामा प्रतिवादीको बयानलाई आधार मानिएको छ। पाँचौः पीडित र प्रत्यक्षदर्शीको भनाई सुनेपछि मात्र प्रतिवादीको बयान लिनुपर्नेमा प्रतिवादीको बयान पहिले लिइएको छ। यो गलत भएको छ। प्रतिवादीलाई सोधिएको प्रश्न सिलसिलेवार र बैज्ञानिक छैन। घटनाको गम्भीरतालाई हेर्दा अभियोग पत्र हलुको छ, आकाश जमिनको फरक छ। घटनापछिको गतिविधि कतै उल्लेख छैन्। परिस्थितिजन्य अवस्थाबाट मुद्दालाई हेर्न खोजिएको छ। घटनास्थल धेरै ठूला मानिस पुगे तर मिसिलमा पुगेनन्। यो अनुसन्धान जवाफदेहिता विहिन अनुसन्धान हो। यसमा "जातीय विभेद गरेको भनिएको, लखेटिएको भनिएको" जस्ता भाषा महान्यायाधिवक्ताले भनेका भाषा हुन। त्यसैले जातीय विभेद भएको हो कि होइन भन्ने कुरामा सरकार आफै स्पष्ट छैन। यस्तो अवस्थामा ४/५ जना रिटायर महान्यायाधिवक्ता राखेर गर्नु पर्दथ्यो। इन्साफ पाउनका लागि समाज, राज्य र दलले केशलाई विवादित गर्नुहुन्न। राष्ट्रिय एकताका लागि समावेशीता आवश्यक छ। यो रिपोर्टले सुधारको ठूलो ढोका खोल्न सक्छ।

## ९. घटनाको विश्लेषणः

चौरजहारी नगरपालिका-८, सोतीमा भएको घटनाको सम्बन्धमा अध्ययन, अनुगमन तथा छानविन गर्न "चौरजहारी नगरपालिका, सोती घटना छानविन विशेष संसदीय समिति" गठन भएको थियो। समितिले आफ्नो कार्ययोजना बनाई उक्त घटनाको समग्र पक्षको अध्ययन, अनुगमन तथा विश्लेशण गर्न जाजरकोट, चौरजहारी नगरपालिका र रुकुम पश्चिममा रहेका, पीडित परिवार, घटनासँग सम्बन्धित संघर्ष समिति, राजनीतिक दल, नागरिक समाज, घटनाको उद्धारमा संलग्न स्थानीय बासिन्दा, प्रहरी प्रशासन एवं

सुरक्षाकर्मी, पत्रकार, उक्त घटनाका प्रत्यक्षदर्शी घाईते व्यक्तिहरू, प्रतिवादीहरू लगायत सरोकारवाला निकायसँग छलफल, भेटघाट, अन्तरक्रिया गर्ने कार्य सम्पन्न गरेको छ।

जिल्ला जाजरकोट भेरी नगरपालिका वडा नं. ४ राना गाउँका बर्ष २१ को नवराज वि.क. र जिल्ला रुकुम पश्चिम चौरजहारी नगरपालिका वडा नं. ८, सोतीकी वर्ष १७ को सुष्मा मल्ल बीच गहिरो प्रेम सम्बन्ध भई एक आपसको घरमा आउने जाने र सँगै बस्ने समेत गर्दै आएको पाईन्छ। दलित समुदायको केटासँग कथित माथिल्लो जातको केटीको प्रेम सम्बन्ध भएको कुरा केटीतर्फका अभिभावकले समेत थाहा पाए। छोरीले दलित केटासँग प्रेम सम्बन्ध राखी विवाह गरेमा आफ्नो परिवार तथा आफन्तले सामाजिक बेईज्जत हुने भनी उनीहरूको प्रेम सम्बन्धलाई छुटाउने पटक पटक प्रयास गरेका छन्। त्यसकारणले पनि यस घटनाको मुख्य कारण जातीय विभेदबाट नै शुरु भएको पाईन्छ।

केटी अध्ययनका लागि चौरजहारी डेरा लिएर बसेको पाइन्छ। २०७५ सालको त्रिभुवन उच्च माध्यमिक विद्यालय, जाजरकोटमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता भएको बेलामा मृतक नवराज वि.क. एक राम्रो खेलाडी समेत भएको कारणले केटी केटाप्रति आकर्षित भई चिनजान भएको पाईन्छ। तत्पश्चात् उनीहरूको बीचमा भेटघाट गर्ने, टेलिफोन नम्बर साटासाट गर्ने, कुराकानी गर्ने, फेसबुकमा साथिसाथि बनी सम्वाद गर्ने, एक अर्काका घर परिवार र आफन्तहरूलाई चिनाउने, नाता लगाई बोल्ने र जाजरकोटको सदरमुकाम खलङ्गामा लागेको रमाइलो मेला हेर्न केटी जाजरकोट गएको बेला केटी ४ दिन सम्म केटाको घरमा गएर सँगै बसेको, एक आपसको जन्मदिनमा भेट्ने र शुभकामना आदान प्रदान गर्ने गरेको पाइन्छ। यसै क्रममा केटी पटक पटक गरी ७ दिनसम्म केटाको घरमा गएर बसेको बुझिन्छ।

यसै क्रममा केटा पक्षको बुवा आमाले हामी दलित जाति र तिमीहरू मल्ल ठकुरी भएकोले पछि समस्या पर्न सक्ने र केटीको उमेर समेत नपुगेकोले उमेर पुगेपछि सोचौला भन्दा केटीले कुनैपनि जात माथि विश्वास नगर्ने जातीय विभेद तथा छुवाछुतको अन्त्य भैसकेको बताएका थिए। त्यसपछि उनीहरू दुवैको प्रेम सम्बन्ध झन् प्रगाढ हुदै गएको पाईन्छ। यसै क्रममा नवराज वि.क. पटक पटक केटीको घर जाने गरेको र मिति २०७६ चैत्र १७ गते नवराज वि.क. सहित ३ जनाले केटीलाई भेट्न भनी जाँदा परिवार र त्यहाँका वडाध्यक्ष डम्बर बहादुर मल्लले निजहरूलाई नियन्त्रणमा लिई चौरजहारी प्रहरीलाई जिम्मा लगाई एक रात प्रहरी चौकीमा समेत राखेको र भोलिपल्ट प्रहरीले नवराजलाई सम्झाई बुझाई गरी आमालाई जिम्मा लगाई पठाएको पाईन्छ।

यसै क्रममा उक्त घटना पछि २०७७ जेठ ०८ गते साँझ नवराज वि.क. लाई केटीले फोन गरी मेरो अन्यत्रै विवाह हुन लागेको हुँदा १०/१२ जना युवाहरू लिएर लिन आउनु भनेको केटा पक्षको भनाई रहेको। तर उक्त कुरा पछि प्रहरीद्वारा कल डिटेल लगायतका विषयबाट नखुलेको हुँदा केटीले उक्त कुरा भनेको र लिन भनी बोलाएको हो होईन भन्ने कुरा यकिन खुलेको पाईएन। त्यसैगरी केटीले केटा पक्षलाई यदी उक्त कुरा भनी केटीले बोलाएको विषय साँचो नै भएता पनि केटीले स्वयं आफैले बोलाएको हो? वा परिवार तथा आफन्तको दवावमा बोलाएको हो? भन्ने विषय समेत यकिन हुन सकेन। यसै क्रममा केटीले बोलाएको भनी नवराजले आफ्ना नजिकका साथीहरू १९ जना जम्मा पारी वेहुली

लिन वा भेट्न भनी केटीको घरबाट करिव ५० मिटर तल सडकमा १८ जना पुगेको तर गोपाल बुढाथोकी नामका १ जना भने धल्ला पुल नपुग्दै बीच बाटोबाटै फर्किएको बुझिन्छ।

नवराज वि.क. सहितको समूहलाई घरमुनीको बाटोमा देखेपछि सुष्माकी आमाले "ए डुम त फेरी आइस्, अझै पुगेन" भन्दै गाली गलौच गरी यिनीहरूलाई मार्नु सिध्याउनु पर्छ गाउँलेहरू सबैलाई खबर गर्नु भनी बडाध्यक्ष डम्बर बहादुर मल्ललाई फोन गर्दै गर्दा नवराज वि.क. सहितका युवाहरू असुरक्षित महशुस गरी कुनै प्रतिवाद नगरी त्यहाँबाट सरासर हिडेको पाईयो। केटीका परिवार र आफन्तले उनीहरूको प्रेम सम्बन्धलाई कहिले पनि नस्वीकारेको। घटना भएको दिन नवराज सहित १८ जनाको समूह केटीको घर नजिकैको बाटोमा आएको देखेपछि केटीको आमा प्रकाशी मल्लले असहज तथा अस्वभाविक महशुस गरी वडाध्यक्ष मार्फत गाउँलेलाई खबर गरेको पाइन्छ। त्यसको करिव ४५ मिनेट पछि युवाहरू मध्यपहाडी लोकमार्गको आसपास पुग्ने बेलामा सबै गाउँलेहरूले चारैतिरबाट घेरा हाली घरेलु हतियार, आँसी, टाट्नो बनाउने काठ, लाठी, ढुङ्गा समेत प्रयोग गरी आक्रमण तथा कुटपीट गरी ६ जनाको ज्यान जाने र १२ जना गम्भीर घाईते हुने गरी निर्मम सामूहिक हत्या जस्तो अमानवीय, जघन्य अपराधिक घटना घटेको पाईयो।

कर्णाली प्रदेश रुकुम पश्चिम चौरजहारी नगरपालिका वडा नं. ८ को सोतीस्थित मध्यपहाडी लोकमार्गको आसपासमा २०७७ जेठ १० अन्दाजी बेलुकी अन्दाजी ५:३० बजेको समयमा घटित घटनामा ६ जना होनहार युवाहरूको मुत्यु भएको र बाँकी १२ जना युवाहरू गम्भीर घाईते भएको घटनाले देश र सम्पूर्ण जनसमुदायलाई स्तब्ध तुल्याएको छ। सिङ्गो मानव समाज र सभ्यतालाई यसले गम्भीर आघात पु-याएको छ। यस्तो जघन्य त्रासदीपूर्ण घटना दोहरिन नदिन राज्यका सबै संयन्त्रहरू संवेदनशील, प्रभावकारी र जवाफदेही बन्नुपर्ने समितिको बुझाई रहेको छ।

घटना घटेका दिन २०७७ साल जेष्ठ १० गते घटनालाई राज्यका संयन्त्र एवं स्थानीय जनप्रतिनिधिले सामान्य रुपमा लिएको देखिन्छ। सरोकारवाला निकायले घटना पछि तत्कालै घटनाको प्रकृति र गम्भीरतालाई विशेष रुपमा बुझी तद्अनुरुप प्रभावकारी रुपमा आवश्यक कदम चालेको पाईएन। घटना उज्यालो अर्थात् घाम छदै मानिसहरूको चहलपहल हुने लोकमार्ग नजिक भएको, घटनास्थलमा सुरक्षाकर्मी पुग्दा आक्रमणकारीले लोकमार्गमा, भेरीको बीच भङ्गालोमा र भेरी पारी जाजरकोट पट्टीको बगरमा कुटपीट गरिरहेको र सुरक्षाकर्मीले आक्रमणकारीहरूलाई छोडी घाइतेहरूलाई मात्रै नियन्त्रणमा लिनु, जाजरकोट पट्टीका सुरक्षाकर्मीले आफ्नै जिल्लाका आफ्नै जिल्लामा भेटिएका युवाहरूलाई नियन्त्रणमा लिई अर्को जिल्लालाई बुझाउनु, नियन्त्रणमा रहेका घाइते युवाहरूले आफूसँगै आएका साथीहरू त्यहाँ नभएको कुरा सुरक्षाकर्मीलाई भन्दा भन्दै पनि तत्काल घटनास्थलमा कुनै खोजी कार्य नगर्नु, घटना भएकै दिन बेलुका १९:१५ बजे करिव १ घण्टा पछि नै नवराज वि.क. को लाश फेला परे पछि पनि तत्कालै घटनास्थल नियन्त्रणमा नलिनु, अपराध घटेको घटनास्थल शील नगर्नु र घटनामा संलग्न आक्रमणकारी र शंकास्पद अन्य व्यक्तिहरूको पहिचान तथा खोजी कार्य नगर्नु नहुनु गम्भीर त्रुटी देखिन्छ।

सोती घटना अन्तरजातीय प्रेम गरेको भनिएका केटा र केटीको उमेर २१ वर्ष र १७ वर्ष रहेको पाईन्छ। उक्त दिन नवराज बि.क. सँग बेहुली लिन वा काफल खान भनी सँगै गएका सबै युवाहरू २१ वर्ष भन्दा कम उमेरको भएको देखिन्छ। घटनामा मृत्यु भएका सञ्जिव बि.क.को २० वर्षको श्रीमती र अन्दाजी ३ वर्षको छोरा रहेको पाइन्छ। त्यसैगरी मृतक टिकाराम सुनारको श्रीमतीको उमेर १८ वर्ष र अन्दाजी २ वर्षको छोरी, ३९ वर्षको बाबु र त्यो भन्दा कमै उमेरकी आमा रहेको हुँदा जाजरकोट र रुकुममा कम उमेरमा विवाह हुने प्रचलन रहेको पाइन्छ। मृतक नवराज बि.क. र निजको प्रेमीकाको पनि प्रेम सम्बन्ध कायम रहेको करिव २ वर्ष भन्ने कुरा प्रायः सबैबाट सुन्नमा आएको पाइयो। तर स्थानीय रुपमा कम उमेरमा विवाह गर्ने चलन भएतापनि जातीय भेदभाव र छुवाछूतकै कारणले उनीहरूको प्रेम सम्बन्धलाई अस्वीकार गरेको देखिन्छ। उक्त घटनामा पीडक पक्षका प्रतिवादी वडाध्यक्ष जस्तो जिम्मेवार व्यक्ति, गाउँका अगुवा व्यक्ति तथा आफन्तहरूले अलिकति पनि संयमता अपनाउन नसक्दा यस्तो जघन्य अपराध भई अपुरणीय क्षति हुन पुगेको छ।

घटनाका पीडितहरू, मृतक टिकाराम सुनार बाहेक सबै जाजरकोटका हुनु, उनीहरू माथि साङ्घातिक आक्रमण गर्नेहरू सबै रुकुम पश्चिमका रहनु, हराएका व्यक्तिहरूको खोजीमा जाजरकोट तर्फका स्थानीय बासिन्दा र आफन्तहरू क्रियाशील रही सबै लाश जाजरकोट तर्फ आफन्तहरूले नै भेट्नु, रुकुम पश्चिम चौरजहारी तर्फका सुरक्षाकर्मीले घटनाको प्रकृति अनुरुप तत्काल आवश्यक कार्यवाही एवं पहल कदमी गर्न नसकेको पाइयो। यदि तत्कालै हराएका ६ जनाको खोजी कार्य गरेको भए प्रायः सबैलाई पानी बाहिरै एवं जीवितै सोही समयमा फेला पर्ने कुरामा धेरैको विश्वास रहेको पाइयो।

घटनाको गम्भीरता समयमै बुझिएको भए तत्काल अपराध घटेको स्थानको सुरक्षा, वेपत्ता भएका व्यक्तिको खोजी, फेला परेका मृतकको लाशजाँच र पोष्टमार्टमका लागि उच्च प्रविधि एवं सतर्कता अपनाउन सकिन्थ्यो तर त्यस्तो भए गरेको पाइदैन। साथै सबै तहका राज्य संयन्त्रहरूले यो घटनालाई चासोका साथ लिई विशेष अनुसन्धान गर्नु पर्ने हुन्थ्यो। लाश प्रकृति मुचुल्का तयार गर्ने क्रममा लाश फेला पारी उद्धार गर्ने व्यक्तिहरूको भनाईलाई मुचुल्कामा समावेश नगरिएको देखियो। प्रहरी आफैले लाशको प्रकृति देख्दा देख्दै पनि लेख्न छुटाएको पाइन्छ।

तत्काल फेला परेको नवराज वि.क. को लाश पोष्टमार्टम अधिकारकर्मीहरूको विरोध र दबावका कारण समयमै हुन सकेन भने अन्य लाशहरू पनि ढिला फेला परेको र फेला परेपछि पनि पोष्टमार्टमा विलम्ब हुनुको साथै लाश राख्नका लागि विशेष प्रविधिको प्रयोग भएको पाइएन। मृतकका संवेदनशील अङ्गहरू टाउको, आँखा, नाक, मुख र शरीरका विभिन्न भागमा धारिलो हतियारका चोटहरू हुँदा हुदै लाश प्रकृति मुचुल्कामा उल्लेख गर्न छुटाइएको पाइयो। साथै पोष्टमार्टम गर्ने क्रममा मृतकका शरीरमा गम्भीर प्रकृतिका चोटपटक र लाश प्रकृति मुचुल्काका अतिरिक्त स्थानीयबासिको वयान अनुसार कानबाट रगत बगिरहेको, आँखा बाहिर निस्किएको, घाँटी भाचिएको, दात झरेको, उनीहरूको कपडामा प्रष्टै देखिने गरी रगतका टाटाहरू रहेको, टाउको अनुहार कपडाले बाधिएको जस्ता अवस्थालाई पोष्टमार्टम रिपोर्टका लागि खुलाउनु पर्ने विषय उल्लेख नगरिकन पोष्टमार्टमका लागि स्वास्थ्य सेवा कार्यालय जाजरकोट पठाइएको। स्वास्थ्य सेवा कार्यालय जाजरकोटमा ल्याइएका लाशहरूको संख्या र प्रकृति अस्वभाविक देख्दा देख्दै पनि आफ्नो कार्यमा कुनै गम्भीरता असहज महशुस गरी थप विशेषज्ञ सेवाको माग गरेको

देखिएन। एकातर्फ लाशमा देखिएका प्रशस्त चोटहरू उल्लेख गर्नु, थप परीक्षणका लागि भिसेरा जाँच गर्न पठाउनु र अर्का तर्फ मृत्युको कारण सिधै "cause of death: Drowning" उल्लेख गर्नुले पोष्टमार्टम रिपोर्ट प्रति पीडित पक्षहरू सशंकित भएको पाइयो।

जाजरकोट र रुकुम पश्चिम जिल्लामा यति ठूलो घटना घटी हामी यति ठूलो पीडामा हुँदा पनि जिल्लाका जनप्रतिनिधि हामीलाई भेट्न, सहानुभूति दिन आउनुभएन भन्ने पीडित परिवारको गुनासो रहेको पाइयो।

घटना घटेपछि १० गते साँझ नै मृतक नवराज वि.क. को र क्रमशः ११ गते टिकाराम नेपालीको, १२ गते गणेश बुढा मगरको, १४ गते लोकेन्द्र सुनारको, १५ गते सन्जिव वि.क. को र २० गते गोविन्द शाहीको लाश भेटिई पोष्टमार्टमको लागि पठाइएको पाइन्छ। तर स्वास्थ्य सेवा कार्यालय जाजरकोटबाट १२ गते देखि २१ गते सम्म फरक फरक मितिमा गरिएका पोष्टमार्टमको रिपोर्ट तत्कालै सम्बन्धित निकायलाई नदिएर एकैपटक बुझाउनुपर्ने कुनै आधार कारण देखिएन। स्वास्थ्य सेवा कार्यालयको काम बुझेको लाशको पोष्टमार्टम गरी तत्कालै रिपोर्ट दिनु हो तर कार्यालयमा उपस्थित चिकित्सकहरू "सबै लाशको रिपोर्ट एकै दिन दिने भनी यतिका दिन राख्नुपरेको।" बताउछन्। फरक फरक मितिमा भेटिएको र फरक फरक मितिमा पोष्टमार्टम गरिएको रिपोर्ट एकै पटक दिनु वा बुझाउनु कानून सम्मत् र व्यवहारिक देखिदैन।

हाम्रो देशमा अन्तरजातीय विवाहको नाममा बिभिन्न कालखण्डमा बिभिन्न प्रकृतिका घटना नघटेका पनि होईनन् तर यस प्रकृतिको जघन्य सामूहिक हत्या हुनेगरी घटेको घटना भने पहिलो मान्न सकिन्छ। एउटा समूहमाथि आक्रमण गर्न गाउँ नै सहभागी भएको यो त्रासदिपूर्ण घटनाले हामी सबैलाई एकपटक सोच्न बाध्य बनाएको छ।

घटनाको अध्ययन अनुगमन गर्ने क्रममा गरिएका सम्पूर्ण छलफल तथा सोधपुछ सम्बन्धी विषय, घटनाको तथ्यगत विवरण तथा विश्लेषण, निष्कर्ष र सिफारिसहरू समाबेश गरिएको छ। घटना जघन्य प्रकृतिबाट घट्न गई अपूरणीय मानवीय क्षति भएको छ। यस घटनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तवरबाट विशेष महत्वकासाथ हेरिएको छ। समितिले यस प्रतिवेदनमा उल्लेख गरेका विषयहरू कार्यान्वयन तथा प्रतिवेदको निष्कर्ष तथा सिफारिसको तुलनात्मक अध्ययन गरी न्याय स्थापित गर्न समेत सहज होस् भनी त्यसभन्दा पहिला उल्लेखित घटनामा गरिएका जाजरकोट जिल्ला अस्पतालमा भएको पोष्टमार्टम रिपोर्ट, जिल्ला प्रहरी कार्यालय जाजरकोट र रुकुम पश्चिमबाट भएको घटनास्थल प्रकृति मुचुल्का, लाशजाँच मुचुल्का, प्रहरी प्रशासनबाट समितिलाई प्रस्तुत गरेको कल डिटेल लगायतका विवरण यसै प्रतिवेदनको अनुसूचीमा समावेश गरिएको छ।

## १०. निष्कर्ष

- रुकुम पश्चिम सोतीमा मिति २०७७ जेठ १० गते घटित यस दुःखदपूर्ण घटनाको मुख्य जरिया जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं. ४ रानागाउँका बर्ष २१ को नवराज वि.क. र रुकुम पश्चिम जिल्ला चौरजहारी न.पा. वडा नं. ८ सोतीकी बर्ष १७ कि सुष्मा मल्लबीचको प्रेम सम्वन्ध अन्तरजातीय भएकोले केटीका अभिभावक र आफन्तहरूले केटा कथित तल्लो जातको भएकोले अस्वीकार गरेको तसर्थ यो घटना जातीय भेदभाव तथा छुवाछूतको कारणले भएको पाइयो।
- यो घटना घट्नुपूर्व यसै विषयलाई लिएर केटी पक्षले यो प्रेम सम्बन्ध प्रति असन्तुष्टि जाहेर गरी मिति २०७६ चैत्र १७ गते वडाध्यक्ष डम्बर बहादुर मल्ल मार्फत नवराज वि.क. लाई ईलाका प्रहरी कार्यालय चौरजहारीमा एक रात थुनामा समेत राखी भोलिपल्ट निजको आमालाई बोलाई जिम्मा लगाएको पाईयो।
- २०७७ जेठ १० गते मृतक नवराज वि.क. र निजका साथीहरू केटीको गाउँ सोती जाँदा यो घटना भएको पाईयो। नवराज वि.क. र निजका साथीहरू कसैले बोलाएर गएका हुन् वा आफै गएका हुन् भन्ने सम्बन्धमा विभिन्न पक्षका फरक फरक मत रहेको र अनुसन्धानको क्रममा प्रहरीले कल डिटेलको माध्यमबाट सो कुरा एकिन गरी नसकेको पाईयो।
- जाजरकोट जिल्लाबाट लकडाउनको समयमा १८ जना युवाहरू रुकुम प्रवेश गरेको कुरा सुरक्षाकर्मीलाई थाहा भएन भन्न सकिने अवस्था देखिँदैन। सुरक्षाकर्मीहरूले समयमै लकडाउन सम्बन्धी नियमको पालना कडाईको साथ लागू गर्न सकेको भए यो घटना घट्न नसक्ने देखिन्छ।
- उक्त घटनामा पीडक प्रतिवादी रुकुम पश्चिम चौरजहारी नगरपालिका वडा नं. ८ का वडाध्यक्ष डम्बरबहादुर मल्लजस्तो जिम्मेवार व्यक्तिको संलग्नतामा यस्तो जघन्य अपराध भई अपुरणीय क्षति हुन पुगेको छ।
- घटना घटित भैरहेको जानकारी सुरक्षाकर्मीले प्राप्त गरेको तर घटनाको प्रकृति प्रति सुरक्षाकर्मी गम्भीर नभएको देखिन्छ। रुकुम पश्चिम चौरजहारी ईलाका प्रहरी कार्यालयका असई सन्तोष लामिछाने र प्रहरी हबल्दार रमेश बस्नेत मोटरसाईकल लिई आएको अवस्थाबाटै प्रहरीले घटनाको गम्भीरता फेहरिस्त एकिन सूचना जानकारी नपाएको वा नलिएको अवस्था प्रष्ट देखिन्छ। प्रहरीहरू घटनास्थलमा पुगे पछि पनि त्यती चासो लिई घटनाको विस्तृत जानकारी लिएको भने देखिंदैन।
- सामान्य सोधपुछ पछि पीडित घाईतेहरूलाई लिई गएको र २ जनालाई अस्पतालमा राखी बाँकी १० जनालाई ईलाका प्रहरी कार्यालय चौरजहारीमा लगी सोधपुछ गरेको। उक्त समयसम्म पनि घटनालाई गम्भीर रुपमा नलिएको र बेपत्ता भएका ६ जना युवाहरूको तत्काल खोजी कार्य नगरेको पाइयो। यदि तत्कालै सोधपुछ गरी खोजी कार्य गरेको भए सँगै गएका बाँकी ६ जनाहरू पनि सोही स्थानमा जीवितै फेला पर्न सक्ने देखिन्छ।
- घटनास्थलबाट नियन्त्रणमा लिई १२ जना युवाहरूलाई ईलाका प्रहरी कार्यालय चौरजहारीमा पुऱ्याए लगत्तै नवराज वि.क. को लाश फेला परेको देखिन्छ। यो कुरा प्रहरीलाई जानकारी भए पछि

घाईतेहरूको बयान लिनुको सट्टा हराएका व्यक्तिहरूको खोजी कार्य गर्नुपर्ने कर्तव्य पुरा गरेको देखिदैन।

- सबै मृतकहरूको लाश जाजरकोट तर्फको भेरी नदीमा फेला परेको र घटनास्थलबाट नजिक दुरीमा रहेकोले पोष्टमार्टम(अटोस्पी) का लागि स्वास्थ्य सेवा कार्यालय, जाजरकोट पठाएको पाइयो। पोष्टमार्टम रिपोर्टमा उल्लेख भएको व्यहोराका विषयमा पीडीत पक्ष तथा सरोकारवालाहरू सशंकित भएर न्याय पाउने विषयमा चिन्तित हुनुका साथै आक्रोशित भई आन्दोलन गरिरहेको पाइयो।
- मृतकहरूको लाश समयमा फेला नपरेको र फेला परेपछि पनि लाशजाँच प्रकृति मुचुल्का तयार गर्दा लाश फेला पारी निकाल्ने स्थानीय एवं पौडीबाजहरूको भनाई समावेश नगरिएको र लाशमा प्रष्ट देखिने गम्भीर प्रकृतिका चोटहरू समेत उल्लेख नगरेको पाइयो। लाश ढिलो फेला पर्नु र अस्पतालमा पुऱ्याइए पछि पनि समयमै पोष्टमार्टम हुन नसकेको पाइयो। लाश बुझेपछि पोष्टमार्टम गर्दासम्मको समयमा शव राख्न अपनाउनुपर्ने प्रविधि प्रयोग नगरेको बुझियो। प्रतिवादीका तर्फबाट कानून व्यवसायी बनेका भक्त बहादुर मल्लका छोरा डाक्टर भूपेन्द्र मल्ल स्वास्थ्य सेवा कार्यालय, जाजरकोटमा कार्यरत रहनुले पोष्टमार्टम प्रति पीडित पक्षको आशंका रहेको पाइयो।
- घटना हुनु पूर्व नवराज वि.क. र उनका साथीहरूबीच भएको टेलिफोन तथा प्रत्यक्ष वार्तालाप र प्रतिवादीले पाएको सूचना, घटना हुँदा प्रतिवादीहरू बीच भएको टेलिफोन संवाद एवं प्रत्यक्षदर्शी र सरोकारवालाहरूको भनाईका आधार, घटनामा उपस्थित भएका मानिसहरूको संख्या, घटनाको प्रकृति घटना पश्चात् तत्कालै देखिएको अवस्था आदिबाट यो घटना संगठित र योजनाबद्ध भएको बुझिन्छ।
- घटनाको अनुसन्धान तहकिकात भै प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालत रुकुम पश्चिममा कर्तब्य ज्यान, ज्यान मार्ने उद्योग र जातीय भेदभाव विरुद्धको मुद्दा दायर भई विचाराधीन अवस्थामा रहेको पाईयो।
- यस्तो जघन्य अपराधिक घटनामा सामान्य सूचनाका आधारमा उच्च तयारीका साथ तत्काल अनुसन्धान प्रारम्भ गर्नुपर्नेमा पीडित पक्षको संयुक्त जाहेरी परे पछि मात्रै अपराध अनुसन्धानको प्रकृया थालेको पाइयो। अपराध भएपछि अपराध स्थल सुरक्षा, भौतिक प्रमाण बरामद, अनुसन्धान संयन्त्रको प्रयोग, प्रत्यक्षदर्शीको भनाई, मुद्दाको मुख्य आधार हुँदा हुदै पनि यी विषयमा गहन ढङ्गले अनुसन्धान गरेको पाइएन। पीडितको वयान र प्रत्यक्षदर्शीको भनाई सुनेपछि मात्र प्रतिवादीको बयान लिनुपर्नेमा प्रतिवादीको बयान पहिले लिइएको देखियो।
- कोही पनि अपराधी नछुटून् र कोहि पनि निर्दोष नपरुन् भन्ने न्यायिक मान्यता अनुरुप पीडितलाई न्याय र क्षतिपूर्ति दिन, दोषीलाई प्रचलित कानून बमोजिम हदैसम्मको कारबाही गर्न र घाइतेहरूको यथोचित उपचार, सुरक्षा र उचित क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने साथै मृतकका आश्रित परिवारको शिक्षा, स्वास्थ्य, रोजगारी र यथोचित भरणपोषणको व्यवस्था राज्यबाट तत्कालै गर्नुपर्ने देखियो।

- घटनासँग सम्बन्धित विषयलाई जोडेर जाति, भाषा, धर्म, संस्कृति भूगोल कुनैपनि पक्षबाट अतिरञ्जित नगरी सामाजिक सद्भाव, जातीय सहिष्णुता कायम गराउन सबै पक्षबाट प्रभावकारी भूमिका खेल्नु पर्ने देखिन्छ। यस घटनालाई प्रभावित गर्ने गरी वा सामाजिक सद्भावमा आँच पुग्ने गरी विभिन्न व्यक्तिहरूले बिभिन्न प्रसंगमा तथ्यहीन अतिरञ्जनाहरू व्यक्त गरेको पाइएकोले त्यस्ता पक्षलाई नियमन गर्नुपर्ने देखियो।

- विगत लामो समयदेखि नेपाली समाजमा विद्यमान जातीय तथा सामाजिक विभेदको अन्त्य गर्नको लागि भएका संवैधानिक तथा कानूनी प्रयासहरू, पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि महासन्धि एवं अनुवन्धहरू, संस्थागत संरचनाहरू, अवलम्वन गरिएका नीति, योजनाहरू, दिगो विकासका लक्ष्यहरू प्राप्ति र यिनीहरूको अवलम्बनका लागि अपनाइएका विधि प्रक्रियाहरू कार्यान्वयनको क्षेत्रमा प्रभावकारी भएको पाइएन। जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्न र दोषीलाई दण्डित गर्न बनाइएका विद्यमान कानूनहरू हालको सन्दर्भमा अपूर्ण र अपर्याप्त भएको पाइयो।

- संविधान, ऐन, कानूनको प्रभावकारी कार्यान्वयन गर्दै सामाजिक अभियानका कार्यहरू महत्वका साथ लागू गरी यस प्रकारका जातीय भेदभावमा आधारित सामाजिक द्वन्द्व अन्त्य गर्न शून्य सहनशीलताको नीति लिदै समस्याको दिगो समाधानका लागि विशेष कार्यक्रम बनाई प्रभावकारी रुपमा लागू गर्नुपर्ने पाइयो।

- समाजमा रहेका विद्यमान परम्परा रीति तथा संस्कारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गर्ने, स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने, समानता एवं सह-अस्तित्वका आधारमा बिभिन्न जातजाति समुदायको रुपान्तरण गर्ने कार्यलाई तत्परताका साथ कार्यान्वयन गर्नुपर्ने पाइयो।

- यस घटनाको सम्बन्धमा हुने न्याय सम्पादन, दोषीलाई कारबाही, पीडित परिवारलाई क्षतिपूर्ति, शान्ति सुरक्षा, सामाजिक सहिष्णुता प्रभावकारी रुपमा कार्यान्वयन हुनुपर्ने विषयहरू महत्वपूर्ण रहेको पाईन्छ। हाम्रो शासन प्रणालीमा अझैपनि समावेशी एवं पहुँच र प्रतिनिधित्वको सुनिश्चितता नभएकोले राज्यका प्रत्येक संरचनामा सबै जाति, वर्ग, लिङ्ग, क्षेत्र र समुदायको समानुपातिक सहभागिता सुनिश्चित गर्नुपर्ने देखिन्छ। आर्थिक, सामाजिक, राजनीतिक, साँस्कृतिक, धार्मिक, भाषिक समानता र सहिष्णुता कायम गराई उन्नत समाज निर्माणबाट समृद्ध राष्ट्र निर्माण गरिनुपर्ने विषय महत्वपूर्ण रहेको पाइयो।

## ११. सिफारिस

घटनाको सम्बन्धमा अध्ययन, अनुगमन एवं छानविन गर्न स्थलगत अवलोकन तथा पीडित परिवार र घाईते युवाहरूलाई भेटी पीडा बुझ्ने, सरोकारवालासँग छलफल र अन्तरक्रिया गरी, राय बुझी तयार पारिएको घटनाको विश्लेषण र निष्कर्षका आधारमा यो प्रतिवेदन कार्यान्वयनको लागि नेपाल सरकारको सम्बन्धित निकायमा पठाउने व्यवस्था हुन सम्माननीय सभामुख महोदय मार्फत देहाय अनुसारको सिफारिस गरिएको छः

१. रुकुम चौरजहारी सोती घटना घट्नुपूर्व, घटना घटेको समय र घटनापश्चात अपनाउनुपर्ने अपराध अनुसन्धानको विधि प्रक्रियामा अपर्याप्तता एवं त्रुटि देखिएकोले घटनाका सम्बन्धमा थप अनुसन्धान गर्नुपर्ने।

२. यो घटना गम्भीर मानवता विरुद्धको अपराध एवं सामूहिक हत्यासँग सम्बन्धित भएकोले राज्यको तर्फबाट विशेष अध्ययन, अनुसन्धान र निगरानी गर्नुपर्ने ।

३. घटनाबाट प्रभावित मृतकका आश्रित परिवारलाई क्षतिपूर्ति तथा शिक्षा, स्वास्थ्य, रोजगारी, सुरक्षा एवं भरणपोषणको पूर्ण प्रत्याभुति गरिनुपर्ने।

४. घाईते युवाहरू यस घटना र मुद्दाका विशेष साँक्षी भएको हुनाले उनीहरूको स्वास्थ्य उपचार, सुरक्षा तथा क्षतिपूर्ति तत्काल उपलब्ध गराउनुपर्ने।

५. मृतकका परिवार आर्थिक, सामाजिक दृष्टिले अत्यन्तै कमजोर हुनुका साथै उनीहरूका कम उमेरका विधवा पत्नी र नाबालक सन्तान साथमा रहेकोले उनीहरूको भरणपोषण तथा जीविकोपार्जनका लागि तत्कालै विशेष व्यवस्था गरिनुपर्ने।

६. घटनाको प्रारम्भिक अनुसन्धान गर्ने विषय जाजरकोट तथा रुकुम पश्चिम प्रहरी प्रशासनबाट कमजोर भएको, मृतक नवराज वि.क.को शव फेला परिसकेपछि पनि घटनास्थल शील गरी तत्काल छानविन गर्ने, घटनामा संलग्न ब्यक्तिहरूलाई तत्काल नियन्त्रणमा लिई अनुसन्धान प्रकृया अगाडि बढाउने कार्य प्रहरी प्रशासनबाट भएको नदेखिएकोले आउँदा दिनहरूमा यस्तो प्रकृतिको घटना दोहोरिन नदिन न्याय सम्पादन र शान्ति सुरक्षाका विषयहरूलाई सक्षम बनाई जनताको जीउधन रक्षा गर्ने कार्यलाई राज्यले विशेष महत्व दिनुपर्ने।

७. राज्यको कानूनले मानवता विरुद्धको जघन्य अपराधको रुपमा परिभाषित गरेको भए तापनि फौजदारी न्याय प्रणालीमा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी घटनाहरूमा घटनास्थलमा दसी, प्रमाण नहुने, नपाइने तर भाषा, सङ्केत, आशय, व्यवहार हुँदै झगडा एवं गम्भीर जघन्य कर्तब्य ज्यान, जान मार्ने उद्योग समेत हुनसक्ने भएकोले यस्तो प्रकृतिका घटनाहरूमा न्याय निरुपणका लागि सम्बन्धित निकायले घटना सम्बन्धमा सूचना प्राप्त गर्नासाथ अभियुक्तलाई नियन्त्रणमा लिई प्रभावकारी ढङ्गले अनुसन्धान गर्नुपर्ने।

८. नेपालमा विद्यमान जातीय तथा सामाजिक भेदभाव अन्त्य गर्न सङ्कल्प गर्दै संविधानको प्रस्तावना र मौलिक हक (धारा १८, २४, २९, ४०, ४२) को मर्म र भावना अनुसार प्रभावकारी कानून बनी नसकेकोले राज्यको कानूनले मानवता विरुद्धको जघन्य अपराधको

रुपमा परिभाषित गरेको भए तापनि यस किसिमको भेदभाव अन्त्य गर्न बनेका विद्यमान ऐन, कानूनहरूमा दण्ड सजाय सम्बन्धी पुनरावलोकन गरी कानून निर्माण गर्नुपर्ने।

९. राष्ट्रिय एकता, सामाजिक सद्भाव एव नागरिकका बीचमा दिगो समानता स्थापित गर्न जातीय  भेदभाव तथा छुवाछुतमा आधारित घटनालाई शून्य सहनशीलताका आधारमा कारवाही गर्ने नीति लिनुपर्ने।

१०. जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ को संशोधन "जातीय तथा अन्य छुवाछुत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०७५" मा उल्लिखित दण्ड सजाय अत्यन्तै न्यून भएको कारणले न्यायिक निरुपण प्रक्रिया प्रभावकारी हुन नसकेकोले यस प्रकृतिको अपराधमा रू. पाँच लाखदेखि दश लाखसम्म जरिवाना र पाँचदेखि दश वर्षसम्म सजाय हुनेगरी ऐन संशोधन गर्नुपर्ने।

११. दलित समुदायको आर्थिक, सामाजिक अवस्था कमजोर रहेको र निरपेक्ष गरिबीको रेखामुनि परेका नागरिकहरूमध्ये झण्डै दुई तिहाई दलित समुदाय भएकोले कानूनी उपचारका लागि निःशुल्क कानूनी सहायताको व्यवस्था हुनुपर्ने।

१२. यस्ता घटना र मुद्दामा अधिकार प्राप्त अधिकारीले समयमा आफ्नो जिम्मेवारी पूरा नगरेमा, गर्न नचाहेमा वा ढिलासुस्ति गरेमा दण्डित गर्ने र यसबाट पीडितलाई हुने हानी, नोक्सानी बापत निजबाट क्षतिपूर्ति भराउनुपर्ने व्यवस्था हुनुपर्ने।

१३. यस्ता प्रकारका घटनाहरू भविष्यमा घट्न सक्ने परिस्थितिलाई मध्यनजर गर्दै विद्यमान न्याय प्रणालीमा आवश्यक सुधार गर्ने प्रयोजनका लागि थप आवश्यक अध्ययन गर्ने तर्फ राज्यले अविलम्ब पहल गर्नुपर्ने ।

१४. राष्ट्रिय दलित आयोग गठन आदेश मार्फत २०५८ मा स्थापना भई कानूनी हैसियत प्राप्त गर्दै २०७२ को संविधानमा संवैधानिक मान्यता प्राप्त गरे तापनि त्यसको गठनमा हालसम्म राज्यको ध्यान नपुगेकोले अविलम्ब संरचनागत सुधार एवं सबलीकरण गर्दै आयोगका पदाधिकारीहरू नियुक्त गर्नुपर्ने।

१५. दलित समुदायको आर्थिक, सामाजिक रुपान्तरण गर्दै सर्वाङ्गीर्ण उत्थान र विकास गर्नका लागि २०५४ मा गठन भएको "उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति" र "वादी विकास बोर्ड, २०६८" हाल निस्क्रियप्रायः बनाइएकोले यी निकायहरू मार्फत हुँदै आएका समुदायको विकास लगायत विभिन्न कार्यक्रमहरू हाल शून्य अवस्थामा छन्। यी निकायहरूलाई तत्कालै क्रियाशील बनाई कार्यक्रममा निरन्तरता दिनुपर्ने।

१६. मन्त्रिपरिषद् अन्तर्गत "राष्ट्रिय जातीय भेदभाव तथा छुवाछुत अपराध निगरानी केन्द्र" र जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारी प्रमुख रहने गरी संरचना रहेको भए तापनि प्रभावकारी हुन नसकी परिणाम दिन नसकेको हुनाले थप क्रियाशील एवं व्यवस्थित गर्दै प्रत्येक जिल्ला प्रशासन कार्यालय, स्थानीय तह र जिल्ला प्रहरी कार्यालयमा जातीय भेदभाव तथा छुवाछुत सम्बन्धी मुद्दाको सुनुवाई गर्न छुट्टै डेस्कको व्यवस्था गर्नुपर्ने।

१७. सदियौँदेखि धर्म, परम्परा र संस्कृतिका नाममा समाजमा विद्यमान रहेको जातीय भेदभाव तथा छुवाछूत हटाउने राज्यको उद्देश्य हुँदाहुँदै पनि परिणाम देखिन नसकेको हुनाले हाम्रो शिक्षा प्रणालीमा आमूल सुधार गर्न माध्यमिक तहको पाठ्यक्रममा जातीय भेदभाव तथा छुवाछूत दण्डनीय अपराध रहेको व्यवस्था समावेश गर्ने।

१८. प्रत्येक नागरिकको समानता, स्वतन्त्रता, सहअस्तित्व र सामाजिक न्यायको हक प्रत्याभूत गर्नको लागि सबै प्रकारका विभेद प्रकट हुने, भेदभाव हुने, अपमान हुने, होच्याएको अनुभूति हुने आदि कार्यहरू दण्डनीय अपराध हुन् भन्ने कुरा विद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्नुपर्ने।

१९. सामाजिक सद्भावमा आँच पुऱ्याउने वा जातीय भेदभाव झल्किने गरी अभिव्यक्ति दिने, लेख रचना प्रकाशन गर्ने वा सामाजिक सञ्जालमा प्रस्तुत हुने जोकोहीलाई प्रचलित कानून बमोजिम शून्य सहनशीलताका आधारमा तत्काल कारवाही गर्नुपर्ने।

२०. विद्यमान विभेदका विभिन्न कारणहरूमध्ये दलित समुदायको कमजोर आर्थिक, सामाजिक अवस्था पनि भएकोले उनीहरूको आर्थिक, सामाजिक सशक्तिकरणका लागि संविधानको धारा ४० बमोजिम बनाउनुपर्ने कानून बनाई सो अनुसार एकीकृत कार्यक्रम, कार्ययोजना र पर्याप्त बजेट व्यवस्था गर्नुपर्ने।

२१. सबै तहका सरकारले सबै किसिमका भेदभाव अन्त्य गर्न सामाजिक रुपान्तरणका लागि जागरण, सचेतना तथा सशक्तिकरणका ठोस योजना तथा कार्यक्रम बनाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने।

२२. उक्त घटनामा मारिएका ६ जना मृतकको स्मारक र घाइतेको नामावली सहित सामाजिक एकता र जातीय सद्भाव झल्किने गरी भेरी नदीको आसपासमा राष्ट्रियस्तरको "सद्भाव स्मृति पार्क" निर्माण गर्नुपर्ने।

२३. सबै किसिमका विभेदको अन्त्यको आधार राज्यका सबै निकायहरूमा समानुपातिक समावेशिता हो भन्ने मूल सिद्धान्तलाई हाम्रो संविधानमा उल्लेख गरी लागू गरिसकेको अवस्थामा सो बमोजिम हालसम्म प्रभावकारी कानून बनाउनुपर्नेमा त्यसको ठीक विपरीत विगतमा भइरहेका अवसर र सुविधाहरू समेत कटौति हुँदै गएको वास्तविकतालाई पुनर्विचार गरी समानुपातिक समावेशीकरण सुनिश्चित गर्ने ऐन, कानून एवं नीति निर्माण गर्नुपर्ने।

२४. राज्यका निजामती, प्रहरी, सेना, संस्थान, आयोग, प्राधिकरण, नियोग लगायत सबै सार्वजनिक सेवा र सङ्गठित संघ, संस्थान, प्रतिष्ठान लगायतमा समानुपातिक समावेशीकरणको सुनिश्चितता हुनेगरी कानून निर्माण गर्नुपर्ने।

# अनुसूची

# अनुसूची - १

## समितिमा रहनुभएका माननीय सदस्यहरूको नामावलीः

| | | |
|---|---|---|
| १. | मा. देवेन्द्र पौडेल | -संयोजक |
| २. | मा. एकबाल मियाँ | -सदस्य |
| ३. | मा. दुर्गा पौडेल | -सदस्य |
| ४. | मा. पार्वती कुमारी विशुन्के | -सदस्य |
| ५. | मा. प्रकाश रसाईली (स्नेही) | -सदस्य |
| ६. | मा. बिमला बि.क. | -सदस्य |
| ७. | मा. महेश्वर जंग गहतराज (अथक) | -सदस्य |
| ८. | मा. मीन बहादुर विश्वकर्मा | -सदस्य |
| ९. | मा. रामसहाय प्रसाद यादव | -सदस्य |

## समितिमा प्रशासनिक सहयोग तथा प्रतिवेदन लेखन कार्यमा सहयोगका लागि तोकिएका कर्मचारीहरूः

| | | | |
|---|---|---|---|
| १. | श्री सुरज कुमार दुरा | - | समिति सचिव |
| २. | श्री शिवदत्त बराल | - | उपसचिव |
| ३. | श्री जलेश्वर राम | - | शाखा अधिकृत |
| ४. | श्री सुदिप गौतम | - | खरिदार |
| ५. | श्री बसन्ती बुढामगर | - | कार्यालय सहयोगी |

## कम्प्युटर टाइपिङ तथा सेटिङका लागि सहयोग गर्ने कर्मचारीहरूः

| | | |
|---|---|---|
| १. | श्री करन बहादुर भाट | -कम्प्यूटर अपरेटर |
| २. | श्री सुनिल सुवाल | -कम्प्यूटर अपरेटर |
| ३. | श्री श्याम के.सी | -खरिदार |

## समितिको स्थलगत अध्ययन अवलोकन कार्यमा सहभागी अन्य सहयोगीहरुः

| | | |
|---|---|---|
| १. श्री राजन पौडेल | - | मा.संयोजकको स्वकीय सचिव |
| २. श्री क्रा लामा तामाङ | - | मा.संयोजक पि.एस.ओ. |
| ३. श्री टेक बहादुर विश्वकर्मा | - | मा.मीन विश्वकर्माको स्वकीय सचिव |
| ४. श्री होम विश्वकर्मा | - | मा.प्रकाश रसाईली (स्नेही) को सहयोगी |
| ५. श्री विनोद भट्ट | - | सहयोगी |
| ६. श्री भगत दवाडी | - | सहयोगी |
| ७. श्री सानुभाई थापा | - | सहयोगी |
| ८. श्री विजु रानामगर | - | सहयोगी |
| ९. श्री मनोज सिंह वली क्षेत्री | - | सहयोगी |
| १०. श्री देवेन्द्र प्रसाद लामिछाने | - | सहयोगी |
| ११. श्री भीमसेन लामिछाने | - | सहयोगी |

# अनुसूची-२

## अध्ययन/अनुगमन कार्यविधिः

चौरजहारी नगरपालिका, सोती घटना छानविन संसदीय विशेष समितिको आन्तरिक काम कारवाहीलाई व्यवस्थित बनाउन आवश्यक भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम प्रतिनिधि सभाको २०७७ साल जेठ २६ गतेको बैठकको निर्णय अनुसार गठित समितिले समितिको कार्यविधिको प्रकरण नं. २ (१) को अधिकार प्रयोग गरी यो आन्तरिक कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"चौरजहारी नगरपालिका, सोती घटना छानविन संसदीय विशेष समितिको आन्तरिक कार्यविधि, २०७७"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्ययन तथा अनुगमन" भन्नाले चौरजहारी नगरपालिका, सोतीमा घटना घटेको क्षेत्र तथा घटनास्थलको स्थलगत अध्ययन तथा अनुगमन सम्झनुपर्छ।

(ख) "अनुसन्धान" भन्नाले घटेको घटनाको छानविन गरीने सबै प्रकारको अनुसन्धान सम्झनुपर्छ।

(ग) "उजुरी" भन्नाले समिति समक्ष प्राप्त हुन आएको सूचना, जानकारी वा उजुरी सम्झनुपर्छ।

(घ) "नियमावली" भन्नाले प्रतिनिधि सभा नियमावली, २०७५ सम्झनुपर्छ।

(ङ) "सदस्य"भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको संयोजक समेतलाई जनाउँछ।

(च) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम गठित संसदीय विशेष समिति सम्झनुपर्छ।

३. **समितिको बैठकः** (१) संयोजकले मिति, समय र स्थान तोकी आवश्यकता अनुसार बैठक बोलाउनेछ।

(२) संयोजकको निर्देशनमा सचिवालयले कार्यसूची तयार पारी सदस्यलाई जानकारी गराउनेछ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ।

४. **बैठकमा अनिवार्य उपस्थित हुनुपर्नेः** समितिको बैठकमा सदस्य अनिवार्य उपस्थित हुनुपर्नेछ।

तर काबु बाहिरको परिस्थिति परी कुनै सदस्य समितिको बैठकमा उपस्थित हुन नसक्ने भएमा सोको जानकारी संयोजकलाई गराउनु पर्नेछ।

५. **बैठक निर्धारित समयमा शुरु हुनेः** समितिको बैठक निर्धारित समयमा शुरु हुनेछ।

तर कुनै कारणले समितिको निर्धारित बैठक बस्न नसकेमा संयोजकले त्यस्तो बैठक स्थगित गरी अर्को बैठक बोलाउनेछ  र त्यसको जानकारी सचिवालयले सबै सदस्यहरूलाई दिनु पर्नेछ।

६. **कार्यसूची र कागजात उपलब्ध गराउनेः** समितिको बैठकको कार्यसूची र छलफलको विषयसँग सम्बन्धित कागजात आवश्यकता अनुसार समितिका सदस्यहरूलाई सचिवालयले उपलब्ध गराउनेछ।

७. **बैठकको सञ्चालन र छलफलः** (१) संयोजक वा बैठकको अध्यक्षता गर्ने सदस्यले समितिको प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ।

(२) बैठकको शुरुमा कार्यसूचीमा परेको विषयको प्रकृति र महत्व समेतलाई ध्यानमा राखी बैठकको समयावधि तय गरिनेछ।

(३) संयोजकले आवश्यकता अनुसार सदस्यहरूले बोल्ने समयको निर्धारण गरी छलफल प्रारम्भ गर्नेछ।

(४) समितिको बैठकको निर्णय सामान्यतया सर्वसम्मतबाट हुनेछ।

तर सर्वसम्मती कायम हुन नसकेमा बहुमतबाट निर्णय हुनेछ।

८. **समितिको कार्यक्षेत्र**ः २०७७ साल जेठ १० गते रुकुम पश्चिम जिल्लाको चौरजहारी नगरपालिका वडा नं. ८ सोतीमा घटेको हत्याकाण्डको यथार्थ स्थलगत अध्ययन, अनुगमन तथा छानविन गरी घटनाको सत्यतथ्य सहितको प्रतिवेदन पेश गर्ने।

९. **घटेको घटना उपरको छलफलः** घटेको घटनाउपर देहाय बमोजिमको विषयमा छलफल तथा तथ्य र प्रमाणको बिश्लेषण गरी घटनामा संलग्न व्यक्तिउपर लाग्न सक्ने मनासिव र पर्याप्त आधार भए नभएको सम्बन्धमा समितिले निक्यौंल गर्नेछ :-

(क) घटनाको गाम्भिर्यता, औचित्यता, कारण वा आवश्यकताको सम्बन्धमा प्रारम्भिक छलफल गर्ने,

(ख) घटनामा उल्लेख भएको विषयवस्तुको सत्य तथ्यका सम्बन्धमा गहन अध्ययन तथा विश्लेषण गर्ने,

(ग) घटनाको प्रमाणित गर्ने स्थानीय जनप्रतिनिधिहरूलाई आवश्यकता अनुसार समितिमा आमन्त्रण गरी घटनाको विषयवस्तु तथा औचित्य सम्बन्धमा छलफल गर्ने,

(घ) घटनाको सूचना, जानकारीका सम्बन्धमा अन्य व्यक्ति भए समितिले आवश्यक देखेमा त्यस्ता व्यक्तिलाई समितिमा बोलाई घटनाको सम्बन्धमा आवश्यक छलफल गर्ने,

(ङ) अन्य आवश्यक छलफल गर्ने।

१०. **अध्ययन, अनुगमन तथा छानविन सम्बन्धी कार्यविधिः** समितिले घटनाको छानविनको क्रममा देहायको कुनै वा सबै कार्य गर्न सक्नेछः-

(क) घटनाको स्थलगत अवलोकन र अध्ययन गरी घटनाको पीडितहरूको वास्तविक अवस्थाको जानकारी लिने,

(ख) वारदात भएको स्थानको चार किल्लाको अध्ययन, अवलोकन तथा छानविन गर्ने,

(ग) पीडक र पीडितहरूसँग सोधपुछ गर्ने,

(घ) मृतकका आफन्तहरू, प्रत्यक्षदर्शी र घाईतेहरूसँग सोधपुछ गर्ने,

(ङ) घटनास्थलमा तत्काल उपस्थित भई उद्धार कार्यमा संलग्न स्थानीय निकायका पदाधिकारी एवं शान्ति सुरक्षासँग सम्बन्धित अधिकारीहरूसँग सोधपुछ गर्ने,

(च) घटना घट्नुको कारण पत्ता लगाउन तथ्यपरक अध्ययन, अनुगमन तथा छानविन गर्ने,

(छ) घटनामा संलग्न भएका व्यक्तिहरूको छानविन गर्ने,

(ज) घटना पश्चातको परिस्थितिका सम्बन्धमा अध्ययन गर्ने,

(झ) घटनामा पीडित र मृतकका आश्रित परिवारलाई उचित क्षतिपूर्ति, राहत तथा घाईतेहरूको उपचारको लागि सिफारिस गर्न छानविन र अध्ययन गरी त्यस्ता घटनाहरू पुनरावृति नहोस् भन्नका लागि सुझाव प्रस्तुत गर्ने,

(ञ) अध्ययन, अनुगमन तथा छानविनको क्रममा सम्बन्धित विशेषज्ञको राय सङ्कलन गर्ने,

(ट) सरोकारवाला (सरकारी वकील, प्रहरी, जनप्रतिनिधि, न्यायिक तथा अर्धन्यायिक निकायका प्रतिनिधिहरू) सँग अन्तरक्रिया, छलफल तथा सोधपुछ गर्ने,

(ठ) चिकित्सक, स्वास्थ्यकर्मी तथा गोताखोर(पौडीबाज) हरूसँग सोधपुछ गर्ने,

(ड) घटनाको अध्ययन, अनुगमन तथा छानविनको क्रममा समितिका कुनै सदस्यले व्यक्तिगत रुपमा भेटेको कुराहरू समिति समक्ष जानकारी गराउनुपर्ने,

(ढ) समितिले आवश्यक ठानेमा आधिकारिक Call detail लिई घटनाको अध्ययन तथा छानविन गर्ने,

(ण) प्रमाण सङ्कलन गर्ने वा प्रमाण बुझ्ने,

(त) घटनासँग सम्बन्धित वा आवश्यकता अनुसार अन्य व्यक्तिहरूसँग छलफल, सोधपुछ तथा अन्तरक्रिया गर्ने,

(थ) आवश्यकता अनुसार छानविनसँग सम्बन्धित अन्य कार्यहरू गर्ने।

११. **प्रतिवेदन तयार गर्नेः** (१) समितिले घटनाको छानविनको कार्य समाप्त गरेपछि आफ्नो सिफारिस सहितको प्रतिवेदन तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा आवश्यकता अनुसार देहायका कुराहरू खुलाउनु पर्नेछः-

(क) घटनाको संक्षिप्त विवरण,

(ख) छानविनको क्रममा अवलम्बन गरीएको प्रक्रिया तथा संकलन गरिएका प्रमाण,

(ग) छानविनबाट पत्ता लागेको वास्तविक सत्यतथ्य सम्बन्धी विवरण,

(घ) अनुसन्धान गर्दा समितिले ठहर गरेको वा निष्कर्ष निकालेको विषय,

(ङ) खण्ड (घ) बमोजिम ठहर गर्न वा निष्कर्ष निकाल्न लिइएका आधार तथा प्रमाणहरू,

(च) समितिले आवश्यक ठानेका अन्य कुराहरू।

(३) उपदफा (१) बमोजिम प्रतिवेदन तयार गर्ने सिलसिलामा समितिमा सर्वसम्मती हुन नसकेमा समितिमा भिन्न राय व्यक्त गर्ने सदस्यको रायलाई समेत समावेश गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।

१२. **प्रतिवेदन पेश गर्नेः** दफा ११ बमोजिम तयार भएको प्रतिवेदन समितिको संयोजकले वा निजको अनुपस्थितिमा समितिले तोकेको समितिको कुनै सदस्यले प्रतिनिधि सभा समक्ष पेश गर्नुपर्नेछ।

१३. **समितिको कार्यावधिः** समितिको कार्यावधि कार्य प्रारम्भ भएको मितिले तीस दिनको लागि हुनेछ। समितिको पहिलो बैठक बसेको मिति कार्य प्रारम्भ गरेको मिति मानिनेछ।

१४. **समितिको काम कारवाहीको अभिलेखः** समितिको निर्णय, प्रतिनिधि सभामा पेश भएको प्रतिवेदनको एक प्रति सक्कल लगायत समितिसँग सम्बन्धित अन्य कागजातहरू संयोजकको निर्देशन अनुसार सचिवालयले व्यवस्थित गरी राखेछ।

१५. **सूचनाको गोप्यताः** घटेको घटनाउपर अध्ययन, अनुगमन तथा छानविनको सिलसिलामा समितिलाई प्राप्त भएको सूचना वा जानकारी र समितिले बुझेको वा सङ्कलन गरेको प्रमाणलाई गोप्य राखिनेछ।

१६. **समितिको आचारसंहिताः** समितिको सदस्यको आचारसंहिता देहाय बमोजिमको हुनेछः-

(क) सामूहिक छलफलबाट प्राप्त निष्कर्षका आधारमा संयोजक मार्फत सदस्यले निर्देशन दिन सक्नेछन्।

(ख) कुनै विषयमा कसैप्रति आग्रह, पूर्वाग्रह राखी वदनीयतापूर्वक काम गर्ने, सूचना तोडमोड गर्ने, व्यक्तिगत मानमार्दन गर्ने छैनन्।

(ग) सूचना, जानकारी वा कारवाही सार्वजनिक गर्दा वा प्रेससँग कुराकानी गर्दा समितिको संयोजक वा निजले तोकेका सदस्यले मात्र गर्नेछन्।

१७. **समितिको निर्णय बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएका विषयहरू र समितिको अन्य कार्यविधि प्रतिनिधि सभा नियमावली र समितिको निर्णय बमोजिम हुनेछ।

१८. **सहयोग लिन सक्नेः** (१) समितिको कामसँग सम्बन्धित विषयमा समितिले आवश्यक देखेमा सम्बन्धित पदाधिकारी वा अन्य व्यक्तिको सहयोग लिन वा समितिमा आमन्त्रण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सहयोग माग गरेमा समितिलाई त्यस्तो सहयोग यथाशीघ्र उपलब्ध गराउनु सम्बन्धित निकाय, कर्मचारी, व्यक्ति वा पदाधिकारीको कर्तब्य हुनेछ।

१९. **संशोधनः** समितिले आवश्यकता अनुसार यस कार्यविधिलाई संशोधन गर्न सक्नेछ।

२०. **बचाउः** यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि समितिमा प्राप्त उजुरीहरू माथि यसै कार्यविधिको प्रक्रिया बमोजिम कारवाही गरिनेछ।

# अनुसूची-३

## बैठक, छलफल र अन्तरक्रियाका निर्णय अध्ययन/अनुगमन

अनुसूची४

घटना तथा समितिको अध्ययन, अवलोकन सम्बन्धी तस्वीरहरु

नवराज वि.क.











टिकाराम नेपाली











गणेश बुढा











सन्जिव वि.क.











लोकेन्द्र सुनार











गोविन्द शाही











अनुगमनका क्रममा लिएका केही तस्बीरहरू



























## अनुसूची ५

## लासजाँच प्रकृति मुचुल्का

## अनुसूची ६

## अभियोगपत्र

# अनुसूची ७

## जिल्ला अस्पताल जाजरकोटको पोष्टमार्टम रिपोर्ट

## अनुसूची ८

## जिल्ला प्रशासन कार्यालय, रुकुम पश्चिमबाट प्राप्त विवरण